सूचना र मनोरञ्जनको सँगालो

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

# साप्ताहिक

saptahik.ekantipur.com

● वर्ष २५ ● अंक ३ ● FRIDAY, 31 MAY 2019 ● काठमाडौं शुक्रबार, जेठ ... २ ● मूल्य रु. १५/-





# किन रहस्यकै गर्भमा छ दरबार हत्याकाण्ड ?

फोटो मोन्टाज

मध्यपृष्ठमा
श्रेया कार्की







free CONDITIONER WORTH NRs.152/-

JOY HAIR FRUITS

प्रत्येक ३४० एम.एल. जोय हेयर फ्रुट्स सेम्पुको खरिदमा रू. १५२ बराबरको जोय केराटिन प्रोटिन कन्डिसनर सित्तैमा*

Available in

Hairfall Defense
Conditioning Shampoo with Pomegranate & Strawberry

Hair Dryness Control
Conditioning Shampoo with Lemon & Olives

Long & Silky
Conditioning Shampoo with Apricot & Peach

Shining Black
Conditioning Shampoo with Amla & Black Grapes

www.joypersonalcare.com

*conditions apply

## YouTube ट्रेन्डिङ

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| सभ्यसची | गलबन्दी | दुई रुपैयाँ | नेला टिकेट | समाधी | सरस्वती लामाले | न्यू रिलिज्ड | भद्रगोल-२१२ | लोभी आँखा | छोराले गर्ने माया |
| च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल |
| आदित्य मुभिज | प्रकाश सपुत | हाइलाइट्सनेपाल | गोल्डमाइन्स | विराग खड्का | फिल्मीकुरा | लेटेस्ट सिनेमा | मिडिया हब | आफ्नो मन | माउन्टेन फिल्म्स |

## फोटो अफ दि विक



■ **राम्री सृष्टि** : मोडल तथा अभिनेत्री सृष्टि खड्का पोखरामा ।





■ **शिखरमा मेरो गाउँ मेरो ठाउँ** : पर्वतारोही फुर्बा तेन्जिङ शेर्पा सगरमाथाको १४ औं पटक सफल आरोहण गर्ने क्रममा मेरो गाउँ मेरो ठाउँ भिडियो च्यालेन्जको ब्यानर देखाउँदै ।



■ नेपालका लागि चिनियाँ राजदूत होउ यान्छी ललितपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष अजरमान जोशीसँग पाटन दरबार क्षेत्र अवलोकनका क्रममा ।

**तस्बिर : प्रशान्त माली**



■ **बधाई** : अमेरिकामै वैवाहिक जीवनमा बाँधिएकी अभिनेत्री बिनिता बराललाई बधाई । बिनिताले तिलक पौडेलसँग लगनगाँठो कसेकी हुन् ।




■ **लगनखेलको फोहोर** : साइनबोर्ड चाहिँ सफा छ है (जितु नेपालको वालबाट)



■ **बाइकमा सरर** : चितवनस्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियमको अवलोकनका लागि बाइकमा यात्रा गर्दै सीताराम कट्टेल धुर्मुस र कुलमान घिसिङ ।

## Twitter

सिके राउत वार्तामा आको जस्तै विप्लव वार्तामा आएर नेकपासँग एकीकरण गरे भने अहिले गोली ठोक्नुपर्छ भन्नेहरूले के गर्लान् ?

**अमृत**

कार्यकर्ता तीर्थराज घिमिरेको प्रहरीले गोली हानी हत्या गरेको विरोधमा विप्लव समूहद्वारा आह्वान गरिएको नेपाल बन्दका क्रममा विभिन्न ठाउँमा बम राख्नु, ट्रक, गाडी तथा स्कुल बसमा आगजनी गर्नु, प्रहरी चौकी अगाडि बम राख्नु, देशभर बम विस्फोट र आतंक मच्चाउनुलाई तपाईं के भन्नु हुन्छ ?

**रोहित**

सक्छौ भ्रष्टाचारीको टाउको र छातीमा गोली हान कमरेड विप्लव । धेरै सोझा नेपाली जनताले अकालमा ज्यान गुमाएका छन् । अब त शान्ति देऊ ।

**नेहा पौडेल**

विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका भोजपुर जिल्ला स्तरका नेता तीर्थराज घिमिरेको प्रहरीले गोली हानी हत्या गरेपछि सर्वत्र त्यसको विरोध भएको छ । ओली-प्रचण्ड सरकार फाँसीवादी भएको अनि दमनले विचारको आन्दोलन नरोकिने भन्दै मानिसहरू उक्त हत्याको विपक्षमा उभिएका हुन् ।

**नौलो बिहानी**

नेकपाको नाममा एक जना युवा तीर्थराजको प्रहरीले हानेको गोली लागेर उदयपुर र खोटाङको सिमानामा मृत्यु भएछ । राज्यले देशमा गृहयुद्धको तयारी गर्दै छ र ?

**शोभित आचार्य**

विप्लवसँग वार्ता भैरहेको भन्ने कुरा छ । हिम्मत भए उनैलाई गोली ठोके वार कि पार हुँदैन ? भातको जोहो गर्न क्रान्तिकारी बनेकाहरूलाई गोली ठोकेर देश समृद्ध हुन्छ ?

**काफल**

भोजपुरमा एक विप्लव कार्यकर्ताको सरकारले गोली हानि हत्या गरेको विरोधमा आज नेपाल बन्द रे ! हिजो आफ्नै कारणले बम विस्फोट भै ४ जना कार्यकर्ताको हत्या भयो ? अब यसको बदलामा विप्लवले के गर्दा हुन् ?

**नवराज त्रिपाठी**

गृहमन्त्री अहिले के सोच्दै होलान् नि ? हाम्ले पनि यसै गरेको त हो या विप्लवलाई भेटे भने तलबाट नाल छिराएर मुखबाट गोली निकाल्छु ।

**देविन्द्र काफ्ले**

बाहिर निस्कन नि डर छ बरै । विप्लव दाइको गोली नि निकै सस्तो भयो हौं ।

**हँसिली कान्छी**

अरूलाई पड्काउन सिलिन्डर चलाउँदा-चलाउँदै आफैं पड्किएका विप्लव कार्यकर्ता डाक्टर बन्न चाहन्थे रे । अरे यार, बम पड्काएर डाक्टर हुने त उही मुन्ना भाइ एमबीबीएसमा सञ्जय दत्तमात्र हो ।

**रुकेश दाहाल**

अब त ग्यास उद्योगहरूमा पनि सीसी क्यामेरा जडान गर सरकार ? कतै ग्यास नभरेर उद्योगीहरूले नै बम पो भर्छन् कि भन्ने शंका हुन थाल्यो ।

**सुवोध शेर्पाली**

बम बनाउँदा-बनाउँदै आफैं मरे पनि, पछि सिलिन्डर वा कुकर बम पड्केर सयौं अरू मरे पनि मर्नेहरू हाम्रै देशका नागरिक हुन् भन्देको भए टण्टै साफ हुन्थ्यो ।

**रूपनारायण ढकाल**

कमसल खालका सिलिन्डरलाई अघोषित सिलिन्डर बम नै भन्न मिल्छ होला नि ?

**हिप्पी कान्छो**

समाचार भन्छ बम विस्फोट । के कति सिलिन्डर बम थिए ? अर्को समाचार भन्छ- सिलिन्डर पड्किएको हो र २ प्लस १ को ज्यान गएको र केही घाइते । बम विस्फोट र सिलिन्डर विस्फोटको समाचारको प्रभाव त फरक हुन्छ नि । कुरो के हो ?

**सुरेश ढकाल**

विप्लव बम काण्ड र अष्ट्रेलियाको काण्ड दुवैमा कसैले कठैबरा भनेनन् । नेपाली समाज अलि कठोर भएछ क्यार ।

**राजीव न्यौपाने**

यो विप्लव भन्नेसँग सरकारले रवि दाइलाई वार्ता गर्न पठाए बम पड्काउन छाड्थे कि ?

**सरोज पिकेआर**

घट्टेकुलो बम काण्डमा मर्नि त आफूसँगै पढेको केटो पो र'छ । केटो विप्लव तिरथ्यो । एउटा साथी गुमाउँदा मन चैं खिन्न नै हुँदोर'छ ।

**काजी**

हिजो नै पड्काउने भनेर कैलाली मालपोतमा राखेको बम टाइमिङ नमिल्दा आजसम्म नपड्किएपछि विप्लव कार्यकर्ताले नै सुरक्षा निकायलाई खबर गरेको रे ? तरिका हो ?

**आर्यन**

विप्लवको पर्चामा लेखिएको छ-'राज्य आतंक र नागरिक हत्या विरुद्ध' । सैलुन चलाउने नाइ मार्ने, जताततै कुकर बम राखेर राज्य मात्र नभएर जनता आतंकित गर्ने कि आफैं सरकारमा बस्या छौं र यी नारा लेखेका । फर्क विप्लव अझै समय छ तर नाइ मारेर तिम्रो सोचले शिखर चुम्दैन ।

**ईश्वरजंग थापामगर**

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

# कान्तिपुर को करोडपति सिजन-३

बन्नै होइन त फेरि करोडपति?

## कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र लक्की ड्र बाट जित्नुहोस्

१० लाख – मासिक पुरस्कार

१ करोड – बम्पर पुरस्कार

१ लाख – साप्ताहिक पुरस्कार

* शर्तहरु लागु हुनेछन् ।

### पक्का पुरस्कार

• शिखर ईन्स्योरेन्सको रु.५ लाखको दुर्घटना बीमा • स्वास्थ्य बीमामा रु.७५० छुट

Shikhar Insurance Happysurance

स्क्र्याच कार्ड मार्फत् रु.२०० देखि रु.२५०० सम्मको छुटका साथै जित्न सक्नुहुनेछ

BALTRA एलइडी टिभी. | ASUS ल्यापटप | स्मार्ट फोन | ब्लुटुथ स्पीकर | वायरलेस हेडफोन | स्मार्ट वाच

**ग्राहक अवधि बाँकी रहेकाहरुले पनि समय बढाएर यस योजनामा सहभागी हुन सक्नुहुनेछ । "जति छिटो ग्राहक बन्नुहुनेछ, जित्ने मौका त्यति नै बढ्नेछ ।"**

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बनको लागि SUB<space> आफ्नो नाम टाइप गरी ३००० मा पठाउनुहोस (NTC प्रयोगकर्ताकालागि मात्र) । एस.एम.एस र अनलाईन सब्सक्रीप्सनका लागि २४ घण्टा भित्र विस्तृत विवरण सहित हाम्रा प्रतिनिधिहरुले तपाईंलाई सम्पर्क गर्नेछन् ।

कान्तिपुर | kathmandu post

टोल फ्रि नम्बर: १६६० ०१ २२२२२ (NTC), ९८०१ ५७ २२२२ (Ncell) काठमाडौं: शिशिर राज पाण्डे ९८४११६६७८४, राम कृष्ण घिमिरे ९८५१०९८९४४ चितवन: शंकर न्यौपाने ९८५६०४४१४० पोखरा: राजेश पौडेल ९८५६०२५८८५, नेपालगंज: अशोक श्रेष्ठ ९८५८०३०६७७, विराटनगर: अनुज लाल कर्ण ९८५२०२८१२३

We Accept
fonepay payments फटाफट


KANTIPUR DAILY | THE KATHMANDU POST

1 Open your mobile banking / eSewa app

2 Scan this code, confirm the payment details and make quick payment.

eSewa
www.esewa.com.np

कान्तिपुर गाथा



किशोर नेपाल

# थकाली खानामा नौलो आकर्षण

कान्तिपुर नेपालको राजधानी सहर मात्र नभएर एक प्रकारको आकर्षण हो । यो सहर नभएर उत्सव हो । परापूर्वकालदेखि यहाँ रहँदै-बस्दै आएका मानिसको आँखामा सधैं उमंगको ज्योति नाचिरहेको देखिन्छ । यहाँका मानिस भौतिक दुःखमा पनि रमाउँछन् र सुखमा पनि खुसी हुन्छन् । कान्तिपुर जात्रा मात्र होइन । यो प्रत्येक नेपालीका लागि उत्सवमय अवसर हो । ती नेपाली, जो अवसरको खोजीमा कान्तिपुरमा सहर भित्रिए, ती फर्किएर गएनन् । यहाँको तातो-चिसो तापक्रममा तात्दै, चिसिँदै र तात्दै ती यहींका आदिवासी भए । ती यहीं जन्मिए । यहीं मरे । फेरि, यहीं जन्मिए । सांस्कृतिक हिसाबले हेर्ने हो भने हामी एउटै धरातलमा उभिएका छौं । ललितपुरका राजा योगनरेन्द्र मल्लको सालिकको टाउको माथि उभ्याइएको चरो अहिलेसम्म पनि उडेको छैन । हामी सबैलाई थाहा छ, त्यो चरो कहिल्यै उड्दैन, तर देशमा त्यस्ता बित्पाते मानिसको पनि कमी छैन जो त्यो चरोलाई आकस्मिक उडाएर युरोप वा अमेरिकाको सयर गराउने र धनकमाउने 'सुअवसर' को खोजीमा छन् ।

कान्तिपुर सहरले बाहिरबाट आएका मानिसले ल्याएका कुनै पनि चलन, संस्कार, आनीबानी एवं सभ्यतालाई आत्मसात् गर्‍यो । देश सामाजिक तथा राजनीतिक हिसाबले खुला भैसकेपछि कान्तिपुर उपत्यकाले विशेष गरेर खानेकुरा र खानेकुरासँग सम्बन्धित ज्ञानको स्वागत गर्‍यो । उपत्यकामा ममचा थियो । त्यसको व्यवसायीकरण भयो । अहिले कान्तिपुरका कुनै गल्ली त्यस्ता नहोलान् जहाँ ममचा पसल नहोस् । ममचाका रूपहरू बदलिएका छन् । यसका किसिमहरू फरक छन् । आकार र नाम पनि फरक छन्, तर त्यो स्वाद नेपाली छ, नेपाली मनजस्तै । यस्तै अरू पनि खाना पाइन्छ सहरमा । तीमध्ये धेरै हराउन थालेका छन् भने धेरै देखिन पनि थालेका छन् । बारा, चटामरी, आलुतामा, सिम्पुजस्ता लोकप्रिय खानाहरू हराइसकेका छैनन् । ती परिकारको आधुनिकीकरण गर्नेतिर ध्यान दिने हो भने निश्चय पनि नेपाली परिवेश फराकिलो हुनेछ ।



तस्बिर : नवराज बाग्ले

कान्तिपुर सहरमा थुप्रै थकाली भान्छाघर खुलेका छन्, तर दाल-भात ख्वाउने सबै भान्छाघर आधिकारिक हिसाबले थकाली हुँदैनन् । आधिकारिक थकाली खाना र खाजा ख्वाउने भान्छाघर थोरै छन् कान्तिपुरमा ।

पछिल्लो दशकमा कान्तिपुरमा लोकप्रिय भएको खाना हो– थकाली । थकाली खानामा विशेष आकर्षण छ । हिमालको काखमा आनन्दका साथ बसेका थकाली समुदायको विशेषता दाल-भातमा छ । कान्तिपुर सहरका बासिन्दाको मात्र होइन, मेचीदेखि महाकालीसम्म, देशका सातै प्रदेशका मानिसको स्वादमा टक बसेको खाना हो थकाली । खानामा दाल-भातलाई सजाउने कला थकालीबाट नै सिक्न सकिन्छ । तरकारी र अचारको विविधता थकाली भोजनको सुन्दर पक्ष हो ।

कान्तिपुर सहरमा थुप्रै थकाली भान्छाघर खुलेका छन्, तर दाल-भात ख्वाउने सबै भान्छाघर आधिकारिक हिसाबले थकाली हुँदैनन् । आधिकारिक थकाली खाना र खाजा ख्वाउने भान्छाघर थोरै छन् कान्तिपुरमा । यो अभावलाई पूरा गर्न र कान्तिपुर निवासीलाई थकाली खानाको स्वाद चखाउन पोखराका केही व्यवसायी सहर पसेका छन् । 'ऋसरोड' थकाली भान्छाघरले पोखरामा नाम कमाइसकेको छ । चिप्लेढुंगा र लेकसाइडमा थकाली भान्छाघरको सफल सञ्चालनपछि कान्तिपुरमा एक महिनाअघि खोलिएको यो नयाँ आउटलेटले गति लिंदैछ । कुलरत्नमार्ग, कमलादीमा थकाली भान्छाघरसम्म पुग्ने बाटो अलिकति अप्ठेरो हुन सक्छ, तर गुगल नक्साले ठाउँ ठम्याउन सहायता गर्छ । कमलादी कान्तिपुरको बिजनेस डिस्ट्रिक्ट हो । यो हिसाबले पनि थकाली भान्छाघर व्यवसायिक बिन्दुमा छ ।

थकाली भान्छाघरले आफ्नो स्वास्थ्यको चासो राख्ने अहिलेको पुस्ताका लाागि उपयोगी परिकारको व्यवस्था गरेको छ । यसको एउटा रोचक प्रस्तुति हो : तीन थरी खाजा सेट । फापरको रोटीका यी खाजासेट सस्ता एवं स्वास्थ्यवर्द्धक छन् । पहिलो खाजा सेटमा दुईवटा फापरको रोटी, आलु साँधेको, भुटुवा, गोलभेंडाको चटनी, अचार तथा सलाद हुन्छ । यसको मूल्य पर्छ २ सय २५ रुपैयाँ । दोस्रो सेटको मूल्य ३ सय ५० रुपैयाँ छ । यसमा फापरको रोटीका साथमा आलु तारेको र मसरुम चिल्ली दिइन्छ । तेस्रो सेटमा फापरको रोटी, कुखुराको मासु, 'डोशेल' (राइस नुडल्स) दिइन्छ । यसको मूल्य ३ सय रुपैयाँ पर्छ । डोसेल सागमा मिसाएर दही, टिम्बुर तथा चूक हालेर बनाइन्छ ।

थकाली खानाका सौखिन र यसमा रुचि राख्नेहरूका लागि थकाली भान्छाघरले 'खा ढुंग' ख्वाउँछ । खा ढुंग खसीको आन्द्रामा रगत, कलेजो, फोक्सो इत्यादि भरिएको ससेजजस्तै खाना हो । थकालीहरूले फागु पूर्णिमाका अवसरमा टिम्बुरको छोपमा चोपेर खान्छन् खा ढुंग । यसको मूल्य छ ३ सय ५० रुपैयाँ । थकाली भान्छाघरमा पाइने अर्को परिकार हो– 'अलान्खू' । यो भेजिटेबल सुपमा फापरको डम्पलिङ्ग हुन्छ । यसको मूल्य पर्छ २ सय रुपैयाँ । थकाली भान्छाघरको अर्को प्रस्तुति हो, 'खिङ्गाप्ला' । थकाली भाषामा 'प्ला'भनेको तरकारी हो । दुर्गम लेकमा पाइने मेथीको सागबाट बन्ने यो स्वास्थ्यवर्द्धक तरकारीको मूल्य राखिएको छ २ सय ५० रुपैयाँ । 'रा स्याप्ला'थकाली भान्छाघरको अर्को परिकार हो । खसीको सुकुटीको तरकारी र भात यहाँको विशेष परिकार हो । यसको मूल्य पर्छ ५ सय ५० रुपैयाँ ।

थकाली भान्छाघर खाजा पसल मात्र होइन, यहाँ मानिसहरूले आफूलाई मनपर्ने मदिरा पिउन सक्छन्, बियरको आनन्द लिन सक्छन् । भान्छाघर फराकिलो छ । भित्रबाहिर गरेर सय जना मानिसलाई थकाली भोजनको स्वाद चखाउन सक्छ भान्छाघरले । थकाली खानामा एउटा बिशेष आइटम हुन्छ चेली सेट । परिवार सहित भोजनका लागि भान्छाघर जानेहरूका लागि चेली सेट सर्वोत्तम चयन हुनेछ ।

पाठक मञ्च

## महिला हिंसा र कानुनको कार्यान्वयन

तराई-मधेसमा दिनहुँजसो महिला हिंसाका घटना बाहिर आउने गरेका छन् । तराई-मधेसमा दाइजो महिला हिंसाको प्रमुख कारकका रूपमा देखिएको छ भने पहाडमा पनि महिलाहरूलाई विभिन्न किसिमका प्रताडना दिइन्छ । मधेसमा महिला हिंसाको प्रमुख कारण दाइजो प्रथालाई मान्न सकिन्छ । तराईतिर यो समस्या बढी छ । छोरीको विवाह गर्दा दाइजो दिनुपर्ने अवस्था छ जसले गर्दा छोरीलाई राम्रोसँग पढाउन पनि गाह्रो छ । अझ छोरीलाई बढी पढाए बढी दाइजो दिनुपर्ने अवस्था सिर्जना भएको छ । बरू कम पढाए कम दाइजो दिनुपर्छ भन्ने मानसिकता छ । यसले गर्दा महिला शिक्षामा ह्रास आएको छ । यति मात्र कहाँ हो र ? दाइजो दिइसकेपछि पनि छोरीलाई सुख छैन । उल्टै उनले मानसिक तनावको सामना गर्नुपर्छ ।

यसैगरी, पहाड तथा हिमालमा पनि दिनहुँजसो महिला हिंसाका घटना हुने गरेका छन् । त्यतातिरका घटना त्यति सार्वजनिक हुँदैन । पश्चिमी पहाडमा महिलाहरू सबैभन्दा बढी प्रताडित छन्- छाउप्रथाबाट । छाउगोठमा बस्दा कतिपय महिलाले अकालमै ज्यान गुमाउँदै आएका छन्, त्यस्तै बलात्कारका घटना पनि धेरै हुने गरेका छन् ।

महिला हिंसाविरूद्ध नेपालमा पनि कडा कानुनको व्यवस्था छ । यद्यपि के ती कानुन आएपछि महिला हिंसा न्यूनीकरण भएको छ ? किन संवैधानिक अधिकार महिलाले उपयोग गर्न सकिरहेका छैनन् ? बोक्सीको नाममा महिलाविरुद्ध हिंसा गर्नेलाई कानूनी कारबाही हुने भनिएको छ तर किन भैरहेको छैन ?

यो एक्काइसौं शताब्दीमा पनि हामीकहाँ महिला र पुरुष, छोरा र छोरीबीचको भेदभाव समाप्त हुन सकिरहेको छैन । नारी पुरुषभन्दा पनि बढी सक्षम हुन्छन् भन्ने कुरा विज्ञानले समेत सावित गरेको अवस्थामा नारीलाई तुच्छ मान्ने जो कोहीलाई पनि माफ गर्न सकिँदैन ।

नारीमाथि भएको अत्याचार, हिंसा, शोषण आदिका विरुद्ध हामी सम्पूर्ण नारी एकजुट भएर आवाज उठाउने बेला आएको छ । घर-घरमा यस्ता नारी हिंसाका घटना घटिरहेका छन् । आज अरूसँग घटेको छ भने भोलि हामीसँग पनि घट्न सक्छ । त्यसकारण त्यस्ता सामाजिक अपराधीहरूलाई बेलैमा खबरदार गर्नुपर्छ । स्वयं नारीले त्यसको प्रतिकार गर्नै पर्छ ।

नारी सहनशीलताको अझ परीक्षा नलेऊ भनेर सबैलाई होसियार गर्नुपर्छ । समयमै नारी हिंसाको अन्त्य हुन सकेन भने हाम्रो समाज विकृतिको बाटोमा पुगी रोगी हुनेछ । सरकारले पनि नारी हिंसाका घटना रोक्ने प्रयास गर्नुपर्छ । हुन त सरकारले महिला हिंसाका विरुद्ध कानुनहरू नल्याएको होइन, तर ती कानुन सशक्त रूपमा कार्यान्वयनमा आउन सकेका छैनन् । कानुन जस्तोसुकै आए पनि कार्यान्वयन नभएसम्म त्यसको कुनै औचित्य हुँदैन ।

**मीना गुप्ता**

हँसाउनु चानेचुने कुरा होइन । (स्ट्याण्डप कमिडी) हिजोका दिनमा हँसाउन र हाँस्न गाईजात्रा पर्खनुपर्थ्यो । कला भएपछि हँसाउने कलालाई नै व्यवसाय बनाएर मानिसहरूलाई सन्तुष्ट तुल्याउन सकिन्छ भन्ने कुरा नयाँ पुस्ताले प्रमाणित गरिदिएको छ । मात्र यति हो कि व्यवसायिक बन्न प्लेटफर्म युज गर्न जान्नुपर्छ ।

**गौरव ढकाल**

अवसर पाए नेपालीले गर्न सक्छन् (मेड इन नेपाल, मेक इन नेपाल) अन्तर्राष्ट्रिय स्तरको फेसन शोलाइ नेपाली उत्पादनले तताउनु सानो कुरा होइन । राज्यले काम गर्ने वातावरण बनाउन सके समृद्धि यस्तै स-साना कुरा मिल्दै जोडिने विषय हो । बाटो बनाउने र भत्काउने कुरालाइ मात्र समृद्धिसँग नजोडौं ।

**प्रतिमा थापा**

गण्डकी प्रदेशलाई प्रकृतिले न्याय गरेको छ । (गण्डकी प्रदेशमा १ सय १० पर्यटकीय गन्तव्य) जल पर्यटन र कृषिमा अब्बल यो प्रदेश अन्य प्रदेशको तुलनामा चाँडै समृद्ध हुनेछ, तर राजनीतिक नेतृत्वले सही मार्गमा अघि बढाउनुपर्छ । अन्यथा भाषणमा जतिबटै गन्तव्य भने पनि पर्यटकको मन तान्न सकेन भने काम छैन ।

**अशोक नेपाली**

मानिसहरूको बसाइँसराइ पहाडबाट तराइ तराईबाट सहर केन्द्रित हुँदैछ । (खुम्चदै गएको हाम्रो सहर) सेवा-सुविधाको खोजी मानिसको स्वभाव हो । नीति-निर्माताको बुद्धिको बिर्को खोलिएर जबसम्म नेपालको सबै भागमा विकास र अवसर पुग्दैन सहर कंक्रिटको जंगलमा परिणत भैरहन्छन् ।

**मौसम यादव**

खेलकुदमा सबैभन्दा फस्टाएको विधा क्रिकेट नै हो । (क्रिकेटको संवैधानिक संस्था भैदिएको भए) राज्यले गरेको लगानीको प्रतिफलभन्दा पनि खेलाडीको मेहनत नै यो सफलताको कारक तत्व हो । राजनैतिक खिचातानीले नछुने हो र राज्यको लगानी राम्रो हुने भए नेपालले वर्ल्डकप खेल्न गाह्रो थिएन ।

**विशाल खनाल**

तपाइले देखेको या भोगेको कुनै पनि समसामयीक विषयमा बढीमा ३०० शब्दमा आफ्नो विचार a ptahik@ km g.o m.np वा visa.kafle@kmg.com.np मा पढाउनुहुन अनुरोध छ । उत्कृष्ठ विचारलाइ आगामी अंकमा स्थान दिनेछौ ।

दस्तावेज








# दरबार हत्याकाण्ड

## प्रत्यक्षदर्शीले के देखेका थिए ?

**२०५८ जेठ १९ गते राति अर्थात् पर्सीबाट ठ्याक्कै १८ वर्षअघि तत्कालीन राजा वीरेन्द्रको वंशविनाश हुने गरी नारायहिटी दरबार हत्याकाण्ड भयो । राजपरिवारकै वंशविनाश हुने गरी भएको उक्त हत्याकाण्ड नेपाली इतिहासको सबैभन्दा ठूलो हत्याकाण्ड हो । दरबार हत्याकाण्ड भएको दिन शाही परिवारमा हरेक महिनाको तेस्रो शुक्रबार हुने 'शुक्रबारे पार्टी' थियो । त्यसमा तत्कालीन राजा वीरेन्द्र वीरविक्रम शाह, बडामहारानी ऐश्वर्या राज्यलक्ष्मी देवी शाह, युवराज दीपेन्द्र वीरविक्रम शाह, अधिराजकुमारी श्रृती राज्यलक्ष्मी शाह तथा अधिराजकुमार निराजन शाहबाहेक शाही परिवार तथा नातेदार गरी २१ जना सहभागी थिए । जसमा १० जनाको हत्या भएको थियो भने केही घाइते भए। अहिलेसम्म पनि रहस्यमय मानिने उक्त दरवार हत्याकाण्डका केही प्रत्यदर्शीहरुले घटनाका सम्बन्धमा छानविन गर्न गठित तत्कालीन प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायको अध्यक्षतामा गठित उच्चस्तरीय छानविन समितिलाई बयान दिएका थिए । उनीहरुमध्ये केही प्रत्यक्षदर्शीको बयान :**

### पारस वीरविक्रम शाह



**समिति : राजदरबारमा १९ गते भएको जुन पारिवारिक जमघट थियो, त्यसमा सरकारको उपस्थिति छ भन्ने जानकारी हामीलाई प्राप्त भयो । त्यसबाट सरकारले के नजर गरिबक्स्यो, के अनुभव गरिबक्स्यो ?**

**जवाफ** : हामी पुग्यौं त्यहाँ त्यस्तै अन्दाजी साढे ७ भन्दा अलि ढिलो पुग्यौं । हामी त्यही ७:४० तिर पुग्यौं, सबै जना आइसकेका थिए । मुमा, म, बहिनी, हिमानी र हामी अलि ढिलो पुग्यौं । पुग्दाखेरि अ... युवराजधिराज अलिकति ककटेल ज्यूनार भैसक्या जस्तो थियो । अनि के खाने भनेर सोधिस्यो । मैले कोक मात्र खाने विचार गरें ।

ए कोक मात्र खाने ! म त ह्विस्की खाएर बसेको छु हुकुम भयो । त्यतिबेलासम्म ठिक्कै होइबक्सन्थ्यो, एकदमै लागेको जस्तो गरिबक्सी राखेको थ्यो । अ... कुरा गर्दाखेरि के भो भन्दाखेरि हैन यही विवाहको कुरा भैरहेको छ, मुमासँग पनि कुरा गरें । आफूमुमासँग पनि कुरा गरें अनि, दुवै जनाले हुन्न भन्नु भयो । अब आइतबार बुबासँग कुरा गर्छु हुकुम भयो । त्यति कुरा भैराखेको थियो, त्यत्ति हुँदा हुँदै आठ बज्यो । सबै जनालाई ड्रिंक्स सिंक्स टक्राइबक्स्यो ।

आठ बज्यो आफूमुमा, मुमा बडामहारानी सवारी होइबक्स्यो, फेरी सरकारबाटै सवारी चलाइबक्सेको, फेरी ... ड्रिंक्स दिइबक्स्यो, अनि यस्तै साढे आठतिर महाराजाधिराज सवारी होइबक्स्यो । अफिस सकेर सवारी होइबक्स्यो, त्यतिबेला दाइ हामीसँग भित्र होइबक्सन्थ्यो । जहाँ घटना भयो त्यही कोठामा होइबक्सन्थ्यो । एकदमै लागेको जस्तो ढलिबक्स्यो, बेहोसै होइबक्सेको जस्तो सुकला नै भयो, त्यही भुइँमै सुकला भयो, म, गोरख, निराजन र राजीव भएर उठाएर लगेर सरकार यहाँ त मिलेन ठूलो बुबा सवारी होइबक्स्यो, अब यसो यस्तो कति छ .... छ माथि सवारी चलाउँछौं भनेर हामी चार जना भएर माथि खोपीमा सवारी चलायौं, त्यो खोपीमा लगेर गद्दीमा त सुकला गराउन पाइएन । गद्दीको मुन्तिर सानो ओछ्यान छ त्यहीं नै सुताएर फर्कियौं हामी ।

करिब साढे आठ, जस्तो भा'थ्यो, साढे आठ त्यस्तै ३१-३२ होला । हामी तल आयौं । बत्तीसत्ती निभाएर तल आयौं । तल आएपछि अब महाराजाधिराजको भित्रै, मुमा बडामहारानी सरकार जहाँ राज होइबक्सेको थ्यो त्यहीं नै हेलेन शाहसँग मिटिङ भैराखेको थियो । हामीले दर्शन गर्न पनि पाएको थिएनौं, म बाहिर कुरेर बसिराखेको थिएँ, त्यहाँ भित्रको मिटिङ आधा घण्टा जति चल्यो होला, मेक्सीमम आधा घण्टाजति । त्यसपछि हामी दर्शन गरेर यता आयौं । महाराजाधिराज सरकार र मुमा बडामहारानी सरकार पनि यतै सवारी भयो । त्यही कोठामा जहाँ यो घटना भयो, त्यही कोठामा सवारी भयो । भर्खर ड्रिंक्स लिई बक्सेको थियो, महाराजाधिराज सरकारले ।

हामीले चियर्स पनि गरेको छैनौं, भर्खर ड्रिंक्स लिई बक्सेको थियो, त्यसबीचमा अब हामीचाहिँ एकापट्टि कुनामा थियौं हजुर, देखिएन युवराजधिराज सवारी भएको । अ... हामीले युवराजधिराज सवारी भएको देखेनौं, हामी कुनामा थियौं । मैले त यो.....

**समिति : कुना भनेको त्यो बडामहारानी सरकार राज भएको कुर्सीतिर ?**

**जवाफ** : होइन क्यारेमबोर्ड छ नि ।

**समिति : त्यो वारको पछाडि ?**

**जवाफ** : हो, बारको पछाडि त्यो... कुनामा हामी बस्ने कुना त्यही हो । हामी Youngs हरूको, अब त्यहाँ उताबाट चुरोट-सुरोट समाएको नदेखियोस् भनेर त्यो कुनामा हामी धेरै जस्तो बस्ने त्यही कुनामा हो । अनि त्यहाँ मैले सवारी भएको कोही देखेको थिइन, मैले सवारी भएको भनेको थाहा पाएको पहिलो बन्दुक पड्केपछि थाहा पाएँ । गड्याङ्ग गर्‍यो, त्यत्ति ३ राउन्ड जति फायर भएको छ । पहिले सवारी हुनेबित्तिकै ३ फाएर भएको छ । एउटा माथि छ, एउटा सिधा छ । त्यसरी दागि बक्सदाखेरि एउटा सिधै गएको छ, एउटा माथि गएको छ । ३ राउण्डजस्तो लाग्छ मलाई ।

महाराजाधिराजले के गरेको मात्र हुकुम भएको थियो ड्याङ्ग-ड्याङ्ग एउटा यस्तोमा एउटा यस्तोमा । महाराजाधिराज ढलिबक्स्यो । म र डाक्टर राजीव सँगसँगै । दुई जना कुदेर गयौं । डा. राजीवचाहिँ महाराजाधिराज भएको ठाउँमा कुद्न भ्यायो, मलाईचाहिँ अधिराजकुमारी शोभाले जानै दिन बक्सेन, तिमी त्यहीं बस हिड्ने होइन, हुकुम भयो । त्यही नै मैले पछाडि फर्केर बहिनीहरू सबै जनालाई ढल्नलाई सुत तिमीहरू यहाँ भने । यहाँ वाङ्ग वाङ्ग पड्कन थालिसक्यो सबै जना सुत भनेर त्यो लाइन क्रोसियरमा सबैजनालाई राखें । उता दुई जना सिनियर मेम्वरहरू पनि महेशकुमार र रविशमशेर दुवै जना मेरै छेउमा हुनुहुन्थ्यो । दुवै जनालाई पनि मैले लाइन क्रोसियरमा राखें ।

यत्तिमै युवराजधिराज सरकार, फेरि फर्केर सवारी भयो । मैले देखेको चाहिँ हजुर, महाराजाधिराजलाई हानिबक्सेको देखें । धीरेन्द्र सरकारलाई हानी बक्सेको देखें, बाबा enough, you done enough damage भनेर second time फर्केर जाँदाखेरि, धीरेन्द्र सरकारले के हुकुम भयो भने you done damage हुकुम भयो । त्यति हुकुम हुँदाखेरि ड्याङ्ग ड्याङ्ग अर्को एउटा यस्तोमा लागेको छ । एउटा हो कि दुइटा त्यो पनि धीरेन्द्र सरकारलाई, राम्रोसँग सम्झन सकेको छैन । ढलिबक्स्यो । धीरेन्द्र सरकार ढलिबक्स्यो, ढलिबक्से बित्तिकै त त्यसपछि त अरूहरू मान्छेहरू त one after another को ढल्यो को ढल्यो त्यसपछि राम्रोसँग भन्न सक्दिन । म पछाडि फर्केर बहिनीहरू सुताउन थाली सकेको थिए, अँ... मैले ढलिबक्सेको देखेको महाराजाधिराज ढलिबक्सेको देखें यता, कुमार खड्ग ढलिबक्सेको थियो, उता कुमार गोरख ढलेको देखें ।

त्योचाहिँ First मै ठूलो बुबा सँगसँगै ३ जना ढलेको छ । त्यो First Automatic weapon MP-5 को फाएरले ३ जना ढलेको छ । बाहिर सवारी भयो, फेरी फर्केर सवारी भयो, त्यसपछि त्यो सानो weaponMP-5 automatic त्यो फालिबक्स्यो, त्यो weapon महाराजाधिराज सरकारले टिपिबक्स्यो । त्यो weapon टिपिबक्सेको थियो । अधिराजकुमारी शोभा सवारी भएर त्यो weapon लिई बक्स्यो, म्यागजिन पनि झिकिबक्स्यो । त्यही भुइँमा राख्दिबक्स्यो त्यो । अब के भन्ठानिबक्स्यो भने त्यही एउटा मात्र होला भन्ठानिबक्सेछ । दाइले चाहिँ अरु पनि बोकिबक्सेको मैले पनि देखेको हो । अरु तीनवटा बोकिबस्केको थियो, चारवटा थियो weapon । एउटा चाहिँने बन्दुक लेफ्ट साइडमा थियो hand gun, hand gun । ह्यान्ड गन चाहिँ Left side मा थियो । दाहिने बगलीमा MP5 थियो । भिरिबक्सेको Shot Gun र एम १६, त्यो Automatic हो । भ्यार्रर गरेर ठूलो बुबालाई हानिबक्स्यो, कान्छो बुबालाई पनि हानी बक्स्यो, यता खड्ग विक्रम ढलिबक्स्यो उता गोरख ढल्यो । त्यो first attack मै कता कता दागेर बाहिर सवारी भयो । त्यसपछि हामी त कुनैमा थियौं । बाहिरपट्टि के भयो मैले त देखिन फेरी भित्र सवारी भयो । सवारी भएर ठूलो बुबालाई ....

**समिति : समयको त्यस्तो कुनै लामो ग्याप त हैन ?**

**जवाफ** : छैन, एक मिनेट पनि छैन, ३० सेकेन्ड होला म्याक्सिमम, म्याक्सिमम भए ३० सेकेन्ड, भित्र-बाहिर भित्र-बाहिर गरिबक्स्यो । सवारी भयो ठूलो चाहिँ बन्दुक एम १६ एम १६ ले पहिले नै ठूलो बुबाको माथमा हानिबक्स्यो, त्यस पछि यता सवारी भयो, खड्ग फुपाजु ढलिबक्स्यो, कुमार खड्ग त्यो वारको ठ्याक्कै तल ढलिबक्स्यो ।

उतापट्टि गोरख, ठूलो बुबा बीचमा स्नुकर बोर्डको तल गोरख ढलिराखेको थियो, ... श्रुति, त्यसपछि श्रुति मैले आएको देखिन, गोरखलाई गएर बाबा तिमीलाई पनि लाग्यो भनेको देखें । त्यो गएको बेला उताबाट फर्किबस्क्यो, युवराजधिराज सवारी भयो, यतापट्टि ढलीराखेको थियो हजुर, पहिले कुमार खड्ग ढलेकोमा अधिराजकुमारी शारदा सवारी भो । तिमीलाई के भयो तिमीलाई के भयो भनेर सवारी भै माथिपट्टि सुतिबक्स्यो, खड्ग फुपाज्यूको माथि ढलेर कवर गरिबक्स्यो । युवराजधिराज सवारी भयो ड्याङ्ग-ड्याङ्ग point blank ड्याङ्ग-ड्याङ्ग-ड्याङ्ग यस्तो घारीबाट देखेको त्यही देखेको । त्यो भएको म यताको कुनाको मेचमा त्यो वारको मूनिबाट त्योचाहिँ राम्रोसँग देखेको हो मैले । ड्याङ्ग हानिबक्स्यो । त्यो गोली आएर यतापट्टि कार्पेटमा लागेछ ।

पृष्ठ ६ मा

पृष्ठ ५ बाट

मेचको यतापट्टि काठमा लागेर मेरो साइडमा महेश कुमारलाई राखेको थिएँ मैले, त्यो गोली उछिट्टिएर गएर उसको यस्तोमा लागेको हो । अब त्यस पछि फेरी बाहिर सवारी भएको हो कि मैले राम्रोसँग सम्फन सकिन, बाहिर सवारी भए जस्तो लाग्छ, दुई-तीन चोटी गरिबक्स्यो भित्र-बाहिर, Third time सवारी हुँदा चाहिँ यता ...अ... शाहज्यादी जयन्ती दिदी, केतकी अ... श्रुति ३ जनालाई हानी बक्स्यो । श्रुतिलाई Third time ...। अनि बाहिर सवारी भयो युवराज सरकारचाहिँ मैले त्यसपछि, यता कुनामा सवारी भयो, त्यो अग्लो मेच जस्तो छ नि हजुर, त्यो, कुनामा सवारी भयो, त्यसपछि डाइरेक्ट नजरमा हामी पर्‍यौ ... के गरिबक्स्या हजुर ... हामी ... के गरिबक्स्या please ...... गै बक्स्योस भनेर बिन्ती जाहेर गरें मैले । नत्र भए सबै जनालाई हानेको भए म थिएँ, महेश मेरो पछाडि थियो, रवि उतापट्टि ठ्याक्कै बारको मुनि थियो । अ... महेशको पछाडि मेरी बहिनी छ । पछाडि मेरी वाइफ थिइन, मेरी वाइफ पछाडि मेरा ३ जना बहिनीलाई राखेको थिएँ, लुकाएर राखेको थिएँ । एउटी बहिनीलाई चाहिँ त्यो सोफा जस्तो छ त्यसको पछाडि राखेको थिएँ ।

एकदमै कभर गरेर राखेको थिए मैले । मैले चाहिँ दाइसँग के गरिबक्स्या हामी यस्तो यहाँ त हामी मात्र छौं please .... one by one सबैलाई हेरेर छोडेर बाहिर लागिबक्स्यो, त्यसपछि थाहा भयो हामीलाई हानी बक्सेन भनेर । म उठेर गएँ । त्यहाँ अरु मान्छे ढलिरहेका थिए । के के भा'छ भनेर म कान्छो बुवाकोमा गएँ । पारस मेरो खुट्टा चलाउ मेरो खुट्टै चलेन अं... मेरा खुट्टा खुम्च्याउन सक्दिन खुट्टा चलाइदेऊ भनिबक्स्यो । अलिकति चलाएँ, फिल गर्न सकिबक्सेन ।

त्यसपछि यता केटाकेटीलाई हेर भन्नुभयो, मैले त मेरी मुमा ढलेको पनि देखेको छैन । मुमा पनि देखेको छैन, यता अधिराजकुमारी शान्ति पनि देखेको छैन, उता... बडामहारानी सरकार निराजनको त बाहिरै कुरा भयो मैले त्यति देखेकै छैन । त्यति बेला हेर्दा खेरि मुमा भर्खर उठिबक्सिरा'थ्यो, ढली बक्सेको । मुमा तल होइसिन्थ्यो । अधिराजकुमारी शान्ति माथि होइसिन्थ्यो । मुमाचाहिँ घचडेर उठिबक्सेको देखें । मैले हेल्प गरेर उठाएँ मुमालाई । .... म ठीक छैन, म ठीक छैन भन्नुभयो, माथबाट पनि रगत आइराखेको यस्तो समातेर बसिबक्स्या थ्यो । माथको रगत अधिराजकुमारी शान्तिको रगत रहेछ । मैले त माथमा लागेछ भन्ठानेको थिए पहिले ।

त्यति गरेपछि कहाँ लागेको छ भन्दा यहाँ लागेको छ हुकुम भयो, माथ पनि चेक गरें मैले, केही पनि छैन । त्यसपछि म दौडेर गएर यता मुमा बडामहारानी सरकारकहाँ गएँ । मैले बाहिर पनि फायरिङ सुनेको थिएँ । मैले त उता भन्ठानें, मुमा बडामहारानी सरकारको खोपीमा भन्ठानें । दौडेर त्यहाँ गए त्यहाँ त केही पनि भएको छैन । त्यहाँ यस्तो यस्तो भयो भनेर जाहेर गरें, त्यतिबेलासम्म फायरिङ सकिसकेको थियो, म जाँदा मुमा बडामहारानी सरकार ...

**समिति : मुमा बडामहारानी सरकार भनेको उता सानो बैठकमा** ...

**जवाफ** : उता सानो बैठक, बाहिरपट्टी त्यहाँ होइबक्सन्थ्यो । त्यहाँ जाँदासम्म firing बन्द भएको थियो । जब म मान्छेहरूलाई हेर्न गएको थिए त्यो बेलासम्म फायरिङ भैराखेको थियो । बाहिर ... त्यो चौरमा फायरिङ भैराखेको थियो । लास्ट भएकै चौरमा हो । त्यसमा पनि के भयो म केही भन्न सक्दिनं । मैले देखेको होइन । कसलाई हानिबक्स्यो, त्यहाँ कसरी घटना भयो, त्यो पहिले कसलाई हानिबक्स्यो, पछि कसलाई हानिबक्स्यो मलाई थाहा छैन । मैले त मुमालाई लागेको देखेको होइन, अहिले कुरा सुन्दाखेरि बाहिरबाट हानीबक्सेको मुमालाई पछाडि दुइटा बाहिरबाट हानिबक्सेको मात्र सुनें । त्यो मलाई थाहा छैन मैले नदेखेको कुरा म भन्न सक्दिन । मैले देखेको कुराचाहिँ यति हो । मैले त्यसपछि मान्छेहरूलाई हेरें, सबैजना ढली राखेका छन् । खुट्टा चलाई देऊ भन्नुभयो । पाउ चलाएँ, सिधै हेर्न सकिदैन यता केतकी फुपूलाई हेर भन्नुभयो, कान्छो बुबाले । दौडेर आफू मुमा कहाँ गएँ मुमा बडामहारानी सरकारका ३ जना होइबक्सन्थ्यो, त्यहाँ केही पनि भएको छैन । बाहिर दौडेर ए.डि.सी.हरूलाई भित्र ल्याएँ । एडिसीहरू बाहिर गए, बाहिर जाँदाखेरि ... हरू ठ्याक्क आइरहनुभएको थियो ।

म बाहिर पुग्नु र ADC हरू आइपुग्न almost सेम टाइम थियो । अनि त्यहाँ बाहिर गएर के भने यो भित्र मरेका मान्छे पनि छन्, घाइते मान्छेहरू पनि छन् । मरेका मान्छेहरूलाई छाडदेऊ । घाइते मान्छेहरूलाई दौडाइहाल पहिले, भित्र लगें घाइते मान्छेहरू सबैलाई पहिले उठाएर one by one सबै जनालाई जो-जो पहिला गए जो-जो हाल्न सकें पठाएथें, ५-६ मर्डर थिए । जो-जो आए हाल्दै पठाउँदै थिएँ । अब दाइ, बडामहारानी सरकार र भाइलाई भेटाउन, गएको तिमीहरू खोज भनेर ३ जना । दाइको एडिसी he shot himself, he shot himself भन्दै आयो ।

त्यसपछि भाइ कहाँ भन्दा भाइलाई पनि हानिबक्स्यो । ठूलोमुमा खोइ, ठूलो मुमालाई पनि डाउन, सबै जना डाउन ठूलोमुमाको chance नै छैन भनेर उनीहरूले मलाई भने । मैले देखेको होइन, ठूलोमुमाको चान्स छैन, दाइचाहिँ ऐया ऐया गरेर लडिबक्स्या थ्यो, माथमा लागेको थियो । ल हाल भनेर दाइ र भाइलाई चाहिँ मैले सँगै हालेर दाइको एडिसीले हाल्यो, म अगाडी बसे, पछाडि एकजना ड्राइभरले दाइलाई समाइराथ्यो र भाइलाई समोतेको थियो पछाडि अर्को एक जना थियो । दुइजना चाहिँ म र दुईजना एडिसी अर्को एक जना ड्राइभर भएर अस्पताल पुर्‍याको । त्यतिवेला महाराजाधिराज सरकारको सवारी चलाइसकेको थियो । .... सबैभन्दा पहिले त सुन्दर भन्ने एडिसी छ, त्यो गर्दा ऊ आयो, उताबाट घुमेर आयो त्यहाँ त फायरिङ भैराखेको थियो । उसले अरु मान्छे ल्याउन सकेन, उताबाट बाहिर घुमेर फायरिङ भैराखेको थियो, उता ढोकाको शिशा फुटाएर मैले आऊ भन्दिएँ । यो फुटाएर भित्र आएर ठूलो बुबा महाराजाधिराज सरकारलाई लग्यो, महाराजाधिराज सरकारलाई पहिले लगेको हो ।

यो राजीव कहाँ थ्यो के थ्यो, राजीव गएको पनि देखेको छैन, हजुर, म पछाडि थिएँ यता मान्छेहरू हेर्दै थिएँ, राजीव गएको मैले देखेको होइन, सबैभन्दा पहिलाचाहिँ महाराजाधिराज सरकारलाई लिएर गएको । त्यसपछि म मान्छेहरूलाई हेर्न गएको । एडिसी हरूलाई मैले नै बोलाएर त्यो सिसाको ढोका फुटालेर महाराजाधिराज सरकारको सवारी चलाएँ । मैले देखेको त यत्ति नै हो ।

**समिति : सरकारले कति** weapon use **भएको देखिबक्स्यो** ?

**जवाफ** : मलाई जहाँसम्म लाग्छ एउटा एम १६ युज भएको छ । Glock युज भएको छ । चारवटा युज भएको छ । मैले त्यो 12 bore फायर गरेको देखेको छैन । त्यसको फायर देखेको होइन मैले । अरुचाहिँ फायर भएको देखेको छु । यो एम १६ फायर भएको देखेको हुँ ।

**समिति : युवराजधिराजको कसरी छ** ?

**जवाफ** : मैले सुने अनुसार दाइले आफूलाई हानिबक्स्यो, ब्रिजमा हानिबक्सेको ।

**समिति : यसको पछाडि के कस्तो कारण** ?

**जवाफ** : यो विवाहकै कारण हो हजुर । मलाई जहाँसम्म लाग्छ, विवाहकै हो । यो पोहोर जन्मोत्सवमा सुरु भएको कुरा हो । पार्टी भएपछि पार्टी भएको त्यही ठाउँमै त्यही ठाउँमा भएको कुरा हो । त्यहीं नै हामी आएर कुरा गर्दाखेरि जो जो against अघि जो जो with अब भाई र म with जहिले पनि बीथ । दाइको त हामी जे-जे हुकुम हुन्छ त्यही गर्ने मान्छे । भाई र म with थियौं । अब राजिव त डा. with भयो, श्रुती, गोरखहरू र अरु बहिनीहरू against थियो विवाहकोमा । मेन कुरा यही नै जस्तो लाग्छ ।

**समिति : तर त्यो दिन त्यहाँ त्यो कुरा चल्यो कि चलेन** ?

**जवाफ** : म संग कुरा गरिबक्स्या छैन । मैले अघि तपाईंलाई भनेको जस्तो म जानेबित्तिकै के मर्जी भयो भने मलाई मुमासँग पनि कुरा गरें, आफू मुमासँग पनि कुरा गरें, नहुने भयो । अब म बुबासंग आइतबार दर्शन पाउँछु, त्यो बेला कुरा गर्छु, त्यत्ति मात्र हुकुम भा'थ्यो मलाई ।

**समिति : राम्रो मुड थियो** ?

**जवाफ** : लागेको जस्तो थियो । एकदमै राम्रो थियो मुड । त्यस्तो होला भन्ने केही सोचेकै थिएनौं हामीले । एकदमै जोक गरी बक्सेको जस्तो सबैलाई हँसाइबक्सेको थियो, त्यहाँ तल होइबक्सँदासम्म त ।

**समिति : सरकारलाई माथि कसले पुर्‍याएको** ?

**जवाफ** : हामी चारजनाले पुर्‍याएको । एक जनाले त कहाँ सक्नु ?

**समिति : बोकेरै लगिबक्स्यो** ?

**जवाफ** : दुईजना साइडमा म पछाडि यसरी उचालेर गोरख र भाइले, अं... राजीव र भाइले दुईजना साइडमा मैले पछाडि समाएर माथि लग्यौं । गोरख होइन, गोरख पछि-पछि आउँदै थियो ।

**समिति : तल सुताइवक्स्यो** ?

**जवाफ** : तल, मेन गद्दीमा त सुताएनौं, तल सुतायौं । मैले भाइलाई भनेको वेपनहरू फिक लैजाऊ, अप्ठ्यारो हुन्छ फिक ।

**समिति : त्यो कोठाबाट** ?

**जवाफ** : कोठाबाट । माथिको कोठाबाट । जुन मेन गद्दी थियो, त्यो गद्दी भन्दा तल अर्को एउटा बेड ... ऊ ... ग्राउन्ड बेड जस्तो त्यहाँ सुताएर हामी तल आएको ।

**जवाफ** : वेपन्सहरू ?

**जवाफ** : वेपन्स अब त्यो, त्यस्तो त बोकिवक्सेको छैन । एमपी ५ र मैले देखेको छैन कहाँ थियो । अँ... अनि एम १६ चाहिँ त्यो तखताहरू छ नि, जाने बित्तिकै तखताहरू जस्तो छ ।

**समिति : त्यसमा कार्टिजहरू पनि निस्किराखेको थियो** ?

**जवाफ** : हो, त्यो तखतामा छ । त्यो होला ..अँ... बट्टाभित्रै बक्स भित्र नै थियो । त्यो तखतामा नै देखेको थिएँ मैले । त्यो चाहिँ एम १६ । ... म चिन्छु हजुर जहिले पनि चलाइबक्सिराखेको हो । अब यस्तो हुन्छ भनेर कसले भन्न सक्ला र ?

**समिति : अरू सम्भिनुपर्ने त्यस्तो केही बाँकी छ** ?

**जवाफ** : म त्यही सम्फन खोजिरहेको छु । त्यो यस्तो छिटो भैद्याथ्यो कि सबै कुरा मैले गर्न सकेको काम गरेको हो । अब सक्नेजति गरेको हो । बचाउन खोजेको हो मान्छेलाई । त्यही पनि अरु पनि बचाउन सक्थें कि जस्तो लाग्छ । आफूलाई अहिले, सोच्दाखेरि । जे जति गरें त्यो कम भयो जस्तो लाग्छ

## शोभा शाही

**समिति : त्यहाँ जे अनुभव भयो, जे-जे भोगिबक्स्यो, जे देखिबक्स्यो सम्पूर्ण बताइबक्स्योस् ।**

**जवाफ** : त्यो त हाम्रो फ्राइडे, थर्ड फ्राइडेको इट वाज अ नर्मल ग्यादरिङ, हाम्रो जहिले पनि हुने ग्यादरिङ हो महाराजाधिराजले बोलाइबक्सेको । त्यसमा केही पनि नो आर्गुमेन्ट, नो डिस्कसन, इट वाज जष्ट ग्यादरिङ... कुरा केही भएको छैन । सबै जनालाई उहाँले नै ड्रिंक्स बक्स्यो । त्यसपछि मम्मीलाई लिन सवारी भयो । त्यसपछि मम्मी पनि सवारी भयो । त्यसपछि एकछिनपछि महाराजाधिराज सवारी भयो । त्यसको एकछिनपछि महाराजाधिराज सवारी होइबक्सेपछि हामीहरू एउटा कोठामा थियौं । उनीहरू बिलियर्ड रुममै थिए । त्यसपछि यतापट्टि मम्मीहरूसँग कुरा गरिबक्सेर र हामी सबैजना यता कुरा सकेर सबैजना बिलियार्ड घरमै आयौं । त्यतिबेला क्राउन प्रिन्स त्यहाँ थिएन । हि ह्याड जस्ट टेकन अ ड्रिक... भाइ र म कुरा गर्दा भाइले चाहिने चारजनाको ग्रुपले माथि कोठामा लगेको छ भन्यो । मैले त होला भन्ठानें । त्यहाँबाट निस्किएपछि बिलियार्ड हलमा आइहाले । एकैछिन पछि चाहिँ यो एकछिन पछि त विल्कुल कम्ब्याट क्लोथ लगाएर ....(गला अवरुद्ध) ....यत्रो गन, कुरा सुरा केही छैन, सबैजना बन्दछौं वरिपरि त्यसैमा ड्याररं भएको थियो । त्यो गरेपछि अब हाम्रो विचारै छैन । that he intended to k ll भनिकन त हाम्रा विचार छैन mis-fire भन्ठान्या, मैले त mis-fire भन्ठाने । वीरेन्द्र दाइ लडिबक्स्यो । मैले गएर उहाँलाई समातें । राजीव पनि आएर हेल्प गर्‍यो । कहाँ हान्यो कहाँ लाग्यो मलाई थाहा छैन । खाली छिर्का मात्र देखे मैले । वीरेन्द्र दाइ was s anding. He tried to get up. And he was holding a... यो छोडिबक्स्योस् भनेर मैले ट्याप्प थुतें । म्याग्जिन आयो, मैले फालिदिए । एकछिपछि ड्याम्म, दिज्यू बाहिरबाट दौडँदै आउनुभयो । कहाँबाट बाहिर सवारी भएको रहेछ सानी दिज्यूको । बाहिरबाट ड्याम्म बाहिरै ढोकाबाट हान्दाखेरि माइली भाउजू ढल्नुभयो । त्यसपछि यसो हेर्दा गोरखलाई पनि गोली लागिसकेको रहेछ ।

ए, पर सर, पर भन्दै थिएँ म । ल फेरि स्वामस्वाम भित्र आइदिए पछि त धीरेन्द्रले ए बाबु that's enough के भनेको थ्यो, उसलाई पनि ड्याम्म हानिदियो । बाहिर यसो गरिकन he was back एउटा मात्र गन लिएर फरेपछि उ स्वात्र्याम्म त्यही । त्यसपछि दाइ ढल्ने बित्तिकै श्रुतिले ए बुवा, बुवा भनेकी थिएँ, हस्प्यान्डलाई पनि देखेर ए बा तिमीलाई पनि लाग्यो भनेर हस्प्यान्डतिर गै । श्रुति मैले हेर्दाखेरि त्यही लड्या । त्यसको एकैछिन पछि त भाइ लाई हानेपछि यता फर्केर बहिनी चाहिँलाई हान्छ । बहिनीचाहिँलाई हानेपछि फेरि महाराजाधिराजलाई, महाराजाधिराज ढालिबक्स्यो । ....(रुदैं)....He was only stand…it was the…fight movement पछि he tried to get-up । अनि म त यता फर्किएँ । ...राजीव चाहिँ भाग्यो । ...(गला अवरुद्ध भएकाले बुझ्न नसकेको)....अब ऊ त दौडेर उता गयो आर्मीको मान्छे त आए नि । मचाहिँ अब यता फर्किएपछि.... त्यसपछि अनि Actually he killed that third time, मलाई त्यो थाहा छैन । म चाहिँ यतै बसेको बस्यै भएँ ।

There was no change, vigorous firing. अब त्यसरी हानेको थियो । देखेको होइन उता । .....त्यो त मलाई थाहा छैन । उता श्रुति जहाँ पल्टिएकी थिइन्, त्यही पल्टिराखेको, हलचल केही छैन । उसको माथि ज्वाइं छ । त्यसपछि त मलाई दुख्यो, ऐया ऐया भने एकछिन, त्यसपछि सुरेन्द्र एडिसी दौड्यो ....आर्मी आएर अनि पारस, Paras was only b outing । चहिने त्यो झ्याल फोरेर भित्र आइज भनीकन ...अनि ल है पहिले ठूलो बुवालाई लग भनिकन ....त्यसपछि मलाई बोकेर लग्यो । अनि...भाउज्यू बाहिर सवारी भएको हो । अब नीराजन गएको पनि मैले देखेको छैन, महाराजाधिराज लडिबक्सेपछि पारस आउन लागेको थियो । उताबाट पारस नआऊ तिमी त्यही बस भनेपछि कसो मानेर त्यही बस्यो । नत्र लोग्ने मानिस आइहाल्थ्यो नि । ....(गला अवरुद्ध) ...महाराजाधिराज ढलिबक्स्यो, गोरख ढलिराखेको थियो, खड्ग विक्रम र माइली भाउजूलाई हान्यो । कहाँबाट हानेको पनि थाहा छैन । ड्याङ्ग मात्र के भएको थियो, माइली भाउजू ढल्नुभयो ।

अनि भित्र आएर फेरि भाइलाई अनि श्रुतिलाई, अनि फेरि महाराजाधिराजलाई ...(रुदैं) क्यामोफ्लाज (सैनिक पोशाक) युवराजधिराज...सवारी भयो । अनि चाहिँ पहिले ड्यार ड्यार सिधै महाराजधिराजलाई, महाराजधिराज ढलेपछि यस्तोमा लागेको ...त्यसपछि सबैजना आत्तिने भैहाले । त्यहाँ कान्छो भाइ, गोरख र कुमार खड्गविक्रम गोली लागेर ढलेपछि म कान्छाकहाँ गएर के भयो भन्दा सास फेर्न गाह्रो भयो भन्दै थियो । यति हानेर युवराजधिराज बाहिर सवारी भयो । त्यतिबेला चाहिँ मलाई पिठ्युँमा लाग्यो अनि म ढलिहालें । म पछाडि फर्किएकी थिएँ पछाडिबाट लागेको म ढलेपछि त्यतिबेला के भयो थाहा छैन । म उठेपछि चाहिने पछिपछि सास फेर्न गाह्रो भयो भनी ऊ म माथि सुतेको थियो । मैले प्रेस गरेको, प्रेस गरे, प्रेस गरेबाट ...बिल्डिङ भयो, सबै बिलडिङ्ग ...राजीव र ....दुई जना निक्लिए, लग लग ....मैले हेर्दा महाराजधिराजलाई लगिसकेको रहेछ क्यारे । गोरख र श्रुति, गोरखलाई सिटमा सुताई राखेको... अनि कान्छो भाइ, मैले देखेको त्यति हो ।

## हेलेन शाह

**समिति : १९ गते राति राजदरबारमा घटेको घटनाका सम्बन्धमा वास्तविकता बुझ्ने क्रममा सरकार समक्ष उपस्थित भएका छौं ।**

**जवाफ** : सोध्नुस् न सोध्नुस् ।

**समिति : के जानकारी छ सरकार ?**

**जवाफ** : दरबारको चलन के थियो भने भन्देखि महाराजाधिराज सवारी भएको थियो अफिसबाट मुमा बडामहारानी र म चाहि एउटा कोठामा थियौं एकातिर । अरूहरू सबै Younger Generation युवराजधिराजसहित बिलियार्ड हलतिर त्रिभुवन सदनतिर सवारी भएको थियो । त्यो दिन म पनि गएँ । पछि सुरु-सुरु बिलियार्ड हलतिरै गए । मभन्दा अगाडि रविशमशेर र महेशकुमार आइपुग्या रहेछन् । एकछिन बसेपछि बडामहारानी सरकारको सवारी भयो । धमाधम सबैजना आउन थाले । आठ बजेतिर युवराजधिराजले बिन्ती गरी बक्स्यो बडामहारानी मुमालाई सवारी चलाउन जाऊ भनेर । जाऊ भनेर हुकुम भयो । सवारी लिएर तल गए । मुमा बडामहारानी सवारी भएपछि हामी सबै बस्ने कोठा जहाँ हो हामी सबै त्यही गयौं । अरूहरू पनि दर्शन गरीवरीकन उता गए । महाराजाधिराज सवारी नभएसम्म यतातिर आउने थिएनन् कोही पनि । त्यसैले बडामहारानी हामी सबैजना त्यही नै बस्यौं । त्यो दिन महाराजाधिराज पनि चाँडो सवारी भयो, ८:३० तिर । त्यहाँ अलिकति ड्रिंक सर्व भएपछि उतातिर सवारी भयो । महाराजाधिराज वीरेन्द्र बिलियार्ड हलमा सवारी भएको तपाईंहरूलाई एक्ज्याक्ट्ली त भन्न सक्दिनँ तर आधा घण्टा ४५ मिनेट यस्तै कति होला १ घण्टा पनि पुगेको छैन जस्तो लाग्छ । त्यहाँ एउटा ठूलो आवाज आयो । आवाज भएपछि ३ वटा तीन गोली । पहिले त हामीलाई थाहा थिएन के हो ? साँच्ची भनूँ भने त मलाई चाहिँ त्यस्तो शंका त कहिल्यै हुँदै हुँदैन् । विशेष वास्ता गरिएन । त्यो चल्यो एकछिनसम्म चलेपछि आखिरमा एउटा त्यो बाहिरपट्टि बगैँचामा ठ्याक्क त्यो बगैँचाको बाहिरपट्टि एउटा बरन्डा छ त्यहाँ मान्छे दौडिएको आवाज आयो । दौडिएको त्यस्तो जोडले होइन अलि बिस्तारै दौडिएको आवाज आयो । त्यस्तो आवाज आएपछि अनि लोग्ने मान्छेको एउटा एकैछिनमा लोग्नेमान्छे कराएको अलि कडा साह्रो धेरै ठूलो होइन भएपछि मैले मुमा बडामहारानीलाई जाहेर गरे, दिज्यू, मान्छेहरू पनि कराउँछन् के हो त्यतातिर त मान्छेहरू पनि कराए भनेपछि तीन सट आयो । अब त्यो बीचमा त कति गयो हामीले वास्ता पनि गरेनौं । केटाकेटीहरू खेलेको होला भन्ठानें । सुरुमा मैले एकचोटी केटाकेटी खेल्या हो वा दौडिएको होलाजस्तो स्वर सुनेको थिएँ, त्यति मात्र हो । आखिर सुनेको चाहिँ जब आवाज आएपछि वान सट वा टु मैले त्यो चाहिँ राम्रो सुन्न सकिनँ । त्यसपछि सामसुम भयो । केही उपद्रो होला, ठट्टा होला के होला भनेर हामी चुप लागेर कुरा गरेर बसिराख्यौं । ७ मिनेट ८ मिनेटपछि पारस दौडिएर ढोका खोलेर आफ्नू मुमा, दाइले त ठूलो बुवादेखि लिएर सबैजनालाई गोली हान्यो भन्ने सुनेपछि म ढोका खोलेर अगाडि गएँ । मुमा बडामहारानी मेरो पछाडि होइबक्सिन्थ्यो । झ्याल निर उभिइबक्स्यो पहिले दुई जना उभिएको । त्यहाँभित्र महेशकुमार र रविशमशेर जिल्ल परेर उभिइरहेको हुनुहुन्थ्यो । महेशलाई बोलाइबक्स्यो । मुमा बडामहारानी सरकारलाई उसले केही पनि जवाफ टक्र्याएन । ऊ त्यसै खुरु-खुरु गयो । रवि शमशेरलाई चाहिँ मैले बोलाए । २ जनालाई हामीले बोलाएपछि उसले यसो हेऱ्यो । मुमा सवारी होस भनेर डाक्यो । त्यसबीचमा चाहिँ म भित्र पसिहाले बिलियार्ड हलमा । म पसेका बेला चाहिँ अब त्यो गति देख्दा खेरी चाहिँ कसैले पनि त्यो अहिले भन्न सक्दैन । मेरो ठाउँमा जो भए, पनि को छ को छैन । मेरो एउटा छोरी गई अर्कोलाई पनि गोली लागेर त्यही बसिरहेको रहेछ । कुन-कुनचाहिँ भन्ने थाहा पाइन । एकछिन उभिएर जताततै हेरे । सबै लडिराखेको देखे । मैले धीरेन्द्रलाई ऐया-ऐया भनी कराइराखेको देखें । मैले उठाइनँ । उसलाई यता फर्केर आएर मुमा बडामहारानीलाई जाहेर गरे दिज्यू, धीरेन्द्रबाहेक सबै जना मरिराखेको । मैले देख्दाखेरि त्यहाँ जिउँदो पनि थाहा पाइन मरेको पनि थाहा पाइनँ । सबै जना निश्चल थिए । त्यति बिन्ती गरेपछि बडामहारानीले महाराजाधिराज खै भनेर सोधिबक्स्यो । पारसले भन्यो ठूलो बुवालाई त मैले मोटरमा हालेर हस्पिटल पठाइसके । अनि बडामहारानी र नीराजन खै भन्ने हुकुम भयो । त्यो बेलाचाहिँ उहाँहरू बाहिर निस्किबक्स्या थ्यो । बडामहारानी अघिअघि अं.... नीराजन पछि-पछि कहाँ हो भन्ने मलाई पनि थाहा छैन । अनि हामीहरू हस्पिटल गयौं । धमाधम सिपाहीहरू आएर लान थाले । तपाईंलाई मैले भनिसकें सबै जना मरिसके धीरेन्द्र एउटा जिउँदो छ भनेर । अनि त्यहाँबाट हामी दुई जना हस्पिटल गयौं । हस्पिटल पुगेपछि मुमा बडामहारानी र म भित्र गयौं । महाराजाधिराज खै भनेर सोध्या । डाक्टरहरूले यहाँ ट्रिटमेन्ट हुँदैछ भने । नीराजनलाई पनि त्यही राखी छाड्या । उसको पनि ट्रिटमेन्ट हुँदैछ भनेर अरु चाहि त जाने जति गई नै सक्या थिए बाँच्ने जति अहिले पनि छ । धीरेन्द्र एउटा पछि गयो । बाँच्ने त अहिले पनि छँदैछन् । मैले आफ्नै आँखाले चै कसले गोली चलायो देख्या होइन ।

**समिति : सरकारहरू सानो कोठा सानो बैठकमा ?**

**जवाफ** : यता बाहिरबाट आएपछि बीचमा बरन्डा छ बायाँतिर ठूलो कोठा छ बिलियार्ड हल । यतातिर दाहिनेतिर चाहिँ सानो छैन दरबारका कोठाहरू ठूला-ठूला छन् । हामीहरूचाहिँ त्यही सधैं बस्ने उतातिरको चाहिँ हामीलाई केही पनि थाहा छैन । आवाज सुन्या हो तर केटाकेटीहरू खेलेको हो कि ? पट्का पट्काएको हो कि यस्तो हुन्छ भन्ने कुरा सपनामा पनि भएन । आफ्नो आँखाले त गोली चलेको देखेको होइन, कानले मात्र सुनेको हो । मुमा बडामहारानीबाट पनि त्यही हो । हामी त कुरा नै गरिराखेका छौं । अघिसम्म पनि जुन बेला पारस भित्र पस्यो । यति सिवाय म के भन्न सक्छु र ...।



## कोमल राज्यलक्ष्मी देवी शाह

**समिति : सरकारबाट यो समितिलाई उक्त घटनाको सम्बन्धमा केही जानकारी बक्स हुन्छ कि ?**

**जवाफ** : त्यस दिन त्रिभुवन सदनमा आयोजित पारिवारिक कार्यक्रममा म पनि गएकी थिएँ । श्री ५ युवराजधिराज सरकार अलि चाँडै सुकला भइबक्सन गएको सुनें । केही समयपश्चात् गोली चलेको आवाज आयो र त्यो गोली सिलिङमा लाग्यो । त्यस पश्चात् श्री ५ महाराजधिराज वीरेन्द्र सरकारको घाँटीको दाहिने भागमा गोली लागेको देखें । कुमार गोरख र कुमार खड्गलाई पनि गोली लाग्यो । त्यसपछि मलाई पनि पछाडिबाट गोली लाग्यो र म लडें । त्यतिबेला मलाई सास फेर्न कठिनाई भएको महसुस भयो । शान्ति राज्यलक्ष्मी ममाथि लड्नुभयो र उहाँको रगत मेरो टाउकोमा लागेको थियो । राजीव र पारसले घाइतेलाई लग लग भनी कराएको सुनें । शान्ति म माथि लडेको हुनाले त्यसपछि मैले अन्य कुरा देख्न पाइनँ ।

## प्रेरणा राज्यलक्ष्मी देवी शाह

**समिति : राजदरबारको त्यो जमघटमा को-को सवारी होइबक्सेको थियो, ... त्यो घटनास्थलमा सरकारबाट के देखिबक्स्यो, कस्तो-कस्तो दृश्य के कसले हानेको सरकारलाई थाहा छ ?**

**जवाफ** : राती शुक्रबारको पार्टी थियो । त्यही गएको, हामी जादाखेरी पछि हामी पुगेर यताउति भैरहेको थियो, त्यतिकै ८:०० बजेतिर सवारी आफूमुमा अनि.... त्यसपछि अब मेरो ....हसब्याण्ड र निराजनले लगेर माथि सुताएर आको । एकैछिनमा दिपेन्द्र आर्मी ड्रेसमा ठूलो गन फेरि पहिले माथि फायर भयो सिलिङमा, त्यसपछि ठूलो बुवालाई हानिबक्सेर.... को-कोलाई हानिबक्स्यो... अरु त सबै जना ढलेको देखेकी छु मैले । .....अनि त्यसपछि हानी राखेको थियो हान्दा भ्याराररर आवाज आयो । सबै जनालाई पारस दाइ, पारस दाइले लुकाइदियो पारस दाइले हामी सबै जनालाई ...सोफा पछाडि ...पारस.... दाइ अगाडि बसेर .....हामी हेर्न आएको बाहिर....पारस...कराउँदाखेरि टर्न ब्याक त्यति हो । त्यसपछि ....पारस दाइ..... एडिसी आर्मी दाइहरू बोलाउन थाल्यौं । त्यसपछि पारसबाट तिमीहरू जाऊ हामी हस्पिटल लैजान्छौं बुवा-मुमालाई भनेर हुकुम भयो अनि हामी फर्कियौं ।



**समिति : त्यो भन्दा बढी जानकारी ?**

**जवाफ** : अरु मलाई जानकारी छैन ....को-कोलाई लाग्यो, ठूलो बुवा र मेरो मुवालाई लागेको देखेकै हो । अरूलाई चाहिँ मैले ढलेको मात्र देखेकी हुँ ।

## डा. राजीव शाही



**समिति : डा. साहेब पनि त्यो पारिवारिक जमघटमा गएको भन्ने कुरा हामीले दरबारबाट प्राप्त लिस्टमा देख्यौं । त्यो घटना कसरी घट्यो, त्यो घटना कसले घटाएको हो ? त्यो अवस्थामा यहाँ के गरिरहनुभएको थियो ?**

**जवाफ** : म त्यो दिन पारिवारिक पार्टीमा थिएँ । धीरेन्द्र शाह, शाफी शाह, गुलाफी शाह र मेरी धर्मपत्नी पूजा... एउटा कारमा हामीहरू गएको, साढे सात, पौने आठको लगभगमा हामी दरबार पुग्यौं । हामी भित्र गयौं । त्यतिखेर युवराजधिराजको दर्शन गरेर हामी बैठकमा बस्यौं । गफ भैरहेको थियो । हामी केटाहरू चाहिँ एउटा साइडमा स्नुकर खेलिरहेका थियौं । मैले आज अलिकति खाएको छु भनेर हुकुम भएको थियो, तर ८ बज्नुभन्दा अलि अगाडि जाहेर गऱ्यौं । अनि मुमा बडामहारानी सरकारको सवारी चलाउन सवारी भयो । ८ बजे सवारी चलाएर फिर्ती सवारी भयो अनि अलि बढी लागेजस्तो छ भन्ने पनि हुकुम भयो । ....महाराजाधिराज सरकारको... सवारी भयो । कुरा गर्दै होइबक्सन्थ्यो...उता अर्को कोठाको खोपीमा मुमा बडामहारानी सरकार राज होइबक्सेको ठाउँमा उहाँ सवारी भै दर्शन गरिबक्स्यो, यस्तो स्थितीमा पार्टीमा के राज होला भन्ने हिसाबबाट नीराजन शाह, म, पारस शाह र गोरख हामी भएर खोपीमा सवारी चलायौं । तल लागेपछि महाराजाधिराज सरकार मूल बैठकतिर सवारी भयो । हामीहरू सबै भित्र गयौं, दर्शन गऱ्यौं । दर्शन गरेपछि हामीहरू कुनातिर ...बारभन्दा उतातिर कुनातिर लाग्यौं । पारस शाह चाहिँ म्युजिक बजाउने कि भन्नेतर्फ लागिबक्सेको थियो । ...गफ हुँदै थियो । युवराजधिराज सरकार सवारी भएको पनि मैले देखिन । किनभने एल सेपमा देखिन्न । एकै चोटी पर्ररर आवाज आयो । ...भन्ने हिसाब भयो । हल्लाखल्ला भयो । हल्ला हुँदाखेरि पनि ...भन्ने हिसाब थियो । एकै चोटी महाराजाधिराज सरकारलाई गोली लाग्यो भन्ने सुने । भन्ने बित्तिकै महाराजाधिराज सरकार त्यतिसम्म भुइमा पल्टिसकिबक्सेको थियो । मैले कोट फिकेर ...दाइने घाँटीतर्फ प्रेस गरें । सरकारले राजीव, मेरो पेटमा पनि लागेको छ भन्ने हुकुम भयो अनि मैले शाहको पेटको कुरा चाहिँ... जाहेर गरे । त्यतिबेलासम्म मैले युवराजधिराजको दर्शन पाएको थिइन । किनभने दौडेर बाहिर सवारी भैबक्सेको थियो । त्यसपछि भित्र सवारी भयो । भित्र सवारी हुँदाखेरी धीरेन्द्र शाहले बाबा के गरिबक्स्यो भनेर...भनिबक्स्यो । धीरेन्द्र शाहको स्वर पनि अलि .... गोली हानी बक्स्यो । त्यतिबेला नै अरु गोली हानिबक्स्यो । ठ्याक्क कतिबेला को गयो भन्न गाह्रो छ । सोचेर पनि आउँदैन । जहाँसम्म लाग्छ, खड्ग शाहजी, शारदा शाह र गोरख दाइलाई त्यतिखेर लागेजस्तो लाग्छ, अरु को-कोलाई लाग्यो, फेरि बाहिर सवारी भयो । त्यतिखेर गोरख दाइले राजीव मलाई लाग्यो हुकुम भयो । गोरख दाइ... पल्टिबक्स्यो । ...बाबालाई के भयो ? बाबालाई के भयो के भयो हुकुम भयो ।...मसँगै होइबक्सन्थ्यो... फेरि सवारी भयो युवराज सरकार अनि त्यसमा शोभा ...लाग्यो... महाराजधिराजालाई पनि लाग्यो, अनि त्यो लागेपछि म जम्प गरेर ...गएँ । त्यतिखेर हाल बडामहारानी सरकार, जयन्ती शाह, केतुकी शाहलाई कतिखेर लाग्यो एक्ज्याक्टली भन्न सक्दिन । ...फेरि बाहिर सवारी भयो । बाहिर सवारी हुँदाखेरि म अलिकति यतापट्टी आएर रोकिएँ, अनि सवारी हुँदा...पारस शाह दाले नाइ नाइ हुकुम भयो । ...पारस शाहले नै महेश....रवि शाहजीलाई ... म त झ्यालबाट भागे बाहिर एडिसीहरूलाई बाहिर गेटमा ....ट्याक्सी लिएर हस्पिटलमा आर्मी हस्पिटलमा गयौं । त्यही बेला महाराजाधिराजलाई अस्पताल ल्याइससकेको थियो ।.... अलि अलि मैले सकिने हेर्न बडामहारानी शाहेब.... धीरेन्द्र शाहलाई गरे मैले...गोरख दाइलाई गरे त्यो गरेपछि अरू डाक्टरहरू आउन थाले, अनि आर्मीको जीप लिएर टिचिङ हस्पिटल गए, टिचिङ हस्पिटल गएपछि .... फोन बिग्रिएको हुनाले डा. गोविन्द शर्मासँग कुरा गरे । उहाँलाई अरू डाक्टरहरू चाहियो भन्ने हिसाबले कुरा गरे ।

**समिति : कोठामा जे घट्यो ...त्यसबाहेक बाहिरतिरको केही घटना ?**

**जवाफ** : बाहिरतिरको मलाई केही थाहा भएन । भनसुनको कुरा मात्र हो । अनुमानको कुरा मात्र हो । किन बाहिरतिर छिन-छिनमा बाहिरतिर सवारी हुन्थ्यो, त्यसपछि उहाँ कहाँ सवारी हुन्थ्यो, के गरिबक्स्न्थ्यो मलाई थाहा भएन । एकैछिनमा जाने, एकैछिनमा फर्कने... एक मिनेट दुई मिनेट म्याक्सिमम् हो । त्यो नसम्झिने कुरा भएर पनि समयको ख्याल भएन ।

## गजेन्द्र बोहोरा, दिपेन्द्रका एडीसी

**समिति : घटना घटेको समयमा तपाई कहाँ हुनुहुन्थ्यो ? के गर्दै हुनुहुन्थ्यो ? त्यहाँ तपाईले को–को पाहुना देख्नुभयो ? के–के घटना देख्नुभयो ?**

**जवाफ** : मेरो ड्युटी २:०० बजेदेखि सुरु भयो । २:०० बजे म गएपछि मैले मेरो साथीलाई बदलिएँ । श्री ५ युवराजधिराज सरकार दिउँसो २:३० बजे लञ्चबाट फिर्ता सवारी होइबक्स्यो । लञ्च बुवा–मुमासँगै गरिबक्सेको थियो । दिउँसो ४:०० बजे नेसनल गेम्सका लागि सातदोबाटो सवारी होइबक्स्यो । त्यसपछि बुवा–मुमासँग सवारी हुनुपर्ने भएकाले त्यहाँबाट केही समयमै फिर्ती सवारी होइबक्स्यो । ५:३० बजे बुवामुमासँग 'टी'का लागि सवारी हुनुपर्ने थियो । महाराजधिराज सरकार, बडामहारानी सरकार र युवराजधिराज सरकार सबैजना डिल्लीबजार बडागुरुज्यू नयनयराज पाण्डेज्यूकोमा सवारी होइबक्स्यो । त्यहाँबाट १ घण्टापछि फिर्ती सवारी होइबक्स्यो । दरबार फिर्ती सवारी पछि अन्नपूर्ण (गणेश हिमाल)बाट महाराजाधिराज आफ्नो अफिसतिर र बडामहारानी सरकार आफ्नो बंगलातर्फ सवारी होइबक्स्यो । युवराजधिराज सरकार त्यहीबाट बिदा होइबक्स्यो । त्यहाँबाट हामी फर्केर त्रिभुवन सदनमा आयौं । त्रिभुवन सद्नमा आइपुगेपछि बिलियार्ड बैठकमा सवारी होइबक्स्यो र मलाई पनि बोलाइबक्स्यो । म पोशाकमा थिइन, ट्युनिक लगाएको थिए, त्यसैले मैले ट्युनिक चेन्ज गरेर आउछु भने तर, सरकारबाट पर्दैन भनिबक्स्यो । त्यसपछि सरकार एक्लैले बिलियार्ड खेलिबक्स्यो । म बल मिलाइदिन्थे ।

**समिति : त्यति बेला कति बजेको थियो ?**

**जवाफ** : करिब ७:००/७:०५ तिरको कुरा हो । त्यसपछि करिब ७:१५ बजेतिर अब पार्टी सुरु हुने समय भयो, ७:३० देखि पाहुना आउन थाल्छन्, त्यसैले म पाहुनाहरूको मोटर राख्ने ठाउँ मिलाएर फर्कन्छु भने मैले तर सरकारबाट एकछिन बस भनिबक्स्यो । पुन: ७:२५ मा मैले बिन्ती चढाए, सरकारले ए अब त टाइम भयो, मुमा सवारी हुन्छ होला, अब जाउ भनिबक्स्यो र म आफ्नो अफिसमा आएँ ।

**समिति : त्यसबीच ड्रिङ्स आदि केही सर्व भएन ?**

**जवाफ** : त्यो बीचमा मलाई कुनै हुकुम भएन । आफै एक्लै खेलिबक्स्यो । माथिबाट एउटा ड्रिक्स झिकाउन हुकुम भयो र मैले अर्दलीबाट झिकाए र एक पेग राख्न हुकुम भएअनुसार एक पेग फेमस ग्राउस ह्वीस्की राखेर म निस्किए अनि आफ्नो अफिसमा आएर बसें ।

त्यति बेलासम्म पाहुनाहरू आउन सुरु भैसकेको थियो कोही पहिले, कोही पछि गर्दै पौने आठ बजेसम्म पाहुनाहरू आउँदै हुनुहुन्थ्यो । पाहुनाहरू आइसकेपछि हामी एडिसीहरू भित्र बस्यौं । करिब ८:०० बजेतिर युवराजधिराज सरकार त्यहाँ सवारी होइबक्स्यो । मुमा बडामहारानी सरकारको सवारी लिन जान्छु को जाने हो भनेर हुकुम भयो, म जानुपर्ने हुँदा म उठे र हामी मुमा बडामहारानी सरकार राज हुने महेन्द्र मन्जिल गयौं । त्यसपछि मुमा बडामहारानी सरकारकै बेञ्चमा सवारी चलाएर फिर्ती सवारी होइबक्स्यो, ड्राइभर र म युवराज सरकारको मोटरमा पछि–पछि लागेर फर्क्यौं र अफिसमा आएर बस्यौं । त्यसपछि बीचमा करिब ८:३५ वा ८:३० तिर निराजन सरकार सवारी होइबक्स्यो । हामीसँग सिडी के–के छ ? भनेर हुकुम भयो, मैले राम्रो सिडी त त्यस्तो केही छैन भनेर गाडीबाट झिकेर एउटा सिडी चढाए । त्यसपछि सरकार सिडी लिएर भित्र सवारी भयो । त्यसपछि हामी अफिसमै बस्यौं । केही समयपछि महाराजाधिराज सरकार सिधैं भित्र सवारी होइबक्स्यो । महाराजाधिराज सरकारको एडिसी पनि हामीसँगै भित्र बसिबक्स्यो । त्यहाँ हामी आ–आफ्नै हिसाबले बसेका थियौं । म कम्प्युटरमा काम गर्दै थिए, त्यही बेला सुन्दर प्रतापले ए के भो हँ भनिबक्स्यो । त्यति नै बेला म ढोका खोलेर बाहिर निस्किएँ । बाहिर निस्किएपछि त्यही बेला फायरिङको आवाज सुने, ए, सर गोली चल्यो– मैले भनें । म नफर्की अगाडि बढें र त्यो ब्रेक भएको डोरमा पुगें । त्यहाँ पुगेपछि मेरो आँखा इन्ट्रान्स डोरमा पुग्यो । त्यहाँ मैले युवराजधिराज सरकारलाई कम्ब्याट ड्रेसमा बाहिर निस्किएको देखें र दौडिएर ढोका घचघचाएँ । ढोकाभित्रबाट लक हुन्छ भन्ने मलाई थाहा थिएन । त्यसपछि म दौडिएर अगाडिको मोडसम्म आएँ । त्यहाँबाट चियाएँ, तर केही पनि देखिनँ । त्यसपछि म फर्किए । त्यही बेला अर्को एकजना एडिसी पनि आउँदै गरेको देखें, म अगाडि बढें– बिस्तारै । किनभने, मैले फायर आर्मस् देखेको छु । मेरो एम भनेको काउन प्रिन्स सरकारलाई प्रोटेक्ट गर्नु थियो । म हल–वेमा के भएको छ भन्ने जान्न चाहन्थें तर मैले केही पनि देखिन अनि फर्किए । त्यतिबेलासम्म कर साहेबहरू भित्र पसिसक्नुभएको थियो, भित्र सबैलाई ढलेको देखें र म फर्केर पुन: सैनिक प्रहरीहरूसँग भित्र छिरें । त्यतिबेलासम्म डोर–वे फोरिसकिएको थियो । डोर फोडेर त्यहाँबाट सबैलाई बाहिर निकाल्दै थिए, मैले अगाडि नगएर घाइतेहरूलाई निकाल्ने कार्यमा सहयोग गरे । त्यसपछि म अगाडि बढें र त्यतिबेला मैले डाक्टर साहेब (डा. राजीव) लाई दौड्दै गरेको देखें, तर उहाँ कहाँबाट निस्किएको भन्ने मैले देखिनँ । उहाँ पनि घाइते हुनुहोला भनेर म उहाँको पछि दौडिएँ । उहाँलाई हाम्रो सेन्ट्रीले पनि देखेको हुँदा उहाँलाई केही भएको रहेनछ भनेर म फर्किएँ । त्यत्रो घटना घटिसक्यो सबै जना ढलिसके, तर त्यतिबेला मैले क्राउन प्रिन्सले आफैंलाई गोली हानिबक्स्यो होला भनेर सोच्दै सोचिन, मेरो दिमागमा उहाँलाई कसरी नियन्त्रणमा लिने भन्ने कुरा मात्र आयो, यदि उहाँलाई केही भएको रहेनछ भने त उहाँलाई नियन्त्रणमा लिन बढी समय लाग्न सक्छ, त्यसैले हामी विस्तारै हेर्दै थियौं । बिलियार्ड बैठकको गार्डेनमा झर्ने भऱ्याङमा आवाज सुन्यौं । ध्यार ध्यारको अवाज जुन ठूलै आवाज थियो । त्यो आवाज हस्पिटल पुऱ्याउँदासम्म थियो । त्यही आवाजका आधारमा हामीले क्राउन प्रिन्सलाई देख्यौं । उहाँलाई लिएर हामी बाहिर आयौं । बाहिर आउँदाखेरि त्यहाँ पारस सरकार पनि होइबक्सन्थ्यो । युवराजधिराज सरकारलाई हामीले गाडीमा हाल्यौं । त्यही बेला निराजन सरकारलाई पनि बोकेर ल्याइपुऱ्याए, निराजन सरकारलाई पनि त्यसैमा राख्यौं । पारस सरकार पनि त्यही गाडीमा बसिबक्स्यो र गाडीको साइरन अन गरेर कुदाएर हस्पिटल पुऱ्याइयो । हस्पिटल पुऱ्याएपछि डाक्टरहरूले आफ्नो कार्य प्रारम्भ गरे ।

**समिति : युवराजधिराज सरकारको शरीर कहाँ ढलेको थियो ?**

**जवाफ** : त्यो पुल छ नि, दुईवटा पोखरीको बीचमा भएको पुलको साउद–इस्ट कर्नरमा थियो । बडी उत्तानो थियो ।

**समिति : त्यहाँ हतियार पनि थियो कि ?**

**जवाफ** : कुनै हतियार थिएन, मैले टिप भनेर भनें, बोकेर ल्याउनेले देख्यो होला, मैले देखिनँ ।

**समिति : तपाईले आवाज सुनेर जाँदा युवराजधिराज सरकारलाई बगैंचातिर देखेको कुरा भन्नुभयो, त्यसपछि गोली चलेको सुन्नुभयो कि भएन ?**

**जवाफ** : गोली चल्दै थियो, म पछि फर्केर डोर–वेमा आइपुग्दासम्म पनि गोली चल्दै थियो ।

**समिति : डा. राजीव शाही र पारस सरकारलाई कहाँ–कहाँ देख्नुभएको थियो ?**

**जवाफ** : पारस सरकारलाई त लास्टमा मात्र देखेको थिएँ, गाडी राख्ने ठाउँमा । डा. राजीवलाई पानीपोखरीको बगैंचाको गेटमा दौड्दै गरेको देखेको हुं । लकेट भेट्टाएको ठाउँमा ।

**समिति : युवराजधिराज सरकारको टाउको कतातिर थियो ?**

**जवाफ** : बगैंचातिर, साउथ–इस्ट ।

**समिति : यस्तो अवस्थामा भित्र जान पाउने इजाजत हुन्छ कि हुँदैन ? सुरक्षाका दृष्टिले युवराजधिराज सँगसँगै जानुपर्थ्यो भन्ने सम्बन्धमा तपाई के भन्नुहुन्छ ?**

**जवाफ** : पार्टी भएको समयमा हामी भित्र जाँदैनौं तर, गोली चलिसकेपछि त जान्छौं । जुनबेला म डोर–वेसम्म पुगे, त्यतिबेला गोली चलेन । त्यसपछि म फर्कँदा कर साहेबहरू भित्र छिरिबक्स्यो । त्यतिबेला मेरो एम भनेको क्राउन प्रिन्सलाई नियन्त्रणमा लिने नै थियो । किनभने मैले अटोमेटिक वेपन देखेको थिए । त्यसैले नियन्त्रणमा लिन स्ट्यान्डबाई रहेको सेक्युरिटी फोर्सको मद्दत लिनुपर्ने भएकाले म बाहिर निस्किएँ । जब म डोर नजिक पुगेको थिए, त्यतिबेला पुन: गोली चल्यो, त्यही बेला हुनुपर्छ काउन प्रिन्सले आफैंलाई गोली हानिबक्सेको ।

**समिति : कस्तो आवाज आएको थियो ?**

**जवाफ** : ब्रस्टकै आएको थियो ।

**समिति : माथि भएको इन्सिडेन्टका बारेमा केही जानकारी छ कि ?**

**जवाफ** : केही जानकारी भएन, आवाजमात्र सुनियो ।

**समिति : पछिल्लो पटक तपाईले सुनेको आवाज त्रिभुवन सदनको जस्तो लाग्छ कि अन्त कतैको ?**

**जवाफ** : त्यो आवाज अरु बेलाको फायरिङको आवाजजस्तो सुनिएको थियो । यो ठाउँबाट आएको भन्ने यकिन गर्न सकिन । अनएसपेक्टेड थियो ।

**समिति : युवराजधिराज भाइलेन्सतिर लागेका बेला कसरी नियन्त्रण गर्ने भन्नेतिर के सोच बनाउनुभयो ?**

**जवाफ** : म एक्लैले केही गर्न सक्ने अवस्था थिएन, त्यसैले सैनिक प्रहरीको सहयोग लिनुपर्ने हुन्थ्यो ।

**समिति : फायर आर्म बोकेको देख्नुभएको थियो कि थिएन ?**

**जवाफ** : फायर आर्मस बोकेको देखेको हुँ, एउटा मात्र थियो–M16/पिस्तोल सँगै थियो होला, तर देखिन । राम्रोसँग भ्यु देख्ने मौका मैले पाइनँ ।

**समिति : बगैंचामा रहेको दुईवटामध्ये कुन चाहिं हुन सक्छ ?**

**जवाफ** : M16 राइफल थियो । आवाजले पनि थाहा हुन्छ रिभल्वर र M16 को आवाज फरक हुन्छ । .....

## हिमानी राज्यलक्ष्मी देवी शाह



**समिति : त्यो १९ गतेको पारिवारिक जमघटमा सरकारको सवारी भएको भन्ने कुरा आइराखेको छ । लिस्ट प्राप्त गऱ्यौं । अब सरकारलाई के कति सम्झना छ ? डिटेलमा पाएदेखि हामीलाई रिपोर्टको लागि सजिलो हुन्छ ।**

**हिमानी** : डिटेलमा त के भयो हामीलाई त्यो त थाहा भएन । तर, सुरुदेखिन पहिले हामी गएको आफू मुमा सवारी भयो ८:०० बजे । त्यसपछि ठूलो बुवा सवारी हुँदाखेरि अलि अगाडिको समय त मलाई थाहा छैन ठूलो बुवा सवारी हुनु भन्दा पहिले क्राउन प्रिन्सलाई निराजन सरकार, पारस, राजीव ज्वाइँ, गोरखले बोकेर खोपीमा सवारी चलाको । पछि महाराजधिराज सवारी भएको एकैछिनमा ड्याङ्ग आवाज आयो । अनि.... अनि...त्यसपछि .... कान्छो बुवा अगाडि सर्नुभयो ....कान्छा बुवालाई हानी बक्स्यो । हामी....कुनातिर यसो सायद परेर लुकेर बसिराखेका थियौं अनि त्यसपछि चुप लागेर बस्यौं ....त्यसपछि फेरि आएर परर परर् बन्दुक पड्केको सुनेको....। त्यति नै हो ।

**समिति : यसमा अतिरिक्त जानकारी सरकारलाई छ, छैन ? अनि आफ्नो चाहिं ?**

**जवाफ** : हामीतिर पनि बन्दुक तेर्स्याइरहनुभएको थियो ।

**समिति : सरकारहरूचाहिं उतापट्टि राज होइबक्सेको होला, वारको उतापट्टि ?**

**जवाफ** : डाइनिङ रुम जाने डोर छ नि त्यसैको यतापट्टि एउटा कर्नर छ, त्यसमा हामी ।

**समिति : कहाँनेर ?**

**जवाफ** : यतापट्टि साइडमा म थिए ।

**समिति : अनि त्यो बगैंचाका कुरा ?**

**जवाफ** : बन्दुक पड्केको मात्र सुनें ... ।

## गोरखशमशेर ज.ब.रा.



*अहिले अस्पतालको बेडमा कुमार गोरख राणालाई भेटिरहेका छौं । रोयल प्यालेसमा भएको त्यो दु:खद घटनाको चस्मदिद गवाह, सिरियस घाइते भएका कारण उहाँमा केही सम्झना छ भने म रिक्वेष्ट गर्देछु ।*

**समिति : यहाँले आफूलाई सम्झना भएसम्मका जानकारी हामीलाई रेकर्ड गराएर यो अनुसन्धानका लागि सहयोग उपलब्ध गराउनु हुन अनुरोध छ ।**

**जवाफ** : म यस्तो.... रा थिएँ... पहिले त के भो के भो जस्तो लाग्यो । पटटट आवाज सुने, पटकाजस्तो लाग्यो । मनमनै यसो के भा रै'छ भनेर हेर्दा महाराजाधिराज सरकार लडिबक्सेको देखें । अनि त्यसपछि सबै जना ए, के भयो–के भयो, के गरिबक्स्या भनी हो–हल्ला भयो । म यता कुनाबाट महाराजाधिराज भएको कुनातिर दौडँदै गए । हेरें, गोली लाग्यो, गोली लाग्यो भने र अनि त्यसपछि त्यसैबाट आउँदा खोई, के भन्ने खोई । दीपेन्द्र शाह....(गला अवरुद्ध) ....जस्तोबाट फेरि त्यहाँ अगाडि जो जो थ्यो त्यसलाई ड्याङ्ग–ड्याङ्ग गर्दै हानिबक्स्यो । त्यतिबेला म त्यहाँ यस्तो पछाडि थिए । एउटा टेबलजस्तो थियो । त्यस्तोमा... मलाई ड्याङ्ग लाग्यो । अनि त्यहीं भुइँमा लडिहाले । त्यसपछि फेरि बाहिर–भित्र भैरहेको थियो । मैले देखेको चाहिं बन्दुक लिने एकैजना दीपेन्द्र शाह मात्र होइबक्सन्थ्यो । अरू त कोही थिएन त्यहाँ । त्यसपछि फेरि घुमेर आएर घाइते घाइते को–को थियो, त्यसलाई ताक्दै हान्दै, ताक्दै हान्दै गरेर .... अब अरु कुरा त्यस्तो के छ ...(रुवाई)...

**समिति : दीपेन्द्र सरकारले कस्तो पोसाक लगाइबक्सेको थियो ?**

**जवाफ** : आर्मीकै लुगा ।

**समिति : हतियार कति हुन सक्थ्यो होला ?**

**जवाफ** : हतियार कम से कममा दुईवटा मेसिनगन जस्तो थ्यो । एउटा पेस्तोल पनि हुनुपर्थ्यो । देखेजस्तो लाग्छ, मलाई । मेसिनगन के किसिमको हो थाहा छैन तर, यस्तरी बन्दुक ल्याउँदाखेरी टिलिक्क बत्ती नै बलेको थियो । मैले त लौ खा गयो भने । त्यतिबेला नै एउटा गोली खा'थें मैले । एउटा गोली खाँदाखेरि डङ्ग लडें । हलचल नै गर्न नसकेर त्यहींको त्यही बसे । अनि मेरी श्रीमती पनि आइन्, बुवालाई के भएको रहेछ भनेर हेर्नलाई । त्यसपछि बाबा मलाई पनि दागियो भने । उनले मलाई काखमा लिराथ्यो । उसलाई पनि त्यही बेला ढ्वाङ्ग हान्दियो । दुई जना त्यही लडी बसिराथ्यौं । पछि फेरि अरु मान्छेहरू आएर अस्पताल ल्याइदियो ।

*प्रस्तुत बयानहरू कान्तिपुर दैनिक र गोरखापत्र दैनिकबाट साभार गरिएको हो ।*

मुक्त आकाश

# मान्दैन जनताको मन !



अविरल थापा

विक्रम संवत् २०५८ साल जेठ १९ गते राति नेपालको नारायणहिटी राजदरबारमा वीभत्स हत्याकाण्ड भयो। कसैले कल्पनासम्म नगरेको उक्त घटनामा परी राजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराज दीपेन्द्रलगायत अन्य राजखलकले समेत ज्यान गुमाए। केही समयपछि यस विषयमा छानबिन गर्न सरकारले छानबिन आयोग गठन गर्‍यो र तत्कालीन युवराज दीपेन्द्रले नशा सेवन गरी राजारानीलगायतको हत्यागरी अन्त्यमा आफूले समेत आत्महत्या गरेको निचोड निकालियो, यद्यपि जनताको मनले सजिलै युवराज दीपेन्द्रले नै हत्या गरेको हो भनेर स्वीकार गरेनन् र अझै पनि यसमा देशी-विदेशी शक्तिहरूको हात रहेको र दीपेन्द्रलाई मोहरा बनाइएको वा उनको मुखुण्डो लगाएर उनको आवरणमा हत्याकाण्ड रचिएको र उनलाई दोष लगाएर घटना सामसुम पारिएको अड्कलबाजी थामिएको छैन। जनताले सजिलै उक्त घटनाका प्रत्यक्षदर्शीले भनेका कुरा नपत्याउनुमा केही कारण छन् जसले सदैव यो घटनालाई रहस्यमय बनाइ रहनेछ र शंकाको नजरले इतिहासले समेत औंला ठड्याइरहनेछ। केही शंका गर्नुपर्ने कारण वा आधार यी हुन सक्छन् :

**१. ज्ञानेन्द्र शाहको खलक जोगिनु**

हत्याकाण्ड हुँदा तत्कालीन अधिराजकुमार ज्ञानेन्द्र शाह पोखरामा थिए। उनकी पत्नी कोमल शाह, शाहज्यादा पारस शाह तथा छोरीहरू हत्याकाण्ड भएको भोजमा सरिक थिए तर घटनामा कोमल शाह घाइते मात्र भइन् भने पारस शाहलाई केही पनि भएन। त्यसमाथि पारस शाह युवराज दीपेन्द्रलाई लागूपदार्थ सेवन गराउन पनि सरिक रहेको पाइयो, त्यसैले धेरैले यो सबै ज्ञानेन्द्र शाह र उनको परिवारले शासन सत्ता हत्याउन रचेको चाल हो भनेर उनीमाथि शंका गरे। यदि ज्ञानेन्द्र शाहका परिवारका कोही एकको मात्र मृत्यु हुन्थ्यो भने उनी र उनको परिवारमाथि आरोप लाग्ने थिएन। बेहोस र मदहोस भनिएका तत्कालीन युवराज दीपेन्द्रले छानीछानी आफ्ना परिवारका सदस्यहरूमाथि मात्र गोली चलाए, अरुलाई छाडिदिए भन्नु आफैंमा रहस्यात्मक मानियो। राजा वीरेन्द्रले जनता र पार्टीहरूको दबाबमा उद्दण्ड स्वभावका पारस शाहको शाहज्यादा पदवी खोस्न पहल गर्नुले कतै बदलाको भावना जागेको त थिएन भन्ने शंका गर्नुपर्ने आधार पनि जीवितै थियो। त्यही दिन ज्ञानेन्द्र एक्लै चाहिँ किन काठमाडौंमा भएनन् भन्ने कुराले पनि शंकामा थप मलजल गर्‍यो। पछि ज्ञानेन्द्र शाह राजा नै भए तर कतिपयले उनलाई दाइ मारेर राजाभएको भनेर चियागफमा कुरा गरिरहे र अझै पनि उक्त कुराले पूरा सफाइ पाएको छैन।

**२. सैनिकको भूमिका र पोस्टमार्टम नगरिनु**

राजदरबारभित्रै त्यत्रो घटना घट्नु र हजारौंको संख्यामा सैनिक रहेको राजदरबारभित्र पहिलो गोली चलिसकेपछि आफ्नो ज्यान नै बलिदान गरेर भए पनि राजाको रक्षा गर्नुपर्ने राजाको अंगरक्षक र सुरक्षाफौजको भूमिका शून्य रहयो। गोली चलिसकेपछि तत्काल घटनास्थललाई घेरा हाली गोली हान्ने जो कोही भए पनि र जस्तोसुकै कदम भए पनि चाल्नुपर्नेमा सेना किन मूकदर्शक भएर बस्यो भन्ने कुरा अर्को रहस्य हो। गोली खाएरै भए पनि बन्दुकधारी व्यक्तिसँग राजाका अंगरक्षक किन मुकाबिला गर्न गएनन् र त्यत्रा मानिस मरेको ठाउँमा राजा र उनको परिवारलाई जोगाउने क्रममा एक जना सैनिक जवान र अधिकृतसम्मले ज्यान नगुमाउनु, घाइतेसम्म नहुनुले कतै सेना पनि हत्यामा संलग्न त थिएन भन्ने शंका पनि जनताको मनमा कायमै छ। घटनापश्चात सबै घाइतेलाई नजिकैका अन्य अस्पताल नलगी सैनिक अस्पतालनै लगिनु, प्रधानमन्त्री र सरकारका मन्त्रीहरूलाई नै घटनास्थलमा जान र घाइतेलाई भेट्न सहज पहुँच नदिनु, मृतकको पोस्टमार्टम गर्नैपर्ने विश्वव्यापी मान्यता लत्याउँदै लासको दाहसंस्कार गरिनु आदि कारणले पनि कतै यो घटनाको गुरुयोजनाकै रुपमा त सम्पन्न गरिएको थिएन भन्ने प्रश्न उठ्ने गरेको छ। आफ्नो राजाको रक्षार्थ एउटा गोली पनि नखाएको र एउटा गोली पनि नचलाएकाले नेपाली जनताले पछिसम्म सेनाको भूमिका र बफादारितामा प्रश्न गरिरहेनछन्।

**३. घटनास्थल भत्काइनु**

यदि पछि राजाभएका ज्ञानेन्द्र शाहलाई उक्त घटनामा आफूमाथि लागेको आरोप झूटो हो भनी प्रमाणित गर्नु थियो भने संयुक्त राष्ट्र संघ वा त्यस्तै निष्पक्ष अन्तर्राष्ट्रिय स्तरको जाँचबुझ टोली बनाएर छानबिन गराउन सक्थे तर उनले त्यसो गर्नुको साटो घटना भएको स्थल र भवनहरू भत्काएर नामेट पारिदिए र उपलब्ध हुन सक्ने प्रमाणहरू पनि सदाका लागि खत्तम बनाइदिए। त्यो स्थल इतिहासका लागि संग्राहलय हुन सक्थ्यो। जनता त्यो ठाउँ हेरेर विश्वस्त हुन चाहन्थे तर उनले कुनै मौका दिएनन्। त्यसैगरी हत्याकाण्डमा जीवित रहेकी धीरेन्द्र शाहकी श्रीमती प्रेक्षा शाहको पनि केही समयपछि हेलिकप्टर दुर्घटना परि रहस्यमय तरिकाले रारा तालमा निधन भयो। उनीबाट सत्य कुरा बाहिर आउने डरले दुर्घटनाको नाममा उनको पनि योजनाबद्ध तरिकाले हत्या गरिएको हो कि भनेर थप शंका-उपशंका गरियो।

**४. राजाले शासनसत्ता हत्याउनु**

राजनीतिक पार्टीहरूको सत्तामा जाने र सरकार गिराउने खेलबाट जनता पनि आजित भैसकेका थिए भने अर्कातिर मुलुक माओवादी युद्धले आक्रान्त थियो। यही कुरालाई बहाना बनाएर वि. सं. २०६२ माघ १९ गते राजा ज्ञानेन्द्रले पार्टीहरूमाथि प्रतिबन्ध लगाउँदै सत्ताको बागडोर आफूले सम्हालेको घोषणा गरे। दलहरूसँग वाक्क भएका कसैले यो कदमको स्वागत गरे भने पार्टी र प्रेसले चर्को विरोध गरे। जनताको ठूलो तप्का पर्ख र हेरको अवस्थामा थियो तर ज्ञानेन्द्रको मन्त्रिपरिषद् अग्रगामीभन्दा पश्चगामी र काम विकासवादीभन्दा दमनकारी देखियो। उनी र उनको सरकारले जनताको मन जित्न सकेन र कतै राजाले दाजुको वंशविनाश गरेर निरंकुश शासन चलाउन खोजेका त होइनन् भनेर जनताको मनमा चिसो पस्यो। विस्तारै मुलुकमा राजाविरोधीमोर्चा बलियो हुँदै गयो जसमा विद्रोही शक्ति माओवादी र दलहरू पनि मिले। अन्ततः ०६२/६३ को जनआन्दोलनले ज्ञानेन्द्र शाहको सरकारलाई घुँडा टेकायो र दलहरूको सरकार पुनर्स्थापित भयो।

**५. स्वतः गणतन्त्र घोषणा गरिनु**

अन्तरिम संविधान २०६३ को प्रावधानअनुसार भनेर दलहरूले वि.सं. २०६४ पुस १३ गते नेपाललाई गणतन्त्रमा जाने प्रस्ताव बहुमतले पारित गरे। पछि २०६५ जेठ १५ गते संसदले गणतन्त्रलाई अनुमोदननै गर्‍यो तर यति ठूलो निर्णयमा नेपाली जनतालाई प्रत्यक्ष सहभागी गराइएन। जनमत संग्रहमा गएर गणतन्त्र बनाउने कि राजतन्त्रलाई मानार्थ भए पनि राख्ने भनेर जनमत बटुल्ने काम भएन। कतै विदेशी शक्तिको इसारा र दबाबमा परेर उनीहरूको स्वार्थ सिद्ध गर्न दलहरूले हठात नेपाललाई गणतन्त्रात्मक मुलुक त बनाएनन् भनेर कतिपयले प्रश्न उठाए भने कतिपयले यो कुरासँग दरबार हत्याकाण्डको पनि सम्बन्ध हुन सक्ने अनुमान गरे। विदेशी शक्तिले कहिले तत्कालीन राजा त कहिले दलहरूलाई खेलाएर, लडाएर आफूअनुरूप प्रयोग गर्न योजनाबद्ध रूपमा राजदरबार हत्याकाण्ड हुँदै गणतन्त्र, धर्मनिरपेक्षता आदि लादेका हुन सक्छन् भन्ने कुराले जनताको मनमा पसेको चिसो अझै कायमै छ। ज्ञानेन्द्र स्वयंले पनि दलहरूसँग सम्झौता हुँदा राजतन्त्र फाल्ने कुरा भएको थिएन भनेर बारम्बार भन्नु, दलहरूले धोका दिए भन्नु र दलहरूको रवैया पनि जनतामा नगै निर्णयहरू गर्दै जानुले शंकामाथि शंका थपिँदै गयो।

यसरी दरबार हत्याकाण्ड भएको दिनदेखि घट्दै गएका अनेक घटना-उपघटनाहरूले उक्त हत्याकाण्ड तत्कालीन युवराज दीपेन्द्रको क्षणिक सनक र एकल प्रयासमा मात्र भएको थियो भनेर पत्याउनुको साटो यसमा देशी-विदेशीशक्तिहरूको लामो समयदेखिको योजना थियो र समयअनुसार सबै जना प्रयोग भएको हुँदा सबैजना तैं चुप मैं चुपको अवस्थामा रहेको अनुमान कतिपयको छ। कालान्तरमा कुनै दिन सत्यतथ्य आउला-नआउला, तर इतिहासले तत्कालिन सरकार राजनैतीक दलहरू राजा ज्ञानेन्द्र तथा सेनाको भूमिकामा औंला भने ठड्याइरहनेछ।

Facebook.com/abeeralthapa
Twitter@abeeralthapa

समय सन्दर्भ

# जेठ १९ पछि...



अधिकारी रवीन्द्र

२०५८ साल जेठ २० गते। एसएलसी दिएका हामी बच्चाहरू खाटलाई बोर्ड बनाएर टेबल टेनिस खेल्दै थियौं। घरमा बुवाले रातो एमेर्जेन्सी लाइट किनेर ल्याउनुभएको थियो। त्यसमा रेडियो, एफएम, क्यासेट सबै सुन्न मिल्थ्यो। चुम्बकलाई माथिपट्टि पल्टाएर माटोको घैंटोमा घोप्ट्याएपछि होम-मेड स्पिकर गज्जबले बज्थ्यो। त्यस दिन अचम्मै भएको थियो। बिहानदेखि नै सबै एफएम र रेडियोमा शोकधुन मात्र बजिरहेका थिए। गाउँघरमा सबै अचम्मित थिए। कसैलाई केही थाहा थिएन। घरको टीभीमा एनटिभी मात्र आउँथ्यो। त्यसमा पनि शोक धुन। काठमाडौंमा राति नै हङ्गामा भैसकेको रहेछ। त्यस्तैमा संचार माध्यमहरूले विशेष सूचना बनाएर दरबार हत्याकाण्डको खुलासा गरे र पुनः शोक धुन निरन्तर बजाउन थाले। हामी सबै स्तब्ध भएका थियौं। गफगाफ गर्न मानिसहरू हूल-हूल बनाएर भुत्तिन थाले। हामी १०-१२ जना आँगनको डिलमा बसी पालीमा राखिएको घैंटोले बनेको स्पिकर एक टकसँग हेर्दै थियौं- यो भाँडोले कहिले नयाँ विवरण फुक्छ भनेर। गाउँका एक जना हजुरबा 'सबका सब सिद्धिएछन्' भनेर पुर्पुरोमा हात राखेर थुचुक्कै बसेर क्वाँक्वाँ आवाज आउने गरी रोए। हामी किशोरहरूलाई नरमाइलोचाहिँ लाग्यो तर त्यस्तो साह्रो चिन्ता गर्ने मान्छे पनि हुँदा रहेछन् भनेर अचम्म लाग्यो। यो प्रायः सबै ठाउँतिर भयो। राजालाई साक्षात् विष्णु भगवान्को अवतार मानेर पूजा गर्ने बूढाबूढीहरूको मनमा साँच्चै नै गहिरो चोट पुग्यो।

शोकले खाना खाने मन लगेन, कसैलाई पनि। जब टिभीमा केश मुण्डन गरेर सडकमा उत्रिएका मानिसहरूको हुल देखाउन थाल्यो, तब गाउँगाउँमा पनि कपाल खौरिने लहर चल्यो। व्रतबन्धपछिको दोस्रो केश मुन्डन थियो त्यो मेरो। प्रायः केटाहरूले फेसनकै रुपमा शिर मुडुलो बनाए।

देश नै शोकमा डुब्नेगरि त्यत्रो घटना घट्यो। विदेशी संचार जगतमा पनि यो समाचारले राम्रै स्थान पायो। केही हप्तामा हत्याकाण्डको प्रतिवेदन आयो तर पनि जनतालाई त्यसले आश्वस्त तुल्याउन सकेन। अझै पनि त्यो रात घटेको घटनाका धेरै पक्षहरू एउटा रहस्यको घुम्टोभित्र लुकेझैं लाग्छ। तत्कालिन नेकपा माओवादीका नेता पुष्पकमल दाहाल प्रचण्डले भारतीय रअको संलग्नता रहेको भनेर भाषण समेत् गरे। राजगद्दी हत्याउन वीरेन्द्रको उत्तराधिकारी पूर्णतया नष्ट गर्ने षड्यन्त्र रचेर ज्ञानेन्द्र शाह आफूचाहिँ पोखरा गएको भन्ने विश्लेषकहरू पनि भेटिए। ठोस प्रमाणबिना यस्ता तर्कहरूलाई आधार मान्न मिल्दैन। जे जस्तो भए पनि आधिकारिक दस्तावेज, अन्य प्रत्यक्षदर्शीको बयान र धीरेन्द्रका ज्वाइँ डा. राजीव शाहीको विवरणगत पत्रकार सम्मेलनका अनुसार मान्नै पर्ने हुन्छ कि यो घटनाका ट्रिगर युवराज दीपेन्द्र नै थिए।

यो घटना नेपालको इतिहासमा एउटा महत्वपूर्ण बिन्दुका रूपमा रहेको छ। राजा वीरेन्द्र तुलनात्मक रूपमा लोकप्रिय थिए। जब कम रुचाइएका ज्ञानेन्द्र महाराजधिराजका रूपमा सत्तासिन भए तब जनताको अरुचि र माओवादीलगायतका राजनीतिक पार्टिहरूको राजतन्त्र अन्त्यको आन्दोलनले मिलन बिन्दु पायो। क्रमशः त्यसले चर्को रुप धारण गर्दै गयो र अन्ततः गणतन्त्र स्थापना भयो। भन्नाले नेपालले विभिन्न राजनीतिक घटनाक्रम तय गर्ने क्रममा एक न एक दिन गणतन्त्र त आएरै छोड्थ्यो तर यो हत्याकाण्डले त्यो यात्रालाइ छोटो बनाउन प्रमुख भूमिका खेल्यो।

त्यसपछिको मुद्दा अझ महत्वपूर्ण छ। शताब्दियौं लामो जहाँनियाँ शासनसत्ता उखेलेर हामी जनताद्वारा सञ्चालन हुने राज्य बनाउन चाहन्थ्यौं। लोकतन्त्र वा गणतन्त्र नाम जे-जे दिए पनि त्यो पूरा भयो। जनताकै प्रतिनिधिहरूबाट संविधान पनि तयार भयो। यो शासन प्रणाली परिवर्तन गर्न धेरैले शाहदत् प्राप्त गरेका छन्। अब के अहिले आएर हामीले सोचेको जस्तो भयो ? हामीले जे भन्ठाँनेका थियौं अथवा हामीलाई जे-जे भनिएको थियो तत् तत् बमोजिमको परिवर्तन हामीले महसुस गरिरहेका छौं त ? छैनौं। व्यक्ति वा प्रणाली फेरिए पनि प्रवृत्ति उही नै रह्यो।

पहिले-पहिल अस्थिर सरकार भनेर दोष दियौं। अहिले अब अर्कै केहीलाई दोष दिन्छौं। राजा भन्ने नाम हटाइयो, राज दरबार हटाइयो। नाम फेरेर अर्को अनुहार ल्याइयो, अर्को संस्था र आवास बनाइयो। एउटा राजा थिए, अब कैयन् रजौटाहरू आए। जनतामा अधिकार निहित छ भनेर सबैले भाषण छाँटकै हुन्छन्। सुख-सुविधा, शक्ति र पदको फाइदा ती रजौटाहरूले भरपुर लिएका छन्। देशले नयाँ र लामो नाम पायो तर जनताले त्यो परिवर्तनको अभास गर्न सकेनन्। पहिले राजपरिवारको निगाहमा चल्ने कुरा अहिले यी नेताहरूको पेवा भएको छ।

हुनत कतिपयले भन्छन् कि अहिलेको भन्दा राजाकै पालामा ठीक। कमसेकम राजालाई देशको बढी नै माया हुन्थ्यो- सन्तान दरसन्तानसम्म आफ्नो विरासतको हस्तान्तरण हुँदै जान्छ भनेर। अहिले सत्तासीन हुन एउटा समूह आउँछ, केही समयपछि जान्छ। छोटो समयका लागि आउने यस्ता व्यक्ति पदमा भएका बेला अकुत पैसा कमाउन र पावर प्रयोग गर्न चाहन्छन्। यद्यपि यसो भन्दैमा गैसकेको राजतन्त्र ब्युँताउने भनेर केही समूह र दलले भनेको कुरा मुनाशिब छैन। समय अघि बढिसकेको छ, अब अहिले प्राप्त व्यवस्थालाई नै सुदृढ र विकसित बनाउँदै लानुपर्छ।

facebook.com/ravinems



तस्बिर : राजाराम पौडेल

# दरबार हत्याकाण्ड छानबिन गर्ने

# कानुनी अधिकार थिएन

एक समयका नेपाली कांग्रेसका प्रभावशाली नेता हुन्- पूर्व सभामुख तारानाथ रानाभाट । कास्की क्षेत्र नम्बर १ बाट २०४८ र २०५६ सालमा प्रतिनिधिसभामा निर्वाचित भएका रानाभाट सभामुख र मन्त्रीसमेत भैसकेका नेता हुन् । नेपाली कांग्रेसको महामन्त्री, प्रवक्ताजस्ता उच्च तहका जिम्मेवारीसमेत निर्वाह गरिसकेका रानाभाट अहिले राजनीतिमा उति सक्रिय देखिदैंनन् । ७३ वर्षीय रानाभाट रहस्यमय मानिने नारायणहिटी दरबार हत्याकाण्ड छानबिन गर्न गठित उच्चस्तरीय छानबिन समितिका सदस्य समेत हुन् । उक्त घटनाका सम्बन्धमा छानबिन गर्न तत्कालीन प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायको अध्यक्षतामा गठित उच्चस्तरीय छानबिन समितिको सदस्य हुँदा उनी सभामुखको भूमिकामा पनि थिए । रानाभाटसँग दरबार हत्याकाण्डको छानबिन प्रक्रिया, दरबार हत्याकाण्डपछि घटनास्थलको अवस्था, घटना रहस्यमय बन्नुको कारण तथा उनको राजनैतिक यात्रासँग केन्द्रित रहेर साप्ताहिककर्मी राजाराम पौडेलले उनको निवास पोखरा महानगरपालिका वडा नम्बर-२६, कन्ननीडाँडामा पुगेर गरेको कुराकानी :

■ तारानाथ रानाभाट

**लामो समयदेखि राजनैतिक मञ्चमा देखिनुहुन्न, के गर्दै हुनुहुन्छ ?**

म त राजनैतिक परिवारको मान्छे, राजनीति नै गरेर आएको मान्छे, अन्यत्र त ध्यान पनि जाँदैन, यही राजनीति र समाजसेवा नै हो । दु:खको कुरा के छ भने चौथो अंगको आँखा जो पावरमा छ जो पदमा छ त्यसमाथि मात्र पर्छ । सर्वसाधारण जनताका बीचमा रहेर मुलुकको ज्वलन्त समस्यालाई उजागर गर्दै ती समस्या समाधानको उपाय खोज्दै मेरो दिन बित्छ । विभिन्न पार्टीहरूसँग, विभिन्न नेताहरूसँग, आफ्नै पार्टीका नेता तथा साथीभाइहरूसँग त दैनिक भेटघाट, छलफल हुन्छ । कहिलेकाहीं अन्तर्राष्ट्रिय क्षेत्रका आफूले चिनेका साथी काठमाडौं आउँदा उनीहरूसँग पनि विचार आदान प्रदान हुन्छ । नेपालको परराष्ट्र नीतिका सम्बन्धमा, चीन र भारतको दुईपक्षीय सम्बन्धका बारेमा, बढ्दै गएको अप्ठ्यारो, सानातिना कुराबाट पनि मुलुकले बेहोर्नुपर्ने ठूलो समस्या आदिमा पनि हामी छलफल गर्छौं, हाम्रा केही मञ्च पनि छन् । बेला-बेलामा बैठकसमेत हुन्छ ।

**तपाईंले त राजनीतिबाट विश्राम लिनुभएको भनिन्छ त ?**

होइन, उहाँहरूले किन भन्नुहुन्छ, या त अध्ययनको कमी हो, या त अरूको ईर्ष्या गर्ने कुराले हो, जुन राजनीतिमा बढी छ, यो दुखद कुरा हो । विपक्षी पार्टीका साथीहरूले त्यस्तो कुरा गर्दैनन्, विशेष गरेर आफ्नै पार्टीभित्र यस्तो कुरा हुन्छ, तर मैले विश्राम लिएको छैन, क्रियाशील नै छु ।

**पार्टीको महामन्त्री, मन्त्री तथा पूर्व सभामुखसमेत रहिसकेको मान्छे कत्ति चासो राख्नुहुन्छ राजनीतिमा ?**

हामीहरू पदीय जिम्मेवारीमा रहेका साथीहरूको तुलनामा कम सक्रिय छैनौं, म मात्र होइन, मजस्ता नेपाली कांग्रेसका धेरै साथीहरू, चाहे त्यो चिन्ताग्रस्त स्थितिले हामी अभिव्यक्ति दिन्छौं, चाहे संगठन सुधारका निम्ति वा साथीहरूका बिचमा रहेका आपसी मनमुटाव, द्वैष, ईर्ष्या, अविश्वासको बारेमा । जुन संकट छ, पार्टीभित्र गुट, उपगुट, समूहका जुन नराम्रा खेलहरू छन्, तीनका विषयमा चिन्ता व्यक्त गर्ने साथीहरूलाई एकत्रित गरेर जनताको बीचमा रहनुपर्ने स्थितिको निर्माणका निम्ति हाम्रो प्रयत्न जारी छ ।

> छानबिन होइन त्यो, घटना स्थलको प्रकृति विवरण हो, कस्तो कोठा थियो, त्यहाँ को-को उपस्थित थिए, मर्डर भैसकेपछि कोठाको अवस्था कस्तो थियो, कहाँ चुरोटका ठुटा थिए, कहाँनेर एस्ट्रे थियो, कहाँनेर रगतका टाटा थिए, गिदी कहाँ थियो, मासुका टुक्राहरु कता थिए, छोराको लास कहाँ थियो, आमाको लास कहाँ थियो, बन्दुक कहाँ थिए आदि-इत्यादि, यो प्रकृति विवरण तयार गर्ने काम थियो हाम्रो, हामीले खोजबिन सुरु गर्दा नै, धेरै दिन बितिसकेको थियो ।

**अहिलेको राजनैतिक अवस्था कस्तो छ ?**

यदि कम्युनिस्ट पार्टी सचेत भयो भने ऊसँग अहिले संसद्मा दुइतिहाइ बहुमत छ, यो मुलुक हाँक्नका निम्ति, विकासका निम्ति, शान्ति-सुरक्षाको प्रबन्धका निम्ति असाध्यै अनुकूल वातावरण छ, देशमा अझै पनि अशान्ति, हत्या-हिंसा आदि छ, जातजातिबीचका झगडा छन्, धर्मका द्वन्द्वहरू छन्, अहिलेको परिस्थितिमा राष्ट्रिय एकता भंग भएको छ । जातजातिको झगडा, धर्म संस्कृतिको झगडा, भूगोल र भेगको झगडा, प्रान्त-प्रान्तको झगडा, सबैतिर झगडा भैरहेको छ, यसले भोलि उग्र रूप लिन्छ, निश्चित छ त्यसलाई सम्हाल्न सकिँदैन, यसबाट पृथक्तावादी आन्दोलन जन्मन सक्छ भन्ने मेरो अनुमान छ । यस्तो स्थितिलाई बढावा नदिई राष्ट्रिय एकता प्रवर्द्धन गर्ने, सामाजिक सद्भाव, धार्मिक सहिष्णुताका निम्ति जोड दिने, आर्थिक उन्नतिका निम्ति जनताले विश्वास गर्ने खालका कार्यक्रम लिएर आउने हो भने नेकपालाई अहिले ठूलो मौका छ । सरकारले विभिन्न ढंगले काम गर्न सक्नुपर्छ । शक्ति प्रयोग पनि गर्नुपर्छ, मेलमिलापका निम्ति वार्ताको ढोका पनि खुल्ला राख्नुपर्छ । अपोजिसनलाई हेपेर हुँदैन । बुद्धिजीवी, नागरिक समाज तथा मुलकको परिस्थिति बुझेका जुनसुकै पार्टीका नेताहरूसँग बसेर छलफल गर्ने, नीति-निर्माण गर्ने, कल्चर विकास गर्ने तागत नेकपासँग भयो भने विकास गर्नलाई अझै ऊसँग ४ वर्ष बाँकी छ । बीजारोपण त गर्न सकिन्छ, विजारोपण भैसकेको कुरालाई अघि बढाउन सहज हुन्छ ।

**प्रसंग बदलौं, नेपाली इतिहासकै सबैभन्दा ठूलो दरबार हत्याकाण्डलाई अहिले पनि रहस्यकै रूपमा हेरिन्छ किन होला ?**

त्यो सरकारको कमजोरीले, त्यत्रो ठुलो हत्याकाण्ड भयो, कस्तो स्थितिको, सर्वोच्च निकाय हो नि त्यतिबेलाको, सुरक्षाको प्रबन्धमा कमि थिएन, त्यतिबेला सुरक्षाको तीनघेराभित्र रहने भन्थे, त्यसबाहेक सैनिकका टुकडीहरू त्यही भित्र थिए, विशेष प्रहरी त्यही भित्र थियो, तर त्यो कसरी भयो, न सरकारले गहिरो अनुसन्धान गर्‍यो, फौजदारी केसका निम्ति भएको कानुन त्यतिबेला पनि त थियो, त्यो किन आकर्षित भएन ? प्रधानमन्त्री थिए, राजदरबारसम्बन्धी मन्त्री थिए, गृहमन्त्री थिए, सुरक्षा निकाय सबै विद्यमान थिए, सरकारले उक्त विषयमा गम्भीर चासो लिइदिएको भए र सरकारी निकायलाई जस्तो गाउँघरमा मर्डर केस हुन्छ नि तुरुन्तै पुलिसले टेकअप गर्छ, त्यो, खोइ त्यहाँ गर्‍यो ? राजदरबारसम्बन्धी मन्त्रीलाई के लाग्यो, गृहमन्त्रीलाई के लाग्यो कि सरकारले त्यो कुराको खोजी नै गरेन, अनि पुलिसले सर्जमिन गराउने मुचुल्का गराउने शंकामा वा प्रमाणका आधारमा दोषी देखिएकाहरूलाई कानुनअनुसार मुद्दा दायर गर्ने, दोषी ठहरे दण्डसजाय गर्ने काम सरकारले गर्‍यो ? कतिखेर गर्‍यो ? सरकारले के गर्‍यो भने घटनास्थलको प्रकृति विवरण बुझ्न, हेर्न र घटना स्थलमा उपस्थित रहेका बचेका मानिसहरूले के देखे, त्यो सत्य-तथ्य बुझ्न भनेर आयोग बनायो, त्यसको सदस्य म पनि थिए, प्रधानन्यायाधीशको अध्यक्षतामा, अर्का सदस्य माधव नेपाल पनि थिए, आफूले दस बिन्ती गरेर राजासित पनि, प्रधानमन्त्रीसँग पनि, म त जसरी पनि रहनुपर्छ हजुर भन्नुभयो, त्यहाँ सुन्ने १५-२० जना छौं हामी, सुरक्षा निकायका मानिस, प्रधानन्यायाधीशदेखि लिएर, राजा हुने मान्छे सबै छन्, डाक्टरहरू छन्, उहाँले निउरा गर्दा, पछि फेरी काम गर्ने बेला म त बस्दिनँ भनेर भनिदिनुभयो, किन ? माधव नेपालले कसको इसारामा वा कसको आदेशमा पछि बस्दिन भने त्यो रहस्य पनि छ, अझै पनि समय गुज्रिएको छैन, त्यस विषयमा सरकारले चाहने हो भने अहिले पनि सारा कुरा खोतल्न सक्छ, हेर्न सक्छ, अनुसन्धान गर्न सक्छ, अन्वेषण गर्न सक्छ, विश्लेषण गर्न सक्छ, केही रेकर्ड अस्पतालमा होलान्, हामीले सोधपुछ गरेका हेरेका तस्बिरसहित देखेकाहरूको बयान हामीले रेकर्ड गरिदिएका छौ, त्यसले आधार नपुगे अरु अनुसन्धान गर्न सकिन्छ, सरकारले गरोस्, त्यतिबेलाको सरकारले किन गरेन भनेर अहिलेको सरकारले खोज्न सक्छ ।

**तपाईं सदस्य रहेको दरबार हत्याकाण्ड उच्चस्तरीय छानबिन समितिको प्रतिवेदन कसरी तयार पारिएको थियो ?**

छानबिन होइन त्यो, घटना स्थलको प्रकृति विवरण हो, कस्तो कोठा थियो, त्यहाँ को-को उपस्थित थिए, मर्डर भैसकेपछि कोठाको अवस्था कस्तो थियो, कहाँ चुरोटका ठुटा थिए, कहाँनेर एस्ट्रे थियो, कहाँनेर रगतका टाटा थिए, गिदी कहाँ थियो, मासुका टुक्राहरू कता थिए, छोराको लास कहाँ थियो, आमाको लास कहाँ थियो, बन्दुक कहाँ थिए आदि-इत्यादि, यो प्रकृति विवरण तयार गर्ने काम थियो हाम्रो, हामीले खोजबिन सुरु गर्दा नै, धेरै दिन बितिसकेको थियो । यद्यपी, त्यहाँको प्रकृति विवरण हामीले जस्ताको तस्तै ल्यायौ, त्यो ठाउँ जहाँ पारिवारिक जमघट हुन्थ्यो त्यसको विवरण हामीले देख्दा जस्तो थियो त्यस्तै ल्यायौ, त्यहाँ बाहिरको मानिस जान पाउदैनथ्यो, त्यो विवरण हामीले जस्ताको त्यस्तै उतारेर दिएका थियौं, हामी प्रवेश गर्दा जे देखियो त्यही, त्यसभन्दा अगाडीको हामीलाई थाहा थिएन, घटना घटेको धेरै दिनपछि हामी त्यहाँ प्रवेश गरेका थियौं । सरकारको सिफारिसमा राजाले बनाएको हो त्यो समिति, हामी त्यहाँ पुगेपछि घटनास्थलको प्रकृति विवरणजस्तो थियो त्यो हामीले उतार्‍यौं, फोटोग्राफ पनि

पृष्ठ ११ मा



# दरबार हत्याकाण्ड छानबिन...

पृष्ठ १० बाट

छन्, अनि त्यहाँ उपस्थित भएका, बचेका, देखेका, त्यतिबेला मुमा बडामहारानी त्यहीं हुनुहुन्थ्यो, राजपरिवारका अन्य उमेर पुगेकादेखि बूढाबूढी थिए, तन्नेरी तथा केटाकेटीहरू थिए, नातेदारहरू पनि थिए, त्यहाँ भान्से थिए, भान्साको परिकार लाने-लैजानेहरू थिए, तिनीहरूलाई तिमीले के देख्यौ, घटना कसरी भएको हो भनेर सोध्यौं तिनीहरूले जे देखे, जे भने त्यो हामीले उतारेका हौं ।

**भित्री रूपमा विवरण संकलन गर्न पाउनु भएन ?**

हामीलाई त्यो कानुनी अधिकार नै थिएन, को दोषी हो त्यसलाई पक्राउ गर्ने, बयान लिने, सर्जमिन गर्ने अधिकार हामीलाई थिएन ।

**उक्त प्रतिवेदन तयार पार्दा नेपालमा राजाकै शासन थियो, कतिको सहज भयो ?**

एकदम सहज, सबैले खुलेर कुरा गरेका थिए, राजपरिवारका मानिसहरू बडो सम्मानपूर्वक कुरा गर्थे, पोलाइटली कुरा गर्थे, कुनै दम्भ थिएन, गम्भीर भएर कुरा गर्थे, आफ्नै आँखाले देखेको हुनाले संवेदनशील भएर कुरा गर्थे, ढाँटछल गर्नुपर्ने कुरा थिएन, हामीले क्रस पनि गरेका थियौं । त्यस्तो थियो स्थिति ।

**तपाईंहरूले अनुसन्धानका क्रममा घटनास्थल कस्तो पाउनुभयो ?**

त्यो त सुनसान, मसान घाट जस्तो थियो नि, जब लास तथा घाइते लगेपछि राजदरबारले त्यो घटनास्थललाई सुरक्षित गर्न कसरी व्यवस्थित गर्‍यो, त्यो त हामी जान्दैनौं, त्योभन्दा पछाडि हामी जादा त रगतका टाटाहरू पनि सुकेका थिए, जहाँ भित्तामा, बाटोमा, भुईंमा पनि टाटा बसिसकेको थियो । भन्नैपर्दा धेरै बासी भैसकेको स्थिति थियो त्यहाँको ।

**तत्कालीन प्रधानन्यायाधीशको नेतृत्वमा बनेको उच्चस्तरीय छानबिन समितिले प्रतिवेदन तयार पार्‍यो, तर त्यसमा धेरैले विश्वास गरेनन्, किन होला ?**

हामीलाई ज्यादै जिम्मेवार माथिल्लो तहका कर्मचारीलाई लिएर सहयोग समिति बनाउन दिएको थियो सरकारले, रिपोर्टमै धेरैको नाम छ । धेरै माथिल्लो तहका जिम्मेवार, सर्वोच्च अदालतका, संसदका निष्पक्ष, इमान्दार तथा अनुभवी माथिल्लो तहका कर्मचारी तथा फोटोग्राफरहरूलाई समेत आधिकारिक रूपमा सहयोगी बनाएर हामीले त्यहाँको प्रकृति विवरण हेर्ने र त्यो घटना आँखाले देख्ने राजपरिवारका नातेदार तथा सदस्यहरूसँग हामीले बुझेको हो ।

त्यसमा धेरैले विश्वास नगर्नु स्वभाविक हो, नियमपूर्वक त खोजेकै छैन नि, कानुनअनुसार त खोजेको छैन, कानुन प्रभावित पनि भएको छैन, त्यो त राजनैतिक समिति भयो, त्यहाँ हामीले जसले जे भन्यो त्यही लेख्यौं, समितिलाई दिएको कार्यादेशमा जे थियो त्यसको सिमा भित्र रहेर काम गर्दा हामीले चुक गरेका छैनौं, भन्ने ठाउँ राखेका छैनौं ।

**अहिले पनि दरबार हत्याकाण्डलाई रहस्य र षड्यन्त्रकै रूपमा लिइन्छ । कुन तत्वले काम गरेको हो यसमा ?**

स्वभाविक नै हो, कम्युनिस्ट पार्टीका नेताहरूको हत्या भयो त्यो पनि रहस्यकै गर्भमा छ, अस्ति मात्र एउटै घरका नौ जना सदस्यको हत्या भयो, त्यस्ता घटना त सयौं भैसके नि, ती पनि रहस्यमय नै छन्, त्यसमाथि दरबारको यो घटना नहुने कुरै भएन, त्यसका निम्ति सरकारले चासो राखेर खोजिदियो भने यो म्याद जाने कुरा होइन, फौजदारी केस त्यसमा पनि हत्या सम्बन्धी केसको हदम्याद हुन्छ र ? जहिले सक्यो अध्ययन-अनुसन्धान गरेर कानुन बमोजिम निर्क्यौलमा पुग्न राज्य लाग्नुपर्छ नि । तत्व के थियो भन्ने कुरा त भगवान् जानून् । हामीलाई जे अधिकार दिइएको थियो, जुन सीमाभित्र रहेर काम गर्नु भन्ने कार्यादेश थियो । त्यही कार्यादेशभित्रको सीमामा रहेर हामीले इमान्दारिपूर्वक काम गरेको हो ।

**तपाईंलाई राजदरबार हत्याकाण्डको सत्यतथ्य बाहिर आएजस्तो लाग्छ ?**

सत्य-तथ्य के हो कानुन प्रयोग गर्न पाइयो भने पो निस्कन्छ, हामीलाई कानुन प्रयोग गर्ने अधिकार थिएन, सरकारले तत्कालिक राहत महसुस गर्न होला, संवैधानिक राजाले त सरकारले भने अनुसार काम गर्ने हो, अहिले पनि राष्ट्रपतिले सरकारले भने अनुसार काम गर्ने हो, सरकारले किन यो बनायो र राजाको पनि चित्त बुझाएर काम गर्नुपर्छ भन्नेमा पुगे, आफ्नै घरको समस्या थियो त्यो, त्यो त अधुरो थियो, हामीलाई दिइएको कार्यादेशमा कानुन प्रयोग गरेर छिनोफानो गर्ने अधिकार थिएन, फेरि त्यो पनि निर्णय हुनुपर्थ्यो, त्यो त छैन, त्यसैले हामीले कानुनको प्रयोग गर्नै पाएनौं, त्यतिबेलाको संवेदनशील स्थितिमा सरकारले पनि आफू फुत्कने, आफु कर्तव्यच्युत भएको हो भन्ने नपार्न मात्र समिति बनाएजस्तो लाग्छ मलाई त ।

**कतिले दीपेन्द्र आफैं ढल्ने अवस्थामा कसरी त्यति धेरै जनाको ज्यान जाने गरी त्यो पनि एक होइन चारचार वटा बन्दुक चलाए होलान भन्छन्, छानबिनका क्रममा के पाइएको थियो ?**

जसले जे-जे भने हामीले त्यही लेख्यौ, हामीले त अरूले भनेका कुरा लेखेको हो, बन्दुक कहाँ थिए, कसरी राखिएको थियो, बन्दुक नेपालको ऐन कानुन बमोजिम राखिएको थियो कि थिएन, कानुन प्रयोग गर्ने अधिकार हामीलाई नभएको हुनाले यस्ता विषयमा केही सोध्ने कुरै भएन । सरकारले हामीलाई काम गर्न जुन ढंगले कार्यादेश दियो त्यसरी नै कानुन कार्यान्वयन गर्न पनि प्रहरीलाई तुरुन्त लगाइदिएको भए सिद्धिन्थ्यो, पुलिसलाई किन रोकेको, त्यत्रो दुर्घटना भयो, हत्याकाण्ड भयो त्यो काण्डमा राज्यको कानुन किन प्रभावित भएन ? सरकार किन अन्देखा भयो, तीन जनाको आयोग बनाएर घटना स्थलको प्रकृति विवरण र त्यहाँ देखि जान्नेहरूले के भन्छन् त्यो बुझ किन भनेको ? सँगसँगै कानुन प्रयोग गर्नु पर्थ्यो नि, सरकारले किन गरेन, अझै पनि सरकारले गरे हुन्छ ।

**के तपाईंलाई दीपेन्द्रले हत्याकाण्ड मच्चाउनुको कारण उनको विवाह नै हो जस्तो लाग्छ ?**

खै त्यो त थाहा भएन, हामीले त ज-जसले जे-जे भने त्यही लेख्यौं, विवाह थियो कि थिएन, विवाहकी केटी बुझ्ने, ससुरा बुझ्ने अधिकार त थिएन नि हामीलाई । अनुमान गर्न, गफ गर्न मिल्दैन, हामीले त कार्यादेशको सीमाभित्र रहेर गरेको काम हो, त्यो हामीले परिपक्व ढंगले गरेका छौं, प्रतिवेदन बुझाउँदाखेरि हाम्रा अध्यक्ष प्रधानन्यायाधीशज्यूले महाराजधिराजका हातमा दिनु भयो, प्रतिवेदनलाई हामीले गाठो पारेर राजाको हातमा बुझायौं, राजाले उक्त पोकालाई हेर्दै नहेरी त्यो पोकाको आडैमा रहेका प्रधानमन्त्रीलाई सुम्पिए । प्रधानमन्त्रीलाई सुम्पिनु भनेको यसलाई आधार बनाएर कानुन प्रयोग गर भनेको हो राजाले, अनि किन भएन त त्यतिबेला यो काम ?

**के दीपेन्द्र प्रतिवेदनमा भनिएजस्तै नशाबाज नै थिए ?**

भनेका छन्, हामीले त जे-जे भने त्यही लेखेका हौ, के खाएका थिए भनेर समेत क्रस गर्ने अधिकार थिएन, उदाहरणका लागि रक्सि खाएको थियो भनेर भने त्यही लेख्ने हो, कुन ब्रान्डको रक्सी खाएको थियो भनेर सोध्ने अधिकार हामीलाई थिएन, हामी क्रस गर्नै सक्दैनथ्यो, त्यहाँ भेटिएकाहरूले जे देखे त्यो कुरा रोएर भनेका छन्, मैरै अगाडि बन्दुक चल्यो भन्छन्, बन्दुक कसरी चल्यो उसैले जे-जे भन्छ टिप्यौं, हामीले मुलुकको विद्यमान कानुन प्रभावित हुने गरेर क्रस गरेका छैनौं । घटनास्थलको विवरणदेखि जान्नेहरूले कस्तो ढंगले देखे भन्ने सिमा भित्र रहेर बुझेको हो, कानुनबमोजिम होइन, सरकारले आफ्नो सजिलोका निम्ति समिति बनायो, राजा पनि त्यसमा मञ्जुर भए, तर त्यसका आधारमा सरकार अघि बढ्दै बढेन ।

**अहिलेसम्म पनि शंका गर्ने नागरिकलाई त्यतिबेलाको उच्चस्तरीय छानबिन समितिको सदस्यको हैशियतले के भन्न चाहनुहुन्छ ?**

अहिलेसम्म होइन, कति युगसम्म यो अवस्था रहन्छ, यदि नेपाल सरकारले कानुनबमोजिम यसको निर्क्यौल गर्न चाहेन भने, संसारमा यस्ता घटनाहरू जति वर्षसम्म जिउँदा छन्, नेपालको पनि जिउँदै रहन्छ । त्यसैले सरकारले काम गर्नु पर्‍यो । शंका निवारणका निम्ति थप खोजबिन गर्नुपर्‍यो, कानुन प्रयोग गर्नुपर्‍यो ।

**यही समितिमा बसेका कारण तपाईंको राजनैतिक करियरमा असर परेको भनिन्छ नि ?**

होला, हामीहरूलाई तल पार्न चाहनेहरूले त्यसलाई आधार बनाउन सक्छन्, त्यो कुनै नौलो कुरा होइन, तर हामी गलत थिएनौं, जे अधिकार थियो त्यही अनुसार काम गर्‍यौं ।

**आगामी दिनमा कसरी अघि बढ्दै हुनुहुन्छ ?**

देशको परिस्थिति सुधार गर्नका निम्ति, प्रजातन्त्रलाई दरो बनाउनका निम्ति नेपालको जुन भू-राजनैतिक स्थिति छ, त्यसको जुन रणनीतिक संवेदनशीलता छ त्यसलाई बचाएर मुलकको सार्वभौमिकतालाई, यसको प्रादेशिक अखण्डता, स्वतन्त्र अस्तित्वलाई बचाएर, देशमा प्रजातान्त्रिक व्यवस्थालाई सवंर्द्धन गर्ने र जनताको जीवनस्तर उठाएर सम्पन्न मुलुकमा पुऱ्याउने नेपाली कांग्रेसको उद्देश्य हो, त्यसलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्ने काममा म प्रयत्नशील रहनेछु ।

**अहिले पार्टीले दिएको भूमिकाप्रति सन्तुष्ट हुनुहुन्छ ?**

हाम्रा साथीहरूसँग के नै भुमिका छ र, संसदमा हेर्नु भएको छैन ? भूमिका पाएका साथीहरूलाई त निर्देशित गर्न सकेको छैन, परिचालित गर्न सकेको छैन, प्रदेशहरूको अवस्था त्यस्तै छ, कुन साथी कहाँ छ, किन निष्क्रिय भएको हो, किन हामीले त्यसको सहयोग नलिने भनेर सोच्ने त हाम्रो पार्टीलाई फुर्सद नै छैन ।

**तपाई अब पार्टी अनि देशको नेतृत्वमा पुग्ने सम्भावना छ कि छैन ?**

किन नहुने म त पुर्ण आशावादी छु, तर पद लिएर मात्र राष्ट्रिय जिम्मेवारी पूरा हुन्छ भन्ने छैन, पद नलिई पनि हामी त्यो राष्ट्रिय जिम्मेवारी पूरा गर्न क्रियाशील छौं, क्रियाशील नै रहन्छौं । राजनीतिमा अघि बढ्न सर्वसाधारण जनताको आशीर्वाद आवश्यक हुन्छ ।

**मुलुकको विकासका लागि वर्तमान सरकार कसरी अघि बढ्नुपर्ला ?**

हाम्रो राष्ट्रियता संवेदनशील परिस्थितिमा छ, विभिन्न विकृति विसंगतिले गर्दा, शक्तिकेन्द्रका खेलहरू पनि छन्, यसले गर्दा मुलुक कमजोर भन्दा कमजोर बन्दै गएको छ, त्यसैले पनि राष्ट्रिय एकताको प्रवर्द्धन गर्नुपर्छ, शान्ति र स्थायित्व दिन सरकार तयार रहनुपर्छ, राजनैतिक पार्टीका बीचमा विद्यमान अविश्वासको अन्त्य गर्दै मुलुकको प्रवर्द्धनका निम्ति, जनताको सेवाका निम्ति, निश्चित उद्देश्य प्राप्तिका निम्ति प्रतिबद्ध र इमान्दार रहेर होस्टेमा हैंसे गरेर मुलुकलाई जोगाउने काममा दत्त चित्त भै सबैलाई साथमा लिएर सरकार अगाडि बढ्नुपर्छ ।

# दरबार रहस्यले घेरिएको थियो



■ किशोर श्रेष्ठ, पत्रकार

दरबारका गतिविधिहरू पहिल्यैदेखि बाहिर आउँदैनथे, एकदमै छोपिएको हुन्थ्यो । दरबार हत्याकाण्डपछि भने दरबारका सम्बन्धमा एकै पटक धेरै तथ्य बाहिर आए । लुकाएर राखिएका कुरा एकैचोटी विस्फोट भएर बाहिर आएजस्तो भयो । त्यसैले पनि समाजले दरबारभित्रका धेरै कुरा तत्कालै पत्याएनन् । हिन्दु मनोविज्ञानमा हुर्किएको नेपाली समाजले यो घटनामा युवराज दीपेन्द्रको संलग्नता पत्याउन सकेन । आफ्नै छोराले बाउआमा मार्न सक्छ र ? भन्ने मनोविज्ञानले गर्दा पनि यस्तो भएको हो । यसले गर्दा पनि घटना थप शंकास्पद भयो ।

बाहिर आएका तथ्यले पनि यो घटनालाई थप रहस्यमय बनाए । किनभने घटनामा एउटा परिवार पूरै बच्यो भने अर्को परिवारका सबै सखाप भए । राजा ज्ञानेन्द्रको सत्तामा अस्वाभाविक उदय भयो । त्यतिबेला मारिएको परिवारका सबै एडिसी निकालिए । जस्तै निराजनका एडिसी मधुकर कार्की जो घटनाका बेला उपस्थित थिए उनी निकालिए । दीपेन्द्रको एडिसीलाई पनि निकाल्ने काम भयो । वीरेन्द्रका एडिसी पनि निस्किए ।

हत्याकाण्ड अघिका घटनाहरू केलाउने हो भने अधिराजकुमार निराजनलाई रानी ऐश्वर्यले बेला बखत दीपेन्द्रको ठाउँमा राखेर हेर्न खोजेको देखिन्छ । रानी ऐश्वर्यले दीपेन्द्रले आफूले भनेकैसँग विवाह गरेन भने नीराजनलाई युवराज बनाउने विचार गरेकी थिइन् । आमाको यस्तो विचारले दीपेन्द्र उनीसँग चिढिएका थिए । दरबारभित्र हुर्किएको अविश्वास पनि यो घटनाको एउटा कारण थियो ।

घटनालगत्तै तत्कालीन सभामुख तारानाथ रानाभाटले अध्ययन प्रतिवेदन सार्वजनिक गर्दा निकै भद्दा शैली अपनाए । त्यो साच्चै अपत्यारिलो रूपमा आयो । उनको प्रस्तुतिले पनि घटनालाई थप रहस्यमय बनाउन मद्दत गर्‍यो । प्रतिवेदनको प्रस्तुति नै चित्तबुझ्दो भएन । नाटकीय रूपमा प्रतिवेदन प्रस्तुत गरियो । आफैं प्रत्यक्षदर्शी जस्तो भएर सभामुखले भटट्ट गोली चलेको बताए । त्यसले पनि मानिसहरूलाई घटना रहस्यमय छ भन्ने पारिदियो ।

सरकारले तयार पारेको प्रतिवेदन पनि अन्यौलग्रस्त परिस्थितिमा आएको थियो । हत्याकाण्डलगत्तै यस्तो बातावरण निर्माण भएको थियो कि कोही पनि दोषको भारी बोक्न चाहँदैनथे । जस्तो कि दासढुंगा हत्याकाण्डका सम्बन्धमा पनि तीन वटा छानबिन आयोग बने तर रहस्य बाहिरिएन । त्यस्तै भयो दरबार हत्याकाण्ड पनि ।

एमालेका नेता माधव नेपाललाई पनि उक्त छानविन कमिटीमा राखिएको थियो । तर पछि उनले समितिमा बस्न मानेनन् । यो तथ्यले घटनालाई थप रहस्यमय बनाउन मद्दत गर्‍यो । राजपरिवारको शरीर पोस्टमार्टम गर्नु हुँदैन भनेर रातारात कर्फ्यु लगाएर लास जलाउने काम भयो । किन त्यसो गरियो भनेर पनि चिरफार गर्नुपर्ने हुन्छ ।

नेपालको इतिहासमा कोतपर्वको घटनापछि दरबार हत्याकाण्डलाई रहस्यमय घटना मानिन्छ । युवराज दीपेन्द्रको दुई/तीन जना युवतीसँग समानान्तर प्रेम सम्बन्ध चलेको देखिन्छ । उक्त प्रेमका कारण दरबारभित्र शक्ति संघर्ष चलेको थियो । १४ पेग ब्ल्याक लेबल खाँदा पनि सजिलै पचाउने र नलाग्ने युवराज दीपेन्द्रले घटनाको दिन दुई पेग रक्सी खाएको र लागेको भन्ने कुरा जानकारहरूलाई पत्याउन गाह्रो भयो ।

उक्त हत्याकाण्डपछि नेपाली सेनाभित्र पनि उथुलपुथल आएको थियो । तत्कालीन प्रधानसेनापति घटनामा सेनाको कुनै भूमिका नहुने भन्दै उम्किए । सेनाको तीनवटा बटालियन हुन्छ दरबारभित्र । आर्मीको मेजर जनरल, सैनिक सचिवालय बस्ने ठाउँमा त्यति ठूलो घटना कसरी भयो । त्यसो त नेपालको आन्तरिक राजनीतिमा छिमेकी देशको हस्तक्षेप छ भन्ने धेरैको बुझाइ छ । कतिपयले यो घटनामा छिमेकीले कसैलाई प्रयोग गर्‍यो कि भनेर पनि शंका गरे ।

दीपेन्द्रको स्वभाव अपराधिक शैलीको थियो । २०५४ सालदेखि दरबारको रिपोर्टिङ गरेको मेरो अनुभवले भन्छ, रणबहादुर शाह र सुरेन्द्र शाह जस्तै पारस र दीपेन्द्र पनि हार्न नजान्ने र अरूलाई पीडा दिएर सन्तुष्ट हुने स्वभावका थिए । दरबारभीत्र बाँसको झ्याङ थियो । त्यहाँ सयौं काग साँझतिर बास बस्न आउँथे । काग कराए भनेर दीपेन्द्र साँझतिर फायरिङ गर्थे, आठ/दस काग मार्थे अनि सुत्न जान्थे । यो स्वभावबाट बुझिन्छ उनी कति सनकी थिए भन्ने कुरा । त्यतिबेला दीपेन्द्रभन्दा उग्र पारसको स्वभाव थियो, तर पारस उक्त घटनामा बाँच्न सफल भए । घटनाको अध्ययन गर्दा दीपेन्द्रले राजा वीरेन्द्रलाई मारेर अन्तिममा रानीलाई मारेको देखिन्छ । यसका आधारमा उनले आमालाई तडपाउदै मार्न खोजेको देखिन्छ ।

गतिलो अनुसन्धान गर्न सकेको भए यो घटना यति रहस्यमय हुँदैनथ्यो । सरकारले गतिलो अनुसन्धान गर्न सकेन जसले घटना रहस्यमयको गर्तभित्र बस्यो ।

*(प्रेस काउन्सिल कार्यवाहक अध्यक्ष श्रेष्ठ जनआस्था साप्ताहिकका सम्पादक हुन् ।)*

# हत्याकाण्ड षड्यन्त्र हो



तस्बिर : मैले देखेको दरबार किताबको फेसबुकबाट

■ विवेक शाह, तत्कालिन शाही पार्श्वर्वती

दरबार नरसंहारका सम्बन्धमा मैले आफ्नो किताबमा पनि लेखेको छु । मैले जस्तै धेरैले मान्छन्, यो घटनामा कुनै खालको षड्यन्त्र छ । मदन भण्डारीको हत्या घटनामा पनि त्यस्तै भएजस्तो देखिन्छ । लगत्तै दरबार हत्याकाण्ड भयो । यति वीभत्स घटना किन भयो भन्ने विषयमा गम्भीर अनुसन्धान हुनुपर्थ्यो । विभिन्न आयोग बनाएर अनुसन्धान त गरियो तर ती आयोगका प्रतिवेदनबाट मानिसहरू सन्तुष्ट हुन सकेनन् ।

उच्चस्तरीय आयोगले घटनाका सम्बन्धमा अनुसन्धान गर्ने भने पनि त्यसले घटना प्रतिवेदन मात्र सार्वजनिक गर्‍यो । यो घटना किन भयो, यसको पर्दा पछाडि को-को थिए भनेर खोज्नुपर्थ्यो । घटनाको अनुसन्धान गर्न हामीसँग प्राविधिक जनशक्ति नहोला तर हामीले अन्तर्राष्ट्रिय विज्ञ ल्याएर घटनाका सम्बन्धमा अनुसन्धान गर्न सक्थ्यौं । त्यसो गर्न सकेको भए सबैको जिज्ञासा शान्त हुने थियो । मैले यस विषयमा राजा ज्ञानेन्द्रमा पनि जाहेर गरेको थिए, तर भनेजस्तो हुन सकेन । हत्या काण्ड भएको त्रिभुवन सदनलाई संग्रहालयका रूपमा विकास गर्नुपर्नेमा त्यो भवन नै भत्काइयो । यसले पनि मानिसहरूमा शंका गर्ने ठाउँ दियो ।

कुनै पनि घटनाका सम्बन्धमा तत्काल अनुसन्धान गर्दा धेरै तथ्य फेला पार्न सकिन्छ । समयमै गम्भीर अनुसन्धान हुन नसक्दा घटना झन्-झन् रहस्यमय बन्दै जान्छ । यो घटनाका सम्बन्धमा अझै पनि अनुसन्धान गर्न नसकिने होइन । प्रत्यक्षदर्शीहरूबाटै अनुसन्धान सुरु गर्ने हो भने यो घटनाका सम्बन्धमा केही नयाँ तथ्य बाहिर आउन सक्छ ।

*शाही पार्श्वर्वती शाह मैले देखेको दरबार पुस्तकका लेखक हुन् ।*

# नेपालको इतिहासमा घटेका केही ठूला हत्याकाण्ड

इतिहास जित्नेहरूको घोडा हो, यो शब्दलाई धेरैजनाले धेरै प्रसंगमा धेरै पटक प्रयोग गरेका छन् । नेपालको इतिहास पनि जित्नेहरूले नै लेखाएका हुन् । यसर्थ जित्नेहरूले जे लेखाए त्यसमा उल्लेख गरिएका तथ्यहरू पनि जित्नेहरूकै स्वार्थमा देखिने नै भयो । नेपालको इतिहासमा पनि थुप्रै यस्ता तथ्य छन् जसलाई आजको दृष्टिकोणले हेर्दा पत्याउन मुस्किलै हुन्छ ।

नेपालमा कुनै पनि राजवंशको उदय हुनुको पछाडि एउटा भयानक षड्यन्त्रपूर्ण हत्या काण्ड वा सामूहिक नरसंहार जिम्मेवार रहेको कुरामा सबैजसो इतिहासकार सहमत छन् । यो क्रममा देखिने पहिलो ठूलो नरसंहार च्यासलको नरसंहार मानिन्छ जसमा लिच्छविहरूले किराँतीहरूको सामूहिक हत्या गरेका थिए । भनिन्छ त्यतिबेला उक्त हत्याकाण्डमा ८ सयभन्दा बढी किराँती मारिए । यो त भयो नेपाल



तस्बिर : इन्टरनेट

एकीकरण अघिको घटना । नेपाल एकीकरणपछि भएको सबैभन्दा ठूलो हत्याकाण्ड कोत पर्वलाई मानिन्छ । जंगबहादुरको उदय गराउने कोत पर्व विक्रम सम्वत १९०३ असोज २ गते मध्यरातमा भएको थियो । उक्त घटनामा त्यतिबेलाको नेपालका ४ सयभन्दा बढी शक्तिशाली भारदारको हत्या गरिएको थियो ।

कोत पर्व भए लगत्तै जंगबहादुरलाई मार्न रचिएको षड्यन्त्रपूर्ण घटनामा २३ जनाको हत्या भएको थियो । विक्रम संवत् १९०३ को कात्तिक तिर भएको उक्त घटनापछि जंगबहादुर राणा निकै शक्तिशाली रूपमा देखा परे ।

विक्रम संवत् १९३८ सालमा तत्कालीन अधिराजकुमार नरेन्द्रविक्रम शाहले तत्कालीन प्रधानमन्त्री रणोदिप सिंह र उनका भाइ धीरशमशेरका शाखा-सन्तानलाई तराईमा शिकार खेल्न गएको बेला मार्ने योजनाको पोल खुलेपछि धीरशमशेरले योजनामा संलग्न ४१ जनाको सामूहिक हत्या गरेका थिए ।

यो घटनाको लगत्तै नरेन्द्रविक्रम शाहको योजनामा संलग्न संग्रामसूर विष्टसहित उनका पाँचजना नातेदार तथा तीनजना अन्य सहयोगीसहित ८ जनाको खुकुरीले काटेर हत्या गरिएको थियो ।

विक्रम सम्वत् १९४२ मा वीरशमशेर तथा उनका भाइहरूले नेपालको सत्ता आफ्नो हातमा लिन आफ्नै काका तत्कालिन प्रधानमन्त्री रणोदिप सिंह तथा जंगबहादुरका छोराहरूको सामूहिक हत्या गरे । उक्त घटनापछि नेपालको सत्ता जंगबहादुरका भाइ तथा छोराहरूबाट सोझै वीरशमशेर तथा उनका भाइहरूमा सरेको थियो ।

कोत पर्व हुनुभन्दा ५५ वर्षअघि नेपालका तत्कालीन शक्तिशाली भारदार त्रिभुवन खवासको घरमा आयोजना गरिएको भोजका क्रममा तत्कालीन राजा रणबहादुर शाहसँग भएको भनाभनका क्रममा आफ्नै भाइ शेरबहादुर शाहले रणबहादुर शाहको हत्या गरेपछि त्यहीं दलबलसहित रहेका भीमसेन थापाले शेरबहादुर शाहसहित लगभग ५० जनाको सामूहिक हत्या गरे । उक्त घटनापछि भीमसेन थापा नेपालको राजनीतिमा सर्वसत्तावादीका उदाएका थिए ।

केवल एक प्रश्न

# दरबार हत्याकाण्डलाई रहस्यमय मान्नुहुन्छ ? किन ?

वास्तविकता थाहा नभएपछि घटना रहस्यमय हुन्छ । रहस्य शक्तिशालीहरूले साधारण मानिसहरूका लागि बनाउने राजनीतिक खेल हो । कुनै पनि घटनालाई ती मानिसले रहस्यमय बनाउँछन् जसलाई त्यसका माध्यमबाट सत्ता, शक्ति र



सम्पत्ति प्राप्त गर्नु छ ।

**अमर न्यौपाने, साहित्यकार**

यो हत्याकाण्डसँग सम्बन्धित थुप्रै प्रश्न अनुत्तरित छन् । तिनको चित्तबुझ्दो जवाफ प्राप्त नहुन्जेल यसलाई सामान्य दुर्घटनामात्र मान्न सकिँदैन । रहस्यमय त छ नै यो दुःखद, वीभत्स र पीडादायी पनि छ ।

**मनोज गजुरेल, हास्य कलाकार**

रहस्य केही छैन । सबैलाई थाहा छ । यत्ति हो बोल्न कोही चाहँदैनन् वा सक्दैनन् । यद्यपि पाप धुरी बाट कराएको सबैले देखेकैछन् ।

**शंकर बिसी, निर्देशक तथा मोडल**

रहस्यमय नै मान्छु । किनभने अहिले सम्म जति पनि तथ्य आएका छन् ती तथ्यमा वास्तविकता वा सत्यता देखिँदैन ।

**पल शाह, अभिनेता**

रहस्यमय नै हो नि । यत्रो वर्ष भैसक्यो राजपरिवारको हत्या कसले गर्‍यो, त्यो आजसम्म पत्ता लगाउन सकिएको छैन ।

**सृष्टि खड्का, मोडल**

मलाई त त्यस्तो लाग्दैन । प्रस्ट छ कि दीपेन्द्रले नै परिवारको हत्या गरेका हुन् । यसमा केही राजनीतिक दलले आफ्नो राजनीतिक दुनो सोझ्याउन जनतालाई भ्रममा पारेका मात्र हुन् ।

**रमेश उप्रेति, अभिनेता**

म त मान्दिनँ । किनभने मृत्यु आफैंमा रहस्य हो । व्यर्थमा टाउको दुखाउने काम किन गर्नु ?

**दीपकराज गिरी, अभिनेता**

यो विषयमा बोल्न मन छैन । सम्झियो कि आँखाबाट आँसु आउँछ, रुन मन लाग्छ ।

**कोमल वली, राष्ट्रिय सभा सदस्य तथा गायिका**

मान्छु, किनभने अहिलेसम्म राजपरिवारको हत्यारा को हो ठ्याक्कै पत्ता लागेको छैन । त्यसैले रहस्यमय नै छ ।

**बालिका थपलिया, लेखक**

रहस्यमय नै छ, किनभने अहिलेसम्म वास्तविकता बाहिर आएको छैन ।

**केशव भट्टराई, अध्यक्ष, नेपाल चलचित्र विकास बोर्ड**

एकदमै रहस्यमय मान्छु, किनभने आजसम्म जे-जति सूचना बाहिर आए सबै अड्कालबाजी मात्र हुन् ।

**निर्मल शर्मा, अभिनेता**

रहस्यमय नै छ । सरकारी पक्षबाट आएका सबै कुरा झूटा हुन् जस्तो लाग्छ । आजसम्म जति सरकारमा आए सबैमा राजा बन्ने चाहना छ ।

**सञ्चिता लुइँटेल, अभिनेत्री**

यसमा अन्तराष्ट्रिय चलखेल छ जस्तो लाग्छ ।

**लक्ष्मण शेष, संगीतकार**

दरबार हत्या काण्ड मात्र होइन । नेपालका हरेका काण्ड रहस्यमय हुन्छन् । दरबार हत्याकाण्ड षड्यन्त्रपूर्वक धेरै ठूलो योजना बनाएर गरिएको हुनुपर्छ जसमा बाहिरी देश पनि मिलेको हुनुपर्छ ।

**सुनिता दुलाल, गायिका**

हरेक नेपालीले दरबार हत्याकाण्डलाई रहस्यमय मान्नुहुन्छ । त्यसैले मलाई पनि रहस्यमय लाग्नु स्वभाविक हो ।

**करिश्मा मानन्धर, अभिनेत्री**

रहस्यमय मान्छु । किनभने आजसम्म राजपरिवारको हत्या किन गरियो, कसरी गरियो भन्ने सत्य-तथ्य बाहिर आउन सकेको छैन ।

**वर्षा शिवाकोटी, अभिनेत्री**

रहस्यमय नै मान्छु । दरबार हत्याकाण्डका सम्बन्धमा पुस्तकहरू पनि प्रकाशित भएका छन् । ती पुस्तकमा फरक-फरक कुरा लेखिएको पाइन्छ । त्यसैले दरबार हत्याकाण्डका सम्बन्धमा सत्य-तथ्य कुरा कसैलाई पनि थाहा छैन जस्तो लाग्छ ।

**बेनिशा हमाल, अभिनेत्री**

एक खालको प्रतिवेदन बाहिर आए पनि त्यसमा सत्य-तथ्य नआएको हो कि जस्तो लाग्छ । त्यसैले दरबार हत्याकाण्ड रहस्यमय नै छ ।

**बुद्धि तामाङ, हास्य अभिनेता**

एकदमै रहस्यमय मान्छु । किनभने हत्यारा को हो, यतिका वर्षसम्म पत्ता लागेको छैन । त्यसैले यो घटना रहस्यमय नै छ ।

**रिमा विश्वकर्मा, अभिनेत्री**

कोठाभित्र युवराज दीपेन्द्रले गरेको देख्नेहरू सबैले दिपेन्द्रलाई नचिन्ने कुरै नभएकाले त्यहाँ कुनै रहस्य छैन । बगैंचाका तीन मृतक अर्थात् आमा, भाइ र स्वयं दीपेन्द्र विषयक घटना देख्ने जान्ने कोही नभएकाले त्यो रहस्यकै गर्भमा छ । दिपेन्द्रले गरेको तथ्य प्रस्ट भए पनि किन र कसको सुझावमा गर्‍यो त ? देवयानीसँग भएको लगातार फोनको रहस्यले देवयानी यस विषयमा जानकार रहेको प्रस्ट छ । यसमा देवयानीको भूमिका रहस्यमय छ । भोज खाएकै पोसाकमा एउटा पेस्तोलले गर्न सकिने हत्याकाण्डमा सैनिक कम्ब्याट ड्रेससहित धेरै हतियार किन ? कसैले सोचेन-सोधेन । यो रहस्यको विषयमा प्रश्न उठेन, तर मेरो विचारमा भने उनले सैनिक कु गर्न चाहेका हुन् । हत्यापछि हुनसक्ने दरबारभित्रकै सुरक्षाकर्मीको प्रतिकार रोक्न र कु पछि सैनिक कमान्ड कायम गर्न ती पोसाक र हतियार उपयोग भएका हुनसक्छन् । सफल भएका भए सोही रात संविधान निष्क्रिय हुने र राजनीतिक कु पनि हुन सक्थ्यो । यसमा दीपेन्द्रको एक्लैको सोचले काम गरेको थियो कि विदेशीको पनि मिलेमतो थियो भन्ने पाटो रहस्यमय छ । यद्यपि प्रस्ट खुलेको पाटो, अर्ध खुलेको पाटो र पुरा नखुलेको पाटोलाई अलग नगरी सबैलाई रहस्यमय बनाउँदै स्वदेशी नोकर र विदेशी मालिकहरूको राजनीतिक अभीष्टका लागि प्रचारित गोयबल्ज प्रोपोगान्डाको जालमा फसेर देशलाई चक्रव्यूहमा फसाई त्यसपछि थोपरिएका गणतन्त्र, समानुपातिकता, संघीयता, जातीयता तथा पहाडी-मधेसी विभाजन, धर्म निरपेक्षता, हिन्दू धर्मको औपचारिक अन्त्य, मौलिक अधिकारको हनन र प्रदेशका नाम विषयक द्वन्द्व आदि सबै दरबार हत्याकाण्डका जगमा भएका हुन् । यो अचानक हुँदै गएको हो कि कसैको योजना अन्तर्गत हो ? कसैको योजना थियो भने पछि त्यसमा अरु कसैले एजेन्डा थपेर बाटो मोडेको पो हो कि ? भन्ने कुरा रहस्यमय छ ।

**राजेन्द्र थापा, गीतकार**



# गन्धर्व नाटकघरमा तिर्खा

गन्धर्व नाटघर पोखरामा यतिबेला नाटक तिर्खा मञ्चन भैरहेको छ । यो नाटक अमेरिकी नाटककार युजिन ओनिलले लेखेका हुन् । 'तिर्खा' सन् १९२४ मा न्यू इंग्ल्यान्डको ग्रामीण परिवेशलाई लिएर लेखिएको दुःखान्त नाटक हो । यो नाटकको परिकल्पना चे शंकरले गरेका छन् जसअनुसार नाटकको सम्पूर्ण घटना आजभन्दा झन्डै ४० वर्षअघिको पाल्पा, तानसेनको कुनै एउटा गाउँमा घट्छ ।



स्टेजको दायाँ माथिबाट २ फिट अग्लो एउटा बाटो र घर जोडिएको छ । उक्त बाटो हुँदै करेसाबारीमा जान मिल्छ । बायाँ माथि दुईतले काठको घर छ । घरका काठ कुहिँदै छन् । मिडल राइटमा एउटा केराको घरी घरको ढोकातिर फर्किएको छ । भुइँमा सुकेका केराका पात छरपस्ट छन् । तल देब्रे साइडमा एउटा तगारो छ । तगारो अड्याउन ढुंगा प्रयोग गरिएको छ । बिच स्टेजमा टिनका केही पुराना बक्सा छन् । बीचमा एउटा काठको मक्किएको टेबल छ । एउटा घुम पनि सँगै छ । हेर्दा लाग्छ यो घरका मानिस ज्यादै खिन्न छन् । घर पुरानो ढल्नै लागेजस्तो देखिन्छ । यो घरमा ४ वटा कोठा छन् । माथिल्लो तलामा बाबु र छोराहरूका कोठा छन् । तल्लो तलामा एउटा भान्सा र अर्को पाहुना कोठा छ । पाहुना कोठामा प्रायः पर्दा लाग्छ । यस्तै परिवेशमा नाटक सुरु हुन्छ । नाटकमा आउने विभिन्न उतारचढाव तथा आरोह-अवरोहले दर्शकको ध्यान तानिरहन्छ ।


मातृत्वको अभावले सिर्जना गर्ने मनोवैज्ञानिक असर, हरेक पात्रको चाहना र कम्प्लेक्सले नाटक हामी मानिससँग सामाजिक, मनोवैज्ञानिक तथा शारीरिक रूपले गाँसिएको छ । धनसम्पत्ति, माया-प्रेम तथा यौनले मानिसमा पार्ने प्रभाव यो नाटकमा देखाउने प्रयास गरिएको छ ।

नाटकमा शरद भण्डारी, रमेशबाबु तिमल्सिना, निश्चल विमल, सीमा गुरुङ, नवराज गिरी, ईश्वर कार्की, विष्णु तिमिल्सिना, सोनिया खत्री, प्रतिभा अधिकारी र दिवानी तामाङको अभिनय हेर्न पाइन्छ । उनीहरू सबैले आफूले पाएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने प्रयास गरेका छन् । उनीहरूको बोल्ने शैली, लगाएको पहिरन, प्रयोग गर्ने सामग्री, लाइटिङ, साउन्ड आदिले नाटकलाई परिपक्क बनाउन मद्दत गरेको छ ।

पोखरा थिएटरको यो सातौं प्रस्तुतिको मञ्चन जेठ ९ गतेदेखि हुन थालेको हो । यो नाटक जेठ २५ गतेसम्म निरन्तर पोखरा थिएटरको गन्धर्व नाटकघरमा मञ्चन हुनेछ । नाटक 'तिर्खा' १६ वर्षभन्दा माथिको उमेरलाई मात्र देखाइएको छ । नाटकको विषयवस्तु एवं प्रस्तुतिले १६ वर्षमुनिका बालबालिकामा नकारात्मक असर पर्छ कि भनेर उनीहरूलाई नाटक हेर्न प्रतिवन्ध लगाइएको निर्देशक चे शंकरले बताए । यो नाटक १ घण्टा ४० मिनेट लामो छ । झन्डै एक शताब्दीअघि लेखिए पनि यो वर्तमान अवस्थामा पनि उत्तिकै सान्दर्भिक रहेको निर्देशक चे शंकरको दाबी छ ।

राजाराम पौडेल

विकेन्ड रिसोर्ट





# सेभेन लेक्स रिसोर्ट

कास्कीको लेखनाथमा सेभेन लेक्स रिसोर्ट हालै सञ्चालनमा आएको छ। पोखरा महानगरपालिका–२९ मा थ्रिस्टार स्तरको सेवा सुविधा सहित यो रिसोर्ट सञ्चालनमा आएको हो। रिसोर्टमा डबल डिलक्स, सुपर डिलक्स तथा डिलक्स गरी १९ वटा कोठा छन्। यहाँ ५० जना क्षमताको रेस्टुराँ तथा ५० जना क्षमताकै सभाहल उपलब्ध छ। आकर्षक स्वीमिङ पुल र स्वदेशी तथा विदेशी परिकार उपलब्ध हुने यो रिसोर्टमा लाइभ म्युजिक सहित वार बि क्यू समेत गर्न सकिनेछ। रिसोर्टमा बस्न नेपालीले एक रातको ७ हजारदेखि १२ हजारसम्म तथा विदेशीले ८५ देखि १ सय ५० अमेरिकी डलरसम्म शुल्क तिर्नुपर्नेछ।

यहाँबाट धौलागिरिदेखि अन्नपूर्ण हिमशृंखला हुँदै गणेश हिमालसम्म हेर्न सकिन्छ। रिसोर्ट स्थलबाट वेलुकाको समयमा प्रायः गरी साविक लेखनाथका अधिकांश ठाउँ झिलिमिलि देख्न सकिन्छ भने दिउँसो मौसम खुल्दा बेगनास तथा दिपाङ ताल सजिलै अवलोकन गर्न सकिन्छ। यहाँबाट विश्व शान्ति स्तूप, पुम्दीकोट, सराङकोट, काहुँडाँडा, रुपाकोट, गगनगौडा तथा सेतीखोंचका केही भागको अवलोकन गर्न सकिन्छ। यहाँ हेली प्याडको सुविधा समेत छ।

यो रिसोर्ट १६ करोडभन्दा बढीको लगानीमा सञ्चालनमा ल्याइएको सञ्चालक विनोद गुरुङ बताउँछन्। रोजगारीको सिलसिलामा मकाउ, सिंगापुर, मलेसिया आदि देश पुगेका गुरुङले 'आफ्नै क्षेत्रमा केही गर्नुपर्छ भन्ने भावनाबाट अभिप्रेरित भएर' यो रिसोर्ट खोलेका हुन्। यो रिसोर्ट पोखराबाट १३ किलोमिटरको दूरीमा छ। पृथ्वीराजमार्ग अन्तर्गतको भण्डारढीकबाट डेढ किलोमिटर यात्रा गरेपछि सेभेन लेक्स रिसोर्ट पुग्न सकिन्छ।

विकेन्ड इभेन्ट

## बारिष्टा वर्कसप



स्कुल अफ फुड आर्ट–सोफाले आज शुक्रबार र भोलि शनिबार निःशुल्क बारिष्टा वर्कसपको आयोजना गरेको छ। कालिमाटीस्थित स्कुल अफ फुड एन्ड आर्टमा हुने उक्त वर्कसप दुई चरण बिहान १० बजेदेखि १ बजेसम्म तथा २ बजेदेखि ५ बजेसम्म सञ्चालन हुनेछ। कफी बनाउने सीप अभिवृद्धि गर्ने उद्देश्यसहित बारिष्टा वर्कसप गर्न लागिएको सोफाका एक्जुकेटिभ डाइरेक्टर सुमन थापाले बताए।

## युफोरिक म्युजिक फेस्ट




भोलि शनिबार टुबोर्गले युफोरिक म्युजिक फेस्ट–२०१९ को आयोजना गर्दैछ। भृकुटीमण्डमा हुने उक्त सांगीतिक कसर्न्ट दिउँसो १ बजेदेखि साँझ ९ बजेसम्म चल्नेछ। कन्सर्टमा कलाकारहरू अल्वाट्रोस, कबवेभ, सविन राई, फराहो ब्यान्ड, रोहितजंग क्षेत्री तथा ब्यान्ड, द एक्ट आदिले प्रस्तुति दिनेछन्।

## फ्याबुलस फ्राइडे




आज शुक्रबार कुमारीपाटी ललितपुरस्थित नाइट बजले फ्याबुलस फ्राइडेको आयोजना गरेको छ। ७ बजेदेखि रोयलको लाइभ पर्फमेन्स रहने उक्त इभेन्टमा निःशुल्क प्रवेश छ। यो इभेन्ट राति ११ बजेसम्म चल्नेछ। त्यहाँ एसियन, चाइनिज तथा कन्टिनेन्टल फुडहरूका साथ रमाइलो गर्न सकिनेछ।

## दीपक बज्राचार्य शो


**स्थानः** लस इस्कोबार्स, गैरीधारा
**मिति :** जेठ १७ गते शुक्रबार
**समय :** साँझ ७ बजेदेखि राति १ बजेसम्म
**आकर्षण :** ब्याकअप ब्यान्डसहित गायक दीपक बज्राचार्यको एकल प्रस्तुति।
**आयोजक :** लस इस्कोबार्स



तस्बिर : नवराज वाग्ले

विकेन्ड फेस्टिबल

## कबाब एण्ड विरयानी फेस्टिबल



काठमाडौंको मध्य बानेश्वरस्थित डाइनिङ पार्क रेस्टुराँ एन्ड लाउन्ज बारमा कबाब एन्ड विरयानी फेस्टिबल चलिरहेको छ। गत बुधबार प्रारम्भ भएको उक्त फेस्टिबल ३० जेठसम्म चल्नेछ। रेस्टुराँले उक्त मेलाको अवसरमा सुपथ मुल्यमा थरिथरीका बिरयानी तथा कबाब उपलब्ध गराउनेछ। फेस्टिबलमा चिकेन मटन, प्राउन तथा भेज बियरानी आदि उपलब्ध हुनेछन्। यस्तै, कबाबमा तन्दुरी प्राउन, तन्दुरी ट्राउट, तन्दुरी मुर्ग, भेज कबाब आदिको स्वादमा रमाउन पाइनेछ। उक्त अवसरमा बिभिन्न प्रकारका माछाको स्वाद समेत लिन सकिनेछ।

विकेन्ड ड्रामा

## मण्डलामा क्लेशा




आज शुक्रबारदेखि अनामनगरस्थित मन्डला थिएटरमा नाटक क्लेसा मञ्चन हुँदैछ। विजया कार्कीको निर्देशन तथा प्रतीक्षा कट्टेलको कथाको यो नाटकको प्रदर्शन असार ८ गतेसम्म चल्नेछ। यो नाटकमा सुरक्षा पन्त, कुशल पान्डे, सुदीप खतिवडा, प्रतीक मरहठ्ठा, जीवन पौडेल, तुफान थापा, सविन भट्टराई, सविना थापा, अमृत काउचा, राज खड्का, सिर्जना अधिकारी, रुजु शर्मा आदि कलाकारले अभिनय गर्दैछन्। नाटक सोमबार बाहेक हरेक दिन मञ्चन हुनेछ भने शनिबार यसको अतिरिक्त सो हुनेछ। यो नाटक १ घन्टा ४० मिनेट लामो छ।

विकेन्ड म्युजिक

## पोखरामा स्वप्न सुमन



भोलि जेठ १८ गते शनिबार गायक स्वप्न सुमन पोखरामा प्रस्तुत हुँदैछन्। रोलिङ स्टोन रकबार लेकसाइडमा साँझ साढे ६ बजे प्रारम्भ हुने कार्यक्रममा स्वप्न सुमनको उक्त कार्यक्रमको थप आकर्षण डिजे फ्लोरा जी, डिजे पि टु, दि ड्रिमज ब्यान्ड, अनप्लग्ड स्ट्रिन्जस, दि रिभल्ज आदिको प्रस्तुति रहनेछ। ओसिस इन्टरटेनमेन्टले आयोजना गर्ने यो कार्यक्रममा प्रवेश गर्न अग्रिम बुकिङ भए ५ सय तथा ८ सय रुपैयाँको टिकट काट्नुपर्नेछ। कार्यक्रमबाट बचत भएको रकम अन्नपूर्ण आत्मनिर्भर बालआश्रममा सहयोग गरिने आयोजक संस्थाकी पुष्पा गुरुङले बताइन्।


चलचित्र

## कुम्भ करण




चलचित्र कुम्भ करणको सार्वजनिक प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ । सस्पेन्स, कमेडीका साथै प्रेम कथामा आधारित यो चलचित्रमा दीपक ओलीको निर्देशन छ भने महेश दवाडीको पटकथा तथा संवाद छ । आकाश पल इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको यो चलचित्रका निर्माता चित्रबहादुर घर्तीमगर तथा क्षितिज बस्नेत हुन् । रोम ओली र चुपनिधि रिजाल यसका कार्यकारी निर्माता हुन् । गोविन्द मधुर आचार्यको संगीत तथा सुनिल बसेलको कोरियोग्राफी यो चलचित्रमा अभिनेत्री निशा अधिकारी, गौरव पहारी, प्रमोद अग्रहरि, भोलाराज सापकोटा, अभय बराल, आकाश पल, कुलदिप अधिकारी, कमल गाउँले, प्रतिभा क्षेत्री आदि कलाकारले अभिनय गरेका छन् । यो चलचित्रको छायाँकन हरि घले लामाले गरेका हुन् । चलचित्र कुम्भ करणको छायाँकन काठमाडौं र प्युठानका विभिन्न स्थानमा गरिएको हो । यो चलचित्रमा करिब ८० लाख लगानी भएको निर्माण पक्षले जनाएको छ ।

## कप्स



अभिनेता अनुपविक्रम शाहीद्वारा अभिनित चलचित्र कप्स आज प्रदर्शनमा आउँदैछ । एक कर्तव्यनिष्ठ प्रहरीको कथामा आधारित यो चलचित्रलाई सम्राट सापकोटाले निर्देशन गरेका हुन् । सापकोटा यही चलचित्रबाट निर्देशनमा डेब्यु गर्दैछन् । अधिकांश चलचित्रमा खलनायकको भूमिकामा अभिनय गर्दै आएका अनुपविक्रमले यो चलचित्रमा सकारात्मक भूमिका निर्वाह गरेका छन् । चलचित्रमा अनुपविक्रमका अतिरिक्त सन्दिपा लिम्बू, अमित गिरी, रामराज क्षेत्री, अनुपमा भण्डारी, निरुता स्याङतान, सुन्दर श्रेष्ठ, रोसन सुवेदी, पुरन जोशी आदि कलाकारको अभिनय छ । आर्या मुभिज तथा सारा श्री मुभिजले निर्माण गरेको यो चलचित्रका निर्माता राम शाक्य हुन् । यो चलचित्रका छायाँकन सुशन प्रजापति हुन भने यसमा कविराज गहतराज र शिशिर खातीको नृत्य, विजय घिमिरे र स्वयम्भुराज शाक्यको संगीत  छ । यो चलचित्रको छायाँकन नेपाल र साइप्रसका विभिन्न स्थानमा गरिएको छ । चलचित्रमा करिब १ करोड ८० लाख रुपैयाँभन्दा बढी लगानी भएको निर्माण पक्षले जनाएको छ ।

## काउसो



चलचित्र काउसो पनि आजैदेखि प्रदर्शनमा आउँदैछ । मदन घिमिरेको कथा तथा निर्देशनको यो चलचित्रमा भोलाराज देवकोटाको पटकथा तथा संवाद  हेर्न पाइन्छ । रातारात धनी बन्ने सपना बोकेर गाउँबाट राजधानी छिरेका युवाहरूले गलत काम गरेर कमाएको पैसा उपयोगमा आउन नसकेपछि उत्पन्न हुने समस्यालाई यो चलचित्रमा प्रस्तुत गरिएको निर्माण पक्षले जनाएको छ । चलचित्रमा सविन श्रेष्ठ, अर्जुन गुरुङ, अनु पराजुली, रामचन्द्र अधिकारी, सुरेन्द्र चापागाईं, नविन आचार्य आदि कलाकारले अभिनय गरेका छन् । अर्नभ फिल्म्स प्रोडक्सनको प्रस्तुतिमा निर्माण भएको यो चलचित्रका निर्माता सिताराम तिमल्सिना र भवगान खत्री हुन् भने अञ्चिला केसी कार्यकारी निर्माता । विकास चौधरीको संगीत तथा रामेश्वर हुमागाईंको छायाँकनको यो चलचित्रको छायाँकन काठमाडौं र सिन्धुलीका विभिन्न स्थानमा गरिएको थियो । यो चलचित्र निर्माणमा करिब ७५ लाख लगानी भएको बताइएको छ ।

# ४८ विधामा जिनियस म्युजिक एवार्ड

नेपाली गीत, संगीत एवं कला क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यले स्थापित जिनियस म्युजिकले पहिलो पटक आयोजना गरेको 'जिनियस म्युजिक अवार्ड-२०७५' मा विभिन्न ४८ विधामा संगीतकर्मीहरुलाई पुरस्कृत गरिएको छ । समारोहमा रमेश दाहालको जननी जन्मभूमि गीतबाट गायक रमेश दाहालले सर्वोत्कृष्ट राष्ट्रिय भावनाको गीतको एवार्ड प्राप्त गरे भने यही विधामा राष्ट्रप्रेम गीतबाट विशाल पौडेलले जुरी एवार्ड हात पारे ।

चलचित्रको विधातर्फ गायक सुगम पोखरेलले चलचित्र क्याप्टेनको रहर छ सँगै..गीतबाट सर्वोत्कृष्ट गायकको एवार्ड जिते भने यही गीतबाट गायिका अञ्जु पन्तले सर्वोत्कृष्ट गायिकाको एवार्ड जितिन् । सर्वोत्कृष्ट चलचित्र संगीतकारको एवार्ड चलचित्र 'दाल भात तरकारी' को भिजिट भिसामा गीतका लागि शम्भूजित बासकोटा पाए भने सर्वोत्कृष्ट गीतकारको एवार्ड चलचित्र प्रसादको 'वनकी चरी' गीतका लागि बि.पाण्डेले पाए । चलचित्र चौका दाउको राधा पियारी गीतका लागि गीतकार दयाराम पाण्डेले जुरी एवार्डमा बाजी मारे । उदयराज पौडेलले सर्वोत्कृष्ट संगीत संयोजकको एवार्ड जिते । उनले चलचित्र ए मेरो हजुर-३ को जिन्दगी नै भन्दिन गीतबाट उक्त सफलता हात पारेका हुन् ।



चन्द्र सिंह घले (सहारा बनी) तथा करुणा सिम्खडा (दिलको राजा) ले सर्वोत्कृष्ट पप नव गायक-गायिकाको एवार्ड पाएको उक्त समारोहमा रोशन भट्टराईले मायालु तिमी गीतबाट सर्वोत्कृष्ट गीतकार (पप) को एवार्ड जिते । पपतर्फ सर्वोत्कृष्ट संगीतको एवार्ड कल्याण सिंहले शब्द...गीतबाट जिते भने मस्त जवानी..गीतबाट राजेन्द्र बजगाईंले यही विधाको जुरी एवार्ड प्राप्त गरे । गायिका निशा कँडेलले 'सधैंलाई...' गीतबाट सर्वोत्कृष्ट पप गायिकाको एवार्ड जितिन् भने कमल खत्रीले जाउँला रेलैमा..गीतबाट सर्वोत्कृष्ट पप गायकको एवार्ड हात पारे । लोकपप विधामा छाता बोकी गीतबाट भूपू पाण्डेले सर्वोत्कृष्ट गायकको एवार्ड जिते ।

राजकुमार श्रेष्ठले निष्ठुरी भनुँ...गीतबाट पप तथा आधुनिक विधाको नव गीतकारको एवार्ड जिते भने डा.डिआर उपाध्यायले लट्ठै लट्ठै गीतबाट आधुनिक तर्फको सर्वोत्कृष्ट गीतकारको एवार्ड हात पारे । यही विधामा दुर्गा प्रधानले रात पनि गीतबाट महिला गीतकारको एवार्ड पाइन् । सर्वोत्कृष्ट संगीत संयोजकको एवार्ड संगीतकार मोहित मुनालले पाए । उनले 'पीच रोड...' गीतबाट यो सफलता हासिल गरेका हुन् । यही विधामा नरेन्द्र बियोगीले पिरिम नलाउने...बाट जुरी एवार्ड हात पारे ।

आधुनिक संगीतर्फ सर्वोत्कृष्ट संगीतकारको एवार्ड हरि लम्सालले जिते । उनले जितेर पनि..गीतबाट यो सफलता हासिल गरेका हुन् । यही विधामा बिनोद पछाईं (तिम्रा हजार) ले जुरी एवार्ड पाए । गायक आशिष सचिन तथा गायिका मेलिना राई 'पिरिम नलाउने...' गीतबाट सर्वोत्कृष्ट युगल गीतको एवार्ड जित्न सफल भए ।


लोक तथा दोहोरी विधातर्फ चन्द्र खत्रीले सुन कथाबाट सर्वोत्कृष्ट शब्द संकलकको एवार्ड पाए भने शिव हमालले लालुमाई गीतबाट सर्वोत्कृष्ट लय संकलकको एवार्ड जिते । मलाई देखेर गीतबाट कृष्ण बिक भान्जाले सर्वोत्कृष्ट संगीत संयोजकको एवार्ड जिते भने बितेका पल गीतबाट निशान बानियाँले सर्वोत्कृष्ट नव निर्देशकको एवार्ड जिते । दलित शीर्षकको गीतबाट दीपक विष्टले सर्वोत्कृष्ट सम्पादकको एवार्ड जिते भने बोल माया गीतबाट करण चैसिरले सर्वोत्कृष्ट छायांकारको एवार्ड हात पारे । हिजोसम्म गीतबाट बलबहादुर राजवंशीले सर्वोत्कृष्ट नव गायकको एवार्ड जिते । लोक तथा दोहोरी विधाकै सर्वोत्कृष्ट मौलिक गीतको एवार्ड बोली मोहनीबाट गडुल ध्वज गुरुङ (जिमी) ले जितिन् । महिला मोडलको एवार्ड बलिदान गीतबाट सारिका केसीले जितिन् भने सलल पानी गीतबाट दुर्गेश थापाले पुरुष मोडलको एवार्डमा कब्जा जमाए ।

गायक शिव परियारले तिमी नै मेरो सास...गीतबाट आधुनिकतर्फको सर्वोत्कृष्ट गायकका एवार्ड जिते भने यही विधामा अटालिका गीतबाट गायक भानुभक्त ढकालले जुरी एवार्ड पाए । अभिनेत्री आँचल शर्मा तथा अभिनेता पल शाहले पप तथा आधुनिक विधातर्फ 'जे पनि हुन' गीतबाट सर्वोत्कृष्ट महिला तथा पुरुष मोडलको एवार्ड जित्न सफल भए ।

टीका बम्जनले फनफनी घुमेको गीतबाट तामाङ सेलोतर्फको सर्वोत्कृष्ट गायकको एवार्ड जिते भने मिङ्स लामाले डम्फुमा सेलो गीतबाट सर्वोत्कृष्ट गायिकाको एवार्ड जितिन् । मौलिक तीज गीततर्फ मञ्जु थापा र प्राश्ना शाक्यले तीजको रहर गीतबाट सर्वोत्कृष्ट गायिकाको एवार्ड जिते ।

पप तथा आधुनिक विधातर्फ सर्वोत्कृष्ट नव निर्देशकको एवार्ड शिव पौडेलले तिम्रो जोवन गीतबाट जिते भने यही विधातर्फ सर्वोत्कृष्ट छायांकारको एवार्ड मन मगन..गीतका लागि अनिल के मानन्धरले जिते । निकेश खड्काले गल्ती...गीतबाट सर्वोत्कृष्ट निर्देशकको एवार्ड हात पारे ।

सर्वोत्कृष्ट लोकगायकको एवार्ड ढल्क्यो बरबाट रामजी खाँडले जिते भने भाग्यमानी गीतबाट देवी घर्तीले सर्वोत्कृष्ट गायिकाको एवार्ड जितिन् । समारोहमा एसियन म्युजिकले सर्वोत्कृष्ट म्युजिक कम्पनीको एवार्ड जित्यो भने सालको पात टपरी...पब्लिक च्वाइस एवार्ड जित्न सफल भयो ।


सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक





# श्रेया कार्की

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्बिर : महेश प्रधान
लोकेशन : सिटी सेन्टर, काठमाडौं
पहिरन : स्पिन्च, सिटी सेन्टर
मेकअप : अम्बू रुचाल, मिरर ब्यूटी स्टुडियो, डिल्लीबजार



# आँचलको पारिश्रमिक तर्क

अभिनेत्री आँचल शर्माले चलचित्रमा अभिनय गर्ने अभिनेता-अभिनेत्रीहरूले पारिश्रमिकका लागि प्रतिस्पर्धा गर्नु राम्रो नभएको धारणा व्यक्त गरेकी छिन्। चलचित्र दाल भात तरकारीको प्रमोसन गर्ने क्रममा आँचलले देखासिखीको भरमा कलाकारहरूले आफ्नो पारिश्रमिक बढाइरहेको आरोप समेत लगाइन्। २ लाख रुपैयाँ लिएर १०-१५ लाख रुपैयाँ लिएको गफ दिने कलाकार धेरै देखेको उनको भनाइ छ। 'म पनि २ लाख रुपैयाँ लिएर १० लाख रुपैयाँको धाक लगाउन सक्छु, आँचलको भनाइ छ- 'तर म त्यसो गर्दिन किनभने मेरो भ्यालु कतिसम्म छ त्यो मलाई थाहा छ।' कलाकारले आफूले पाउने पारिश्रमिकलाई गोप्य राख्नुपर्ने उनको सुझाव छ। 'अहिले कलाकारहरूबीच कसले बढी पारिश्रमिक लिने भन्ने नराम्रो होडबाजी छ। यसले कसैलाई फाइदा गर्दैन, आँचलको भनाइ छ- 'कलाकारलाई घाँटी हेरी हाड निल्न सुझाव दिन्छु म।'




# ब्रेकअपपछि पहिलो


अभिनेता आमेश भण्डारी तथा अभिनेत्री नीता ढुंगानालाई कुनै बेला रोमान्टिक जोडीका रूपमा चिनिन्थ्यो। दुवैले आफ्नो प्रेमलाई विवाहको स्वरुप दिने घोषणासमेत गरेका थिए। यद्यपि, उनीहरूको प्रेम सम्बन्धले निरन्तरता प्राप्त गर्न सकेन। उनीहरूले सामाजिक सञ्जालमार्फत नै ब्रेकअप गरेको घोषणा गरे। दिनेश डिसीको चलचित्र फूलै फूलको मौसम तिमीलाईको छायांकनका क्रममै उनीहरूबीच ब्रेकअप भएको थियो। साधारण प्रेमी-प्रेमिकाझैं आमेश र नीताले पनि ब्रेकअपपछि एक-अर्काको अनुहार हेर्न चाहेनन्। सामाजिक सञ्जालमा एक-अर्कालाई ब्लक गरे। आजका मितिसम्म उनीहरू सिंगल नै छन्। यसबीच उनीहरूको जोडीलाई एक जना गायकले पुनः ब्यूँत्याउने प्रयास गरेका छन्। ब्रेकअपपछि नै नयाँ चलचित्रमा नदेखिएको उक्त जोडी लामो समयपछि एउटै म्युजिक भिडियोमार्फत प्रस्तुत भएको छ। गायक जितु श्रेष्ठ तथा गायिका अनु अधिकारीको 'बेइमानी...' गीतमार्फत आमेश र नीताबीच अनस्क्रिन रोमान्स गराइएको हो। उक्त गीत सार्वजनिक भएसँगै उनीहरूबीच प्याचअप भएको चर्चासमेत चलेको छ। यद्यपि दुवैले एक-अर्कालाई असल साथी मात्र बताइरहेका छन्। उक्त गीतपछि नीता र आमेशलाई चलचित्रमा अभिनय गराउन इच्छुक निर्माता-निर्देशकहरूका लागि बाटोसमेत खुलेको छ।

# ब्रान्ड एम्बेसडर श्रृंखला

पूर्व मिस नेपाल श्रृंखला खतिवडा महिन्द्रा एण्ड महिन्द्राको प्रमुख आधिकारिक विक्रेता अग्नि ग्रुपको ब्रान्ड एम्बेसडर नियुक्त भएकी छिन्। काठमाडौंमा आयोजित एक कार्यक्रममा अग्नि ग्रुपका कार्यकारी निर्देशक अर्जुन शर्माले उक्त घोषणा गर्दै ई ट्वेन्टी गाडीको चाबी खतिवडालाई प्रदान गरे। ई ट्वेन्टी गाडी वातावरणमैत्री विद्युतीय गाडी हो। पूर्व मिस नेपाल खतिवडाले आफू अग्नि इन्कर्पोरेटेडको ब्रान्ड एम्बेसडर हुन पाएकोमा निकै खुसी भएको कुरा बताएकी छिन्। खतिवडाले आफूलाई विद्युतीय गाडी धेरै वर्ष अघिदेखि मन परेको समेत बताइन्।




# प्रबलको ट्विट रोमान्स



अमेरिका बस्दै आएका नेपाली मुलका फेसन डिजाइनर प्रबल गुरुङ यतिबेला बलिउडका चलचित्र निर्माता करण जौहरसँगको सम्बन्धका कारण विवादमा तानिएका छन्। गत साता मात्र आफ्नो ४७ औं जन्मदिन मनाएका करण जौहरलाई बधाई दिदै प्रबल गुरुङले गरेको तस्बिरसहितको ट्विट नै उक्त विवादको कारण हो। उक्त ट्विटमा शेयर गरिएको तस्बिरमा करण जौहर र प्रबल गुरुङ अत्यन्त कामुक मुद्रामा देखिन्छन् भने सँगै प्यार किया तो डरना क्या, ह्याप्पी बर्थ डे करण जौहर भन्ने शब्द लेखिएको छ। उक्त ट्विटको जवाफ दिदै करणले गरेको अर्को ट्विटमा भनिएको छ आफैंलाई नियन्त्रण गर्नुस् भाइ। त्यो ट्विटपछि उब्जिएको करण जौहर र प्रबल गुरुङबीच समलैङ्गिक सम्बन्ध छ भन्ने विवादलाई शान्त गर्न प्रबल गुरुङले स्पष्टीकरण नै दिनुपरेको छ– करण मेरो सबैभन्दा नजिकका साथी हुन्। यसो भन्दैमा म करण जौहरका साथ रोमान्टिक सम्बन्धमा छु भन्न मिल्दैन। मैले करण जौहरको जन्मदिनका अवसरमा गरेको पहिलो ट्विट बलिउडकी सदाबहार अभिनेत्री मधुबाला र उनको प्रसिद्ध नृत्य प्यार किया तो डरना क्या प्रतिको मेरो अनुराग नै हो, यसका पछाडि अरु कुनै कारण छैन। ४७ वर्ष पुगिसके पनि अविवाहित नै रहेका करण जौहर समलैंगिक सम्बन्धका कारण यसअघि पनि पटक-पटक विवादमा तानिँदै आएका छन्।

# हँसाउने कि रुवाउने !

अभिनेता सविन श्रेष्ठले 'एक्सन हिरो' को छवि बनाएका छन् । छायांकनबाहेकको अधिकांश समय जिमखानामा बिताउने यी अभिनेताको ज्यान खाइलाग्दो छ । बडी बिल्डिङमा विशेष रुचि राख्ने सविनले आफ्नो ज्यानअनुसारकै चलचित्र पाइरहेका छन् । यद्यपि अहिले उनले नयाँ चलचित्रमा अभिनय गरिरहेका छैनन् । यसबीच सविनले केही समयअघि अभिनय गरेको एउटा चलचित्र प्रदर्शनको तयारीमा छ । मदन घिमिरेद्वारा निर्देशित 'काउसो' मा सविन प्रमुख भूमिकामा छन् । रमाइलो कुरा के छ भने सविनका चलचित्र हेर्ने दर्शकले उनबाट एक्सनकै अपेक्षा गरेका हुन्छन् । निर्देशक घिमिरेले के दावी गरेका छन् भने ' काउसो' मा एक्सनका एउटा पनि दृश्य छैनन् । 'एक्सनको नाममा कसैले एक झापडसमेत हानेका छैनन्, अभिनेता श्रेष्ठले निर्देशकको कुरामा सही थप्दै भनेका छन्– 'यो कमेडी चलचित्रमा मैले दर्शकहरूलाई हँसाउने प्रयास गरेको छु ।' लामो समयदेखि एक्सन दृश्यमा जम्दै आएका सविनले दर्शकलाई हँसाउने हुन् कि निर्माताहरूलाई रुवाउने हुन्, केही समयमै छर्लङ्ग हुनेछ ।





# संख्या घट्ने संकेत




प्रत्येक वर्ष वैशाख र जेठ महिनामा वर्षकै सबैभन्दा बढी चलचित्र फ्लोरमा जान्छन् । लामा दिन, उच्च हिमाली क्षेत्रको मौसमसमेत सफा हुने तथा पानी नपर्ने भएकाले यी दुई महिना अन्य महिनाको तुलनामा बढी चलचित्र छायांकनमा निस्कन्छन् । यो वर्ष पनि केही चलचित्र फ्लोरमा गैसकेका छन् । अशोक शर्माको रातो टीका निधारमा, दीपकराज गिरीको छ माया छपक्कैसहित करिब आधा दर्जन चलचित्र अहिले छायांकनमा छन् । अचम्मको कुरा के छ भने अघिल्लो वर्ष यही महिनामा करिब तीन दर्जन चलचित्र छायांकनमा गएका थिए । यो वर्ष उक्त संख्यामा झन्डै ७५ प्रतिशतले कमी आएको छ । यो वर्ष कम चलचित्र छायांकनमा निस्कनुको कारण के हुन सक्छ ? निर्माता तथा निर्देशक रोज राणाले यसको कारण प्रस्तुत गरेका छन् । राणाका अनुसार पछिल्लो एक वर्षमा करिब ९० प्रतिशत चलचित्र असफल भए । एकपछि अर्को चलचित्र असफल भएपछि निर्माताहरू चलचित्रमा लगानी गर्न डराइरहेका छन् । दोस्रो कारण हो चलचित्रका कलाकारले माग्ने चर्को पारिश्रमिक । चलचित्र निर्माता संघका महासचिव राणाका अनुसार कलाकारको बढ्दो पारिश्रमिककै कारण कम चलचित्र निर्माण हुन थालेका हुन् । ' अहिले एउटा चलचित्र निर्माण गर्न पुग्ने बजेट एउटै कलाकारलाई दिनुपर्ने अवस्था छ, राणाको प्रश्न छ- 'अनि कसैले किन चलचित्रमा लगानी गरोस् ?'

# श्वेताको ठाउँमा प्रियंका

चलचित्र डियर जिन्दगीको छायांकनमा व्यस्त भैरहेकै बेला घाँटीको शल्यक्रिया गर्नुपरेपछि अभिनेत्री श्वेता खड्काले उक्त चलचित्र छाडेको घोषणा गरेकी छिन् । शल्यक्रियापछि पनि स्वास्थ्यस्थितिमा सुधार नआएपछि उनले निर्वाह गरिरहेको भूमिकामा प्रियंका कार्कीलाई अनुबन्ध गरिएको छ । अभिनेत्री खड्काकै सल्लाहमा उनको भूमिका प्रियंकालाई दिइएको बताइन्छ । श्वेताको स्वास्थ्यमा सुधार आएपछि बाँकी छायांकन पूरा गर्ने भन्दै चलचित्रको युनिटले झन्डै तीन साताका लागि छायांकन रोकेको थियो, तर श्वेताको स्वास्थ्यमा आशा गरिएजस्तो सुधार नआएपछि उनैले आफ्नो भूमिका अर्की अभिनेत्रीलाई सुम्पन निर्देशन सूर्य बोहोरासमक्ष आग्रह गरेकी थिइन् । निर्देशक बोहोराका अनुसार श्वेताले पूर्ण स्वस्थ हुनका लागि चार महिनादेखि एक वर्ष लाग्ने बताएपछि उनको स्थानमा प्रियंकालाई लिइएको हो । घाँटीको ट्युमरको शल्यक्रियापछि अनुहारको एकापट्टि पक्षघात भएका कारण श्वेता अहिले थेरापी गराइरहेकी छिन् । बोल्दा र हाँस्दा अनुहार बांगो देखिने समस्याका कारण श्वेताले चलचित्र हेलो जिन्दगीबाट हात झिकेकी हुन् ।

फटाफट

# कलाकारले निर्देशक बन्ने सपना देख्छ



● सम्राट सापकोटा, निर्देशक

रंगमञ्चका दर्जनौ नाटकमा अभिनय तथा निर्देशन गरेर चलचित्रमा आएका कलाकार हुन् सम्राट सापकोटा । थुप्रै चलचित्रमा अभिनेता तथा खलनायकको भूमिकामा प्रस्तुत भएका सापकोटा पहिलो पटक निर्देशकका रूपमा दर्शकमाझ आउन लागेका छन् । उनले निर्देशन गरेको पहिलो चलचित्र 'कप्स : सत्य सेवा सुरक्षणम' यसै साता प्रदर्शनमा आउँदैछ । नेपाल प्रहरीको साहस र क्षमतामा आधारित चलचित्र निर्माण गरेर निर्देशकका रूपमा भाग्य परीक्षण गरिरहेका निर्देशक सापकोटासँग साप्ताहिकको कुराकानी :

**अभिनयमा रमाइरहेको कलाकार, निर्देशक बन्ने योजना कसरी बन्यो ?**

हरेक कलाकारको सपना हुन्छ- भविष्यमा निर्देशक बन्ने । विगतमा रंगमञ्चका नाटकहरू निर्देशन गर्दा नै मैले भविष्यमा चलचित्र निर्देशक बन्ने सपना देखेको थिएँ । आज आएर त्यो सपना पूरा भएको छ ।

**निर्देशक बन्न कति समय तयारी गर्नुभयो ?**

ठ्याक्कै यति नै समय भन्न मिल्दैन । केही वर्षदेखि स्क्रिप्टमा काम गरिरहेको थिएँ । म आफ्नै लगानीमा चलचित्र निर्माण एवं निर्देशन गर्ने योजनामा थिएँ । चलचित्र फ्लोरमा जाने बेलामा मेरा नजिकका साथी राम शाक्यको साथ पाएँ । उहाँको साथले चलचित्र निर्माण सहज भयो ।

**'कप्सः सत्य सेवा सुरक्षणम' कस्तो चलचित्र हो ?**

यो प्रहरीको परिवेशमा आधारित एउटा व्यवसायिक चलचित्र हो । यो चलचित्रमा हामीले ट्रिपल पी अर्थात् पुलिस, पब्लिक र पोलिटिक्सलाई मुख्य विषय बनाएका छौं ।

**यो चलचित्रको रोचक पक्ष के हो ?**

यो मुलुकको वर्तमान परिस्थितसँग अत्यन्त नजिक रहेको चलचित्र हो । यो चलचित्रलाई समाजमा घटिरहेका घटना तथा परिघटनाको यथार्थ चित्रण हो भन्दा फरक पर्दैन ।

**प्रहरीको विषयमा चलचित्र निर्देशन गर्नु आफैंमा चुनौती होइन र ?**

कुनै पनि सुरक्षा संगठनको विषयमा चलचित्र बनाउनु आफैंमा चुनौतीपूर्ण कुरा हो । त्यसकारण कप्सको निर्माण पनि चुनौतीपूर्ण थियो । अति नै संवेदनशील विषयमा हामीले सूक्ष्म अध्ययन गरेर चलचित्र निर्माण गरेका छौं । गाह्रो विषय भएकाले हामीलाई नेपाल प्रहरीको साथ र सहयोग अपरिहार्य थियो । हामीले सोचे जस्तै प्रहरी संगठनबाट प्रसस्त साथ र सहयोग पाएका छौं ।

**कलाकारबाट निर्देशक बन्ने क्रममा कस्तो फरक महसुस गर्नुभयो ?**

कलाकारका रूपमा अभिनय गर्दा आफ्नो भूमिका र चरित्रमा ध्यान दिए पुग्थ्यो, निर्देशक भएपछि मुख्य अभिनेतादेखि स्पटब्वाइसम्मलाई प्रभावकारी ढंगले परिचालन गर्नुपर्ने रहेछ ।

**प्रचार-प्रसारका क्रममा कलाकारको साथ पाइएन भन्ने चर्चा चल्यो नि ?**

छायांकन अवधिभर मलाई कलाकारहरूले साथ दिएका थिए । प्रमोसनका बेला उहाँहरूको आफ्नै व्यस्तताले समय दिन नपाउनु भएको होला । अभिनेत्री सन्दिपा लिम्बु भने छायांकन सम्पन्न भए लगत्तै सम्पर्कविहीन भएकोमा दुःख लागेको छ ।

प्रस्तुति : कृष्ण भट्टराई

# प्रेनुशा भइन् मिस टिन



दमकमा सञ्चालित मिस टिनको उपाधि प्रेनुशा पाण्डेले जितेकी छिन् । दमकमा सम्पन्न तेस्रो संस्करणको ग्राण्ड फिनालेमा प्रेनुशाले आफ्ना २० जना प्रतिस्पर्धीलाई उछिन्दै उक्त उपाधि हात पारेकी हुन् । उक्त अवसरमा सोफिया लिम्बु फस्ट रनर्सअप, स्मृति लिम्बु सेकेन्ड रनर्सअप तथा सुदिस्ना पौडेल थर्ड रनर्सअप घोषित भए । यसैगरी मिस्टरतर्फ सरोज तामाङले उपाधि जिते भने फस्ट रनरअप बृजुकुमार शाह तथा सेकेन्ड रनर्सअप रोहित धिमाल भए । यो प्रतियोगितामा १४ वर्षदेखि १९ वर्ष उमेर समूहका किशोर-किशोरीहरूको सहभागिता थियो । यसैगरी १३ वर्षमुनिका बालबालिकाहरूको सहभागितामा सञ्चालित स्कुल प्रिन्स एण्ड प्रिन्सेसको दोस्रो संस्करणको उपाधि सगौरा प्रसाईंले जितेकी छिन् ।

विष्णु सुब्बा

# ग्रीष्मा टिन प्रिन्सेज डिभा



जमलस्थित राष्ट्रिय नाचघरमा सञ्चालित टिन प्रिन्सेज डिभा-२०१९ को फाइनलमा ग्रीष्मा शर्माले मोस्ट इन्टेलिजेन्टको उपाधिसहित टिन प्रिन्सेज डिभाको उपाधि जितेकी छिन् । प्रतियोगितामा अक्षिता आरएल शाह फस्ट रनर्सअप तथा अग्रिमा पोखरेल सेकेन्ड रनर्सअप भएका थिए ।

प्रतियोगिताअन्तर्गतको प्रि-टिन विधामा बेलिस्मा कटवाल ट्यालेन्ट र बेस्ट ड्रेसको एवार्डसहित विजेता घोषित भइन् भने विभूति अधिकारी र रिद्धिमा नेपाल क्रमशः फस्ट तथा सेकेन्ड रनर्सअप भए । यो प्रतियोगिता रेडिएन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीको ब्यानरमा सम्पन्न भएको थियो ।

# मिस मगरमा सनम




पोखरामा आयोजित चौथो संस्करणको मिस मगर नेपाल-२०१९ को उपाधि पर्वतकी सनम गर्बुजामगरले हात पारेकी छिन् । फाइनलमा पुगेका ९ जना प्रतिस्पर्धीलाई पछाडि पार्दै सनमले बेस्ट लिडरसिपको एवार्डसमेत जितेकी थिइन् । एस.टी. क्रिएसनको आयोजना तथा हिमाअस एजुकेसन कन्सल्टेन्सीको प्रस्तुतिमा सञ्चालित उक्त प्रतियोगितामा बागलुङकी सोनी पुनमगर फस्ट रनर्सअप घोषित भइन् । उनले बेस्ट स्माइल र बेस्ट फोटो जेनिक गरी दुई टाइटल एवार्डसमेत प्राप्त गरिन् भने सेकेन्ड रनर्सअप बागलुङकै सानिया पुनमगर भइन् । उनले बेस्ट पर्सनालिटी र वेष्ट वाक गरी दुई टाइटल एवार्ड हात पारिन् । मिस मगर नेपालको भ्यूअर्स च्वाइस एवार्ड भने पर्वतकी उषा अर्मजामगरले जितिन् । उषाले मोष्ट डिसिप्लिनको अर्को टाइटल एवार्डसमेत जितेकी थिइन् ।

# मिसेज हङकङ-२०१९ स्थगित



मिसेज हङकङको २०१९-संस्करण स्थगित गरिएको छ । आयोजक संस्था नेपाली महिला संघ, हङकङले एक जानकारी सभाको आयोजना गर्दै उक्त कुरा बताएको हो । अब मिसेज हङकङ हरेक दुई-दुई वर्षमा आयोजना हुने संघ अध्यक्ष टीका गुरुङ बताउँछिन् ।

विजेता महिलाहरूलाई सामाजिक कार्य गर्न पर्याप्त समय नभएको भन्दै प्रतियोगिताको समयअवधि बढाइएको हो । विदेशी भूमि, कामको चटारोसँगै वैवाहिक जीवनलाई व्यवस्थापन गर्ने जिम्मेवारी पनि भएकाले पर्याप्त समय चाहिएको आयोजकहरूले बताए । गत वर्षको प्रथम मिसेज हङकङको उपाधि पविता पुमा राईले जितेकी थिइन् । मिसेज हङकङले मिस नेपाल श्रृंखला खतिवडासँग चेपाङ बस्तीमा स्वास्थ्य चौकी निर्माणमा सहकार्य गरिसकेको छ भने अन्य सामाजिक गतिविधिमा पनि आफूलाई समाहित गरिरहेको छ ।

अनोज रोक्का

# बेस्ट मोडल अफ द इयर



होटल येलो प्यागोडामा सञ्चालित मिस्टर एन्ड मिस बेस्ट मोडल अफ द इयर-२०१९ मा मिस्टर ग्ल्यामर एवार्डसहित पूर्ण लिम्बू तथा मिस बेस्ट वाक एवार्डसहित सोना तामाङ प्रतियोगिताको शीर्ष उपाधि जित्न सफल भएका छन् । प्रतियोगितामा मिलन बोगटी र गोमा गुरुङ फस्ट रनर्सअप तथा प्रज्ज्वल मैनाली र ममता गोले सेकेन्ड रनर्सअप घोषित भए । युथ क्रिएसन नेपालद्वारा आयोजित उक्त प्रतियोगितामा मिस्टर एन्ड मिस एसईई बेस्ट मोडल अफ द इयर-२०१९ को उपाधि प्रभास स्याङ्तान र रितिका भुजेलले हात पारे भनेस्वस्तिक दाहाल र रोशनी राई फस्ट रनर्सअप छानिए ।

# रत्ननगरमा बहुभाषिक लोकगीत उत्सव



नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले शुक्रबार रत्ननगरमा बहुभाषिक लोकगीत उत्सव सम्पन्न गर्‍यो । चितवनका विभिन्न १२ वटा जातीय समूहले कार्यक्रममा आफ्ना गीत तथा नृत्य प्रस्तुत गरे । उक्त अवसरमा ब्राह्मण समुदायको भजनदेखि जिल्लाका आदिवासी थारु, दराई, कुमाल, चेपाङसहित गुरुङ, मगर, मसुहर आदिले आ-आफ्ना गीतहरू गुञ्जाए । थारु महिलाहरूको झाम्टा, दराईको सोहराई गीत जस्ता मौलिक सांस्कृतिक गीतले श्रोताहरू मन्त्रमुग्ध भए । 'नेपालमा जातीय विविधता छ । जातजातिका आ-आफ्नै मौलिक संस्कार, संस्कृति एवं रीतिरिवाज छन् । गीत-संगीत पनि आ-आफ्ना छन् । त्यसैको खोजी गर्न निस्किएका हौं,' नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकी प्राज्ञ हरिदेवी कोइरालाले भनिन् ।

बारा जिल्लामा लोक नृत्यको कार्यक्रम सकेर प्रतिष्ठानले रत्ननगरमा उक्त कार्यक्रम सम्पन्न गरेको हो । 'यो एक प्रकारको खोज पनि हो । यहाँ जे-जति गीत प्रस्तुत भए त्यसलाई लिपिबद्ध गर्ने, त्यसको ऐतिहासिक एवं सांस्कृतिक पक्षको थप खोज-अनुसन्धान गर्ने जिम्मेवारी पनि पूरा गर्नेछौं,' प्राज्ञ कोइरालाले भनिन् । माझी, मुसहर जस्ता अल्पसंख्यक समुदायले गीत-संगीत प्रस्तुत गर्नु सुखद पक्ष भएको कोइरालाले बताइन् ।


रमेशकुमार पौडेल

# प्रिन्स एन्ड प्रिन्सेज इन्टरनेसनल



ब्लु स्टार इभेन्ट्स भेन्युमा सञ्चालित प्रिन्स एण्ड प्रिन्सेस् इन्टरनेसनल नेपाल-२०१९ को ग्राण्ड फिनालेमा यशस्वी राणाले टिन ट्यालेन्ट, पर्सनालिटी, वेष्ट इन्ट्रोडक्सन, बेस्ट रनवे विधाको एवार्डसहित टिन प्रिन्सेज इन्टरनेसनल नेपाल-२०१९ को उपाधि जितेकी छिन् । प्रतियोगितामा पूर्णिमा गुरुङ फ्रेन्डसिप विधाको एवार्ड सहित प्रि-टिन प्रिन्सेज इन्टरनेसनल नेपाल-२०१९बन्न सफल भइन् । लिटिल प्रिन्स एन्ड प्रिन्सेज इन्टरनेसनल नेपाल-२०१९ का रुपमा प्रायुश श्रेष्ठ र न्यान्सी गुरुङ छानिए । न्यान्सीले प्रतियोगितामा वेष्ट इन्टरभ्यु र लिटिल ट्यालेन्ट एवार्ड पनि जितिन् । यसैगरी मिनी प्रिन्स एन्ड प्रिन्सेज इन्टरनेसनल नेपाल-२०१९ का रुपमा इथन तामाङ र दृष्टिना शाक्य चयन भए । इथन मिष्टर फोटोजेनिक र मिष्टर बेस्ट ड्रेस एवार्डमा पनि सफल भए भने दृष्टिना मिनि ट्यालेन्ट विधाको विजेता भइन् । मिनी, लिटिल, प्रि टिन तथा टिन विधाका यी विजेताहरूले आगामी जुलाई ९ देखि १५ सम्म थाइल्यान्डको बैकक, अयुथ्या तथा पटायामा सञ्चालन हुने १९ औं संस्करणको प्रिन्स एण्ड प्रिन्सेज इन्टरनेसनल-२०१९ मा नेपालको प्रतिनिधित्व गर्नेछन् ।

# त्रिशूली नदीमा र्‍याफ्टिङ



नुवाकोटमा बढ्दो गर्मीका बीच चिसो पानीमा तैरँदाको मज्जा बेग्लै हुन्छ । त्यसैले पनि त्रिशूलीको स्वच्छ पानीमा र्‍याफ्टिङ गर्न रमाउने पर्यटकहरू बढिरहेका छन् । त्रिशूली नदीको तल्लोभाग धादिङ र चितवन क्षेत्रमा जलयात्राको राम्रो सम्भावना पनि छ । रसुवाको पर्यटकीय उत्तरगया गाउँपालिकाको पैरेबेंसीको खाल्टे बगरदेखि नुवाकोटको विदुर नगरपालिका-१० भैंसेको त्रिशूली जलविद्युत् केन्द्रको हेटगेटसम्मको जलयात्रा पनि उत्तिकै रोमाञ्चक हुन्छ । झन्डै पाँच किलोमिटर लामो उक्त जलयात्रा डेढ घण्टामा सम्पन्न गर्न सकिन्छ । काठमाडौंबाट सबैभन्दा छोटो दूरीमा पर्ने भएकाले त्रिशूली नदीको खाल्टेदेखि भैंसेसम्मको क्षेत्रलाई जलयात्राका लागि छुट्याउनुपर्ने सांसद बहादुरसिंह लामा बताउँछन् । जलयात्राका लागि त्रिशूली क्षेत्र अतिक्रमण हुन नहुने सम्बद्ध व्यक्तिहरू बताउँछन् । त्रिशूली नदीमा निश्चित क्षेत्र जलयात्राका लागि छुट्याउन सके जलचर प्राणीको संरक्षण एवं वातावरण स्वच्छ राख्नसमेत सहयोग पुग्नेछ ।



# नाइँ मलाई थाहा छैनदेखि कर्के नजरसम्म

कृष्ण भट्टराई

२२ वर्षदेखि सांगीतिक क्षेत्रमा सक्रिय गायक हुन्– सञ्जीव पराजुली । २०५४ सालमै संगीतको औपचारिक शिक्षा लिन विराटनगरको स्वर संगम संगीतालयमा भर्ना भएका गायक पराजुलीले यो क्षेत्रमा दुई दशकभन्दा लामो समय खर्चिसकेका छन् । यो अवधिमा गायक पराजुलीले दर्जनौं गीत गाइसकेका छन् । यद्यपि, गायिका टीका प्रसाईंसँगको भेटपछि र उनीसँग गाएका युगल गीतहरू युट्युबको ट्रेन्डिङमा पर्न थालेपछि भने यी गायक चर्चामा आए । लामो समयदेखि अस्ट्रेलियामा बसोबास गरिरहेका यी गायकले आफ्ना पछिल्ला गीत लोकप्रिय हुन थालेपछि अचेल काठमाडौं-अस्ट्रेलिया आउने-जाने क्रम बढाएका छन् । उनको तीन साताअघि सार्वजनिक गीत 'सोचमा...' ले छोटो अवधिमै यूट्युबमा १७ लाखभन्दा भ्युज पाइसकेको छ ।

सांगीतिक क्षेत्रमा प्रवेश गर्दाको प्रारम्भिक क्षण सम्झँदै गायक पराजुली भन्छन्– 'म सानो छँदादेखि नै गीत गाउँथें । घर तथा मामाघरमा गीत सुन्नुहुन्थ्यो । मलाई गीत-संगीत खुबै राम्रो लाग्थ्यो र आफू पनि गाउँथें । आफन्त, छिमेकी तथा साथीहरूको प्रशंसाले हौसला दिन्थ्यो । म चार कक्षामा पढ्दा साथीहरूले स्कुलको आँगनमा गीत गाउन लगाएको सम्झना छ । गुरु तथा साथीहरूले बनाएको घेरामा मैले उभिएर गीत गाएको थिएँ । लजालु स्वभावको भएका कारण त्यतिबेला मलाई निकै लाज र डर लागेको थियो ।'

गायक पराजुलीले रेडियो नेपालमा स्वर परीक्षा उत्तीर्ण गरेर गीत रेकर्ड गराएको नै डेढ दशकभन्दा बढी भैसकेको छ । उनले पहिलो पटक अर्का गायक नितिनचन्द्र गजुरेलसँग 'देश हाम्रो कति राम्रो' राष्ट्रिय गीत रेकर्ड गराएका थिए । यो अवधिमा उनले करिव पाँच दर्जन गीत रेकर्ड गराइसकेका छन् । तीमध्ये अधिकांश एकल गीत छन् भने कतिपय गीत युगल छन् ।

● सञ्जीव पराजुली, गायक

### पहिलो हिट गीत

गायक पराजुलीले विभिन्न विधा र मुडका गीत गाएका छन् । उनले सफलताको पहिलो स्वाद भने 'नाइँ मलाई थाहा छैन...' गीतबाट पाएका हुन् । उक्त गीतमा उनलाई गायिका टिका प्रसाईंले साथ दिएकी थिइन् । उक्त गीतको क्लब मिक्स भर्सन युट्युबमा सार्वजनिक भएको केही दिनमै भाइरल भयो । आशिष अविरलको संगीत तथा एक नारायण भण्डारीको शब्दको उक्त गीतको भिडियोले हालसम्म ३ करोड ७६ लाखभन्दा बढी भ्युज पाइसकेको छ । रोजगारीका क्रममा अस्ट्रेलियामा बसोबास गर्ने भएकाले गायक पराजुलीले आफ्नै गीतको सफलतालाई स्वदेशका संगीत पारखीमाझ बसेर सेलिब्रेट गर्न पाएनन् । अस्ट्रेलियामै आयोजना हुने सांगीतिक कार्यक्रमहरूमा भने उनले यही गीत गाएर नेपाली दर्शक तथा श्रोताहरूलाई मनोरञ्जन प्रदान गर्छन् ।

### टीकासँगको सहकार्य

गायक पराजुली र गायिका टीका प्रसाईंबीच गायनमा सहकार्य भएको धेरै भएको छैन । युगल गीतको गीति एल्बम तयार पार्ने क्रममा उनीहरूले २०७२ सालदेखि सांगीतिक सहकार्य थालेका हुन् । यो अवधिमा उनीहरूले 'नाइँ मलाई थाहा छैन' पछि 'कर्के नजर' शीर्षकको अर्को लोकप्रिय गीत पनि श्रोताहरूलाई दिइसकेका छन् । यो गीतको भिडियोले पनि करिव डेढ करोड भ्युज पाइसकेको छ । तीन वर्षअघि नै उनीहरूले गाएको 'तिमी मलाई मन पर्छ...' युगल गीत पनि उत्तिकै लोकप्रिय छ । गायिका टीका प्रसाईंको शब्द तथा संगीतको उक्त गीतले ३२ लाखभन्दा बढी भ्युज पाएको छ । दुई वर्षअघि उनीहरूले गाएको डान्सिङ नम्बर 'पहिलो भेटैमा...' ले भने ४ लाखभन्दा बढी भ्युज पाएको छ ।


### आगामी योजना

गायक पराजुली आफ्ना हरेक गीतले एकपछि अर्को गर्दै सफलता पाइरहेकोमा खुसी मात्र छैनन्, सांगीतिक क्षेत्रमा सक्रिय हुन थप हौसला मिलेको अनुभव गरिरहेका छन् । अस्ट्रेलियाका अधिकांश सांगीतिक कार्यक्रममा सहभागिता जनाइरहेका गायक पराजुलीले आगामी दिनमा केही लभ सङ गाउने योजना बनाएका छन् । त्यसका लागि उनले दिनेश अधिकारीको शब्द तथा रञ्जित गजमेरको संगीतमा गायिका टीका प्रसाईंसंगै 'जानी जानी...' शीर्षकको गीत रेकर्ड गराइसकेका छन्, जुन केही समयपछि बजारमा आउनेछ । यसका साथै उनी गायिका प्रसाईंसंगको संयुक्त एल्बम 'सँग सँगै...' को तयारीमा समेत जुटेका छन् ।

### अन्त्यमा,

'संगीतलाई भूगोलले छेक्दैन, सिर्जना जहाँ बसेर पनि गर्न सकिन्छ,' साप्ताहिकको एउटा जिज्ञासामा गायक पराजुली भन्दै थिए– 'सिर्जनामा इमान्दारिता र लगनशीलता हुनुपर्छ । काम चिनिनु ठूलो कुरा हो । जब कुनै गीतले लोकप्रियता पाउँछ, त्यसपछि उक्त गीतका सर्जकहरूको खोजि आफैं हुन थाल्छ । आफूले गरेको कामको चर्चा र पाएको लोकप्रियतामा असाध्यै खुशी र हर्षित छु ।' गायक दीपक खरेलको गायकीबाट प्रभावित गायक पराजुलीलाई दर्शक तथा श्रोताले निकट भविष्यमै चलचित्रको पार्श्व गायनमा समेत सुन्न सक्ने छन् । सेमी क्लासिकल, आधुनिक, पप, लोकपप तथा लोकगीत गरी संगीतका प्रायः सबै विधाका गीत गाइरहेका गायक पराजुली आफूलाई भर्सटायल तथा कुशल गायकका रूपमा परिचित गराउन चाहन्छन् ।

## गीतको भाका मिलेपछि....



अहिले तीनवटा लोक गीत लोकप्रियताको शिखरमा छन् । ती हुन् सालको पात, हुरुरु लुरुरु तथा पिँडालु । कुलेन्द्र बिक र विष्णु माझीको स्वरको सालको पात, प्रकाश सपूत र सुनिता अधिकारीको स्वरको हुरुरु लुरुरु तथा तेजस रेग्मी र विष्णु माझीको स्वरको पिँडालुलाई श्रोताहरूले विशेष मन पराएका हुन् । यी तीनवटा गीतलाई क्रमशः वसन्त थापा, प्रकाश सपूत तथा तेजस रेग्मीले संगीतबद्ध गरेका छन् । संयोगको कुरा के छ भने यी तीनै वटा गीतमा संगीतकार आशिष अविरलको संगीत संयोजन छ अर्थात गीतमा बजेका बाजाहरूको छनौट तथा संयोजन संगीतकार अविरलले तयार पारेका हुन् । तीन वटै गीत लोकप्रिय भएपछि बजारमा तीनै वटा गीतको संगीत संयोजन उस्तै भयो भनेर टिका-टिप्पणी हुन थाल्यो । सञ्चारमाध्यमहरूमा ती टिका-टिप्पणीले स्थान पाएपछि संगीतकार आशिष अविरलले मुख खोलेका छन् । फेसबुकमा एउटा स्टाटस लेख्दै अविरलले भनेका छन्-'पहिलो कुरा त गीत जुध्या हो कि होइन ? यो नितान्त सरगमका आधारमा छुट्याउने कुरा हो । संगीत संयोजन त नितान्त सोहि गीतसँग सम्बधित रहेर गरिने प्राविधिक काम हो । गीत मिले जस्तो लाग्दा एरेञ्जमेन्ट मिले जस्तो लाग्नु भनेको बाबुसँग छोराहरूको अनुहार मिले जस्तै हो ।'

## प्रस्तोता समाजमा हमाल



गायक शिव हमालले प्रस्तोता समाज नेपालको नेतृत्व सम्हालेका छन् । हालै सम्पन्न कार्यसमितिको नवौं साधारणसभाले हमाललाई उक्त जिम्मेवारी दिएको हो । यसअघि रामकृष्ण ढकाल, हेमन्त शर्मा तथा तुलसी पराजुलीले समाजको नेतृत्व गरिसकेका छन् । समाजको अध्यक्षमा गायक हमाल निर्विरोध निर्वाचित भएका हुन् । हमालसँगै नृत्य विधाबाट रामजी खाँड र प्रेम थापा, अभिनय विधाबाट महेन्द्र गौतम र बाबुराम बोहोरा तथा संगीत बिधाबाट निर्णय श्रेष्ठ कार्य समितिमा निर्विरोध निर्वाचित भएका छन् ।

## आजदेखि पलैंटी

आज शुक्रबार प्रारम्भ हुने पलैंटी श्रृंखलामा यसपटक दार्जिलिङ र सिक्किमको संगम हुने भएको छ । पलैंटीमा यसपटक दार्जिलिङबाट संगीतकार शान्ति ठटाल तथा गान्तोककी गायिका बिमला सेन्चुरी प्रधान र अञ्जली प्रधान प्रस्तुत हुने निश्चित भएको हो । तीन दिन चल्ने पलैंटीको यो नयाँ श्रृंखलामा संगीतकर्मी आभासले शान्ति ठटालसंगको संगतका सन्दर्भसहित आफ्ना सम्झना सुनाएर अन्तरसंवाद गर्नेछन् । कालिकास्थानस्थित नेपालयको ' आर'शालामा प्रस्तुत हुने उक्त पलैंटीको किबोर्डमा दिनेश रेग्मी, तबलामा सन्देश महर्जन, गिटारमा सुरज प्रधान, प्रकसनमा सुन्दर महर्जन तथा बाँसुरीमा बलराम समाल सहभागी हुनेछन् ।

बलिउड

# भारतीय निर्वाचनमा सेलिब्रेटीहरू

भारतमा कलाकार तथा खेलाडीहरूप्रति आममानिसको क्रेज लोभलाग्दो छ । सेलिब्रेटी कलाकार तथा खेलाडीहरु राजनीतिमा प्रवेश गरेपछि सफल भएका प्रशस्त उदाहरण पनि छन् । निधन भैसकेकी सुप्रसिद्ध नेतृ तथा पूर्वअभिनेत्री जयराम जयललिता 'अम्मा' पाँच पटक तामिलनाडुकी मुख्यमन्त्री भएकी थिइन् । उता केही समयअघि युक्रेनको राष्ट्रपति निर्वाचनमा हास्यकलाकार वोलोदीमीर जेलेन्स्की भारी मतले विजयी भएको समाचार आएपछि भारतीय कलाकारहरु अझ उत्साहित भएका थिए । सन् १९८४ को लोकसभामा सुपरस्टार अमिताभ बच्चनले इलाहावादबाट उत्तर प्रदेशका पुराना नेता हेमावती नन्दन बहुगुणालाई पराजित गरेका थिए, तर बच्चन लामो समय राजनीतिमा टिक्न सकेनन् । चर्चित कलाकार विनोद खन्ना पनि पन्जाबको गुरदासपुरबाट लगातार चार पटक लोकसभामा निर्वाचित भएका थिए । अभिनेता गोविन्द पनि चुनाव लडेर सांसद भएका थिए । सन् २०१४ को लोकसभा निर्वाचनमा करिब ३० जना कलाकार चुनावी प्रतिस्पर्धामा थिए । भारतका हरेकजसो निर्वाचनमा कलाकार तथा खेलाडीहरु विशेष भूमिकामा देखिन्छन् । कुनै दलबाट सांसदको टिकट लिएर भोट माग्ने मात्र होइन, आफू समर्थित दललाई विजयी बनाउन समेत उनीहरु निर्णायक बन्ने गरेका छन् । यसपटकको लोकसभा निर्वाचनमा सेलिब्रेटीहरूले चुनावी माहोल त्यसैगरी तताए साथै कतिपय निर्वाचितसमेत भए ।

युवराज गौतम

### हेमा मालिनीलाई दोस्रो सफलता



भारतीय जनता पार्टीबाट उत्तर प्रदेशको मथुराबाट उम्मेदवार भएकी अभिनेत्री हेमा मालिनीले लोकसभा निर्वाचनमा दोस्रो पटक जित हासिल गरिन् । अघिल्लो निर्वाचनमा पनि विजयी हेमा कुनै समय 'ड्रिम गर्ल' उपनामले चर्चित थिइन् । यसपटक उनले राष्ट्रिय लोकदल तथा गठबन्धन उम्मेदवार नरेन्द्र सिंहलाई २ लाख ९३ हजार ४७१ मतले पराजित गरेकी हुन् ।

### राजनीतिमा उदाए सनी देवल



बलिउडका चर्चित अभिनेता सनी देवल पहिलो पटक राजनीतिक मैदानमा उत्रिएका के थिए विजयी माला पहिरिहाले । केही महिनाअघि मात्र भारतीय जनता पार्टीमा प्रवेश गरेका सनी पञ्जाबको गुरुदासपुरबाट चुनावी मैदानमा थिए । विपक्षी दल कांग्रेसले पकड जमाएको उक्त क्षेत्रबाट उनले सानदार मत ल्याए । सनीले कांग्रेसका सुनीलकुमार जाखडलाई ७७ हजार १ सय ७ मतले पराजित गरे ।

### राहुलसँग स्मृति इरानीको बदला



दर्जनौं टेलिसिरियलमा अभिनय गरेकी स्मृति इरानीले कांग्रेस अध्यक्ष राहुल गान्धीलाई अमोठी निर्वाचन क्षेत्रमा पराजित गरिन् । स्मृति सन् २०१४ को चुनावमा राहुलसँग १ लाख मतले पराजित भएकी थिइन् । राहुल गान्धी परिवारको वर्चस्व रहेको उत्तर प्रदेशको अमोठीबाट सन् २००४ देखि नै चुनाव लड्दै आएका थिए । मन्त्रीसमेत भैसकेकी स्मृतिले राहुललाई ५५ हजार १ सय २० मत अन्तरले हराएकी हुन । 'सास भी कभी बहू थी' टिभी सिरियलमार्फत पहिचान बनाएकी इरानी भाजपामा राम्रो वाक्कला भएकी नेतृका रूपमा चर्चित छिन् ।

### भोजपुरी कलाकारले बाजी मारे



भारतमा भोजपुरी कलाकारहरूको पनि राम्रो प्रभाव छ । भोजपुरी अभिनेता रवि किशनले उत्तर प्रदेशको गोरखपुर क्षेत्रबाट निर्वाचन जितेका छन् । भारतीय जनता पार्टीका उम्मेदवार रवि ३ लाख १ हजार ६ सय ६४ मतान्तरले विजयी भएका हुन् । अर्का भोजपुरी अभिनेता तथा गायक मनोज तिवारीले कांग्रेसकी दिग्गज नेतृ शिला दीक्षितलाई पछारे । नर्थ इस्ट दिल्लीबाट भारतीय जनता पार्टीका उम्मेदवार तिवारीले दीक्षितलाई साढे ३ लाखभन्दा बढी मतले पराजित गरे ।

### गायक हंसराज बने सांसद



सूफी गायक हंसराज हंसले पनि भाजपाका तर्फबाट दिल्लीको उत्तर पश्चमी क्षेत्रबाट निर्वाचन जिते । यसअघि भाजपाबाट सांसद भैसकेका उदित राजलाई पराजित गर्दै हंसराजले उक्त सफलता हासिल गरेका हुन् । यसपटक भाजपाबाट टिकट नपाएपछि उदित कांग्रेसमा प्रवेश गरेका थिए ।

### किरण खेरको पकड कायमै

भाजपाका तर्फबाट चण्डीगढ क्षेत्रमा उम्मेदवार भएकी चलचित्र अभिनेत्री किरण खेरले पनि विजयी माला पहिरिन् । कांग्रेसका वरिष्ठ नेता पवनकुमार बंशललाई ४६ हजार ९ सय ७० मतले पराजित गर्दै




खेरले आफ्नो पकड कायम राखिन् । उनी यसअघि पनि सोही क्षेत्रबाट निर्वाचित भएकी थिइन् ।

### निर्दलीय उम्मेदवारको राज




आसनसोल निर्वाचन क्षेत्रमा बलिउडका हस्ती बाबुल सुप्रियोसँग बंगाली अभिनेत्री मुनमुन सेन पराजित भइन् । त्रिणमुल कांग्रेसबाट उम्मेदवार भएकी मुनमुन भारतीय जनता पार्टीका सुप्रियोसँग करिब २ लाख मतले पराजित भएकी हुन् । उता निर्दलीय उम्मेदवार अभिनेत्री सुमनलताले कर्नाटकका मुख्यमन्त्री एचडी कुमारास्वामीका छोरा निखिललाई पराजित गरिन् ।

### मिमी चक्रवर्तीको पहिलो यात्रा



'गानेर ओपारे' सिरियलबाट अभियन यात्रा सुरु गरेकी अभिनेत्री मिमी चक्रवर्तीको पनि राजनीतिक यात्रा सुरु भएको छ । तृणमुल कांग्रेसका तर्फबाट जादवपुरमा उम्मेदवारी दिएकी मिमीले भाजपाका अनुपम हजारालाई २ लाख ९५ हजार २ सय ३९ मत अन्तरले पराजित गरेर लोकसभाको यात्रा तय गरिन । मिस इन्डियामा समेत भाग लिएकी मिमीको चुनावी सभामा मानिसहरूको अत्याधिक भीड लाग्थ्यो । उनले 'भिलेन' 'धनन्जय', 'मोन जाने ना' जस्ता चर्चित चलचित्रमा काम गरेकी छिन् ।

### गौतम गम्भिरले जिते, भाइचुङ हारे



चर्चित क्रिकेटर गौतम गम्भीर पनि भारतको सांसद भएका छन् । गौतम भारतीय जनता पार्टीको उम्मेदवारका रूपमा पूर्वी दिल्लीबाट निर्वाचित भएका हुन । क्रिकेटको माध्यमबाट देशको नाम चम्काएका गौतमले आइएनसीका अरभिन्द सिंह लभ्लीलाई ठुलो मतअन्तरले पराजित गरे । सन् २००३ मा बंगलादेशविरुद्धको खेलबाट भारतीय राष्ट्रिय टिममा डेब्यु गरेका गौतम २०१८ देखि खेलबाट टाढा भएका थिए । उता भारतीय फुटबल टिमका पूर्व कप्तान भाइचुङ भुटियाको पार्टीले लोकसभा चुनावमा पराजय बेहोरेका छ । भुटिया आबद्ध 'हाम्रो सिक्किम पार्टी' सिक्किम क्रान्तिकारी परिषद्सँग पराजित भएको हो । भुटिया यसअघि तृणमूल कांग्रेसबाट दार्जीलिङमा उम्मेदवार हुँदा पनि पराजित भएका थिए ।

### नुसरत जहाँ

बंगाली चलचित्रकी सर्वाधिक सुन्दर अभिनेत्री नुसरत जहाँ पनि यो पटकको आम निर्वाचनमा निर्वाचित भएकी छिन् । नुसरतले पश्चिम बंगालको क्षेत्रीय पार्टी तृणमुल पार्टीबाट चुनाव जितेकी हुन् । २९ वर्षीया नुसरत जहाँले बसिरहाट निर्वाचन क्षेत्रबाट भारतीय जनता पार्टीका उम्मेदवारलाई पराजित गरेकी थिइन् ।

### जो निराश भए



राजनीतिमा राम्रो पकड जमाइसकेका साथै जनतामा लोकप्रिय कतिपय कलाकार यस पटकको लोकसभा निर्वाचनबाट निराश भएका छन् । बलिउड अभिनेता राज बब्बर, नायिका उर्मिला मातोंडकर, अभिनेत्री जया प्रदा, बंगाली अभिनेत्री मुनमुन सेन, भोजपुरी फिल्म स्टार दिनेशलाल यादव, अभिनेता सत्रुघन सिन्हा, अभिनेता प्रकाश राज आदि कलाकार यो सूचीमा छन् ।

*(एजेन्सीको सहयोगमा)*

# मोदीप्रेमी बलिउड !

अमिताभ बच्चन, शाहरुख-सलमान खानजस्ता कैयौं सेलिब्रेटी भारतको आम चुनावमा कुनै पनि पार्टीको समर्थनमा देखिएनन् । रणवीर-आलियासहितका कैयौं युवा सेलिब्रेटीले मोदीसँग भेटघाट गरेका थिए, तर उनीहरु सबै चुनावी सरगर्मीबाट टाढै बसे ।

भारतको १७ औं लोकसभा निर्वाचनको परिणाम २३ मईमा आइसकेको छ जसमा ३ सय ५२ सिट जित्दै भारतीय जनता पार्टी नेतृत्वको गठबन्धन एनडीएले भारी बहुमत हासिल गरेको छ । चुनावमा मनोरन्जन उद्योगसँग जोडिएका केही व्यक्ति पनि ठूलो भूमिकामा देखिए । बलिउड पनि दुई भागमा विभाजित थियो । एकतर्फ ती व्यक्तिहरु थिए, जो भाजपा र नरेन्द्र मोदीको विरुद्ध अभियान चलाइरहेका थिए भने अर्कातर्फ तिनीहरु थिए, जो मोदीलाई दोस्रो पटक सत्तामा ल्याउन प्रचारमा सक्रिय थिए ।


यद्यपि बलिउडका धेरैजसो ठूला सेलिब्रेटी राजनीतिको खेलबाट टाढै रहे । यसमा त्यो युवामण्डली पनि सामेल थियो, जसले गएको जनवरी १० मा मोदीसँग भेटघाट गरेको थियो । उक्त भेटमा रणवीर सिंह, बरुण धवन, सिद्धार्थ मल्होत्रा, करण जौहर, रणवीर कपुर, विक्की कौशल, रोहित सेठ्ठी, राजकुमार राव, आलिया भ , एकता कपुर, भूमि पेडनेकर, अश्विनी अय्यर आयुष्मान खुराना आदि सहभागी थिए । लोकसभा निर्वाचनमा नखुलेका केही ठूला सेलिब्रेटीलाई लिएर भारतीय सञ्चारमाध्यमले एउटा सूची नै बनाएका छन् ।






**१. अमिताभ बच्चन**

७६ वर्षीय अमिताभ बच्चन आफैं पनि नेता रहिसकेका छन् । उनी कांग्रेसको टिकटमा इलाहाबादबाट (१९८४–८९७) मा सांसदसमेत भैसकेका छन् । अहिले अमिताभ मोदीको नजिक मानिन्छन् । अर्कातर्फ, अमिताभकी पत्नी जया बच्चन समाजवादी पार्टीकी नेतृ हुन् । हालै भएको निर्वाचनमा अभिताभ कुनै पनि पार्टीको समर्थन र विरोधबाट टाढै बसे ।



**२. आमिर खान**

आमिर खान ले देशवासीलाई मतदान गर्न आग्रह गर्दै सही नेता चुन्न अपिल गरे तर, उनी न मोदी विरोधी खेमामा सामेल भए, न त मोदीको समर्थनमै कुनै बयान दिए । मार्चदेखि नै उनी मतदाताहरूलाई जागरुक गर्दै थिए, त्यतिबेला भाजपालाई सपोर्ट गर्नुहुन्छ भनेर सोध्दा आमिरले भनेका थिए, 'म कुनै पनि राजनीतिक पार्टीलाई प्रमोट गर्दिनं ।' आमिरले सन् २०१५ मा देशमा असहिष्णुताको माहौल रहेको बताउँदै आफ्नी पत्नी किरण रावलाई डर महसुस हुने गरेको र उनले देश छोड्न सल्लाह दिने गरेको कुरा उल्लेख गरेका थिए । उनको उक्त बयानमा निकै ठूलो विवाद भएको थियो । त्यही बेलादेखि आमिर राजनीतिक मुद्दामा बोल्नबाट जोगिन थालेका हुन् ।



**३. शाहरुख खान**

१३ मार्च २०१९ मा मोदीले शाहरूखसहित कैयौं सेलिब्रेटीलाई ट्विटमार्फत मतदानका लागि जनतालाई जागरुक गर्न अपिल गरेका थिए । त्यसको करिब ४० दिनपछि शाहरूखले एक भिडियो शेयर गरे, जसमा उनले मानिसहरूलाई भोटिङ गर्न अपिल गरेका थिए । यद्यपि चुनावका दौरान उनले कुनै राजनीतिक बयान दिएनन् । शाहरुखले न त कुनै पार्टीलाई समर्थन गरे, न त विरोध नै । शाहरूखले सन् २०१५ मा आफ्नो जन्मदिनका अवसरमा एक टिभी च्यानलमा देशमा धेरै असहिष्णुता रहेको बताएका थिए । त्यसपछि उनले ठूलो विरोधको सामना गर्नुपरेको थियो । त्यसपछि उनको फिल्म समेत बहिष्कार गर्न थालियो । शाहरूखले आफ्नो भनाइलाई लिएर माफी समेत मागेका थिए, त्यही बेलादेखि उनी कुनै पनि विषयमा खुलेर कुरा गर्नबाट जोगिँदै आएका छन् ।



**४. सलमान खान**

मोदीसँग चंगा उडाइसकेका सलमान खान पनि त्यो सूचीमा सामेल छन्, जो राजनीतिक वादविवादबाट पूरै टाढा रहे । मार्चमै उनले सोसल मिडियामार्फत आफू कुनै पनि पार्टीबाट चुनाव नलड्ने र कुनै पार्टीको प्रचारमा नलाग्ने घोषणा गरेका थिए । वास्तवमा उनको धारणा त्यतिबेला आएको थियो, जतिबेला सलमानलाई कांग्रेसले इन्दोरबाट चुनाव लडाउने अड्कल काटिँदै थियो । त्यसो त सलमानले पहिल्यै भनिसकेका छन् कि उनी चुनावमा भोट गर्ने क्रममा पार्टी हेर्दैनन्, आफ्नो सम्बन्ध र सम्बन्धित उम्मेदवारको काम हेर्छन् ।



**५. रणवीर सिंह र दीपिका पादुकोण**

रणवीर सिंह र दीपिका पादुकोण पनि त्यस्ता सेलिब्रेटीमा पर्छन्, जो कुनै पनि पार्टीको समर्थन वा प्रचारबाट टाढा रहे । चुनाव प्रचारका दौरान उनीहरूको जोडीको एउटा तस्बिर भाइरल भएको थियो, जसमा दीपिकाको दुपट्टामा भोट फोर विजेपी लेखिएको थियो । यद्यपि त्यो तस्बिर फेक थियो । वास्तवममा उक्त तस्बिर ३० नोभेम्बर २०१८ मा खिचिएको थियो, जतिबेला उनीहरूको जोडी सिद्धिविनायकको दर्शनका लागि गएको थियो । कसैले फोटोसप गरेर उनको तस्बिरमा भाजपालाई समर्थन गरेको लाइन लेखेर भाइरल गरिदिएका थिए ।



**६. अजय देवगन**

अजय देवगनले पनि पूरै चुनावभर न कुनै पार्टीलाई समर्थन गरे न कुनै पार्टीको विरोधमा बोले । यद्यपि २३ मईमा जब चुनावी परिणाम घोषणा भयो र मोदीले भारी बहुमत हासिल गरे तब अजयले ट्विटरमा लेखे, 'मानिसहरू थाहा छ कि उनीहरूका लागि के सही हो । उनीहरूले नरेन्द्र मोदीलाई मन पराए ।'

### विश्व धूम्रपानरहित दिवस मे ३१

# धूम्रपानले गाँजेको संसार

त्रिचन्द्र प्रतीक्षा

विश्व स्वास्थ्य संगठनले २०१७ मा प्रकाशित गरेको तथ्यांकअनुसार मध्यपूर्वी तथा दक्षिण युरोपमा धूम्रपान गर्ने पुरुषको अनुपात महिलाको तुलनामा घटेको छ भने महिलाको बढेर गएको छ । विश्व स्वास्थ्य संगठनका १ सय ४० सदस्य राष्ट्र तथा विश्वका केही अन्य प्रान्तहरूमा गरिएको ग्लोबल युथ टोबाको सर्वे जिवाइटिएस-२०१७ को प्रतिवेदनमा पनि धूम्रपान गर्ने महिलाको संख्या उल्लेख्य रूपमा बढेकोमा चिन्ता व्यक्त गरिएको छ । 'वयस्क महिलाको तुलनामा नवयुवतीहरूमा धूम्रपानप्रतिको आकर्षण बढी छ । विश्वमा धूम्रपानका कारणले ज्यान गुमाउन सक्नेहरूको संख्या २०२० देखि वार्षिक १ करोडभन्दा बढी हुने सम्भावना छ,' जिवाइटिएसको ठम्याइ छ । विश्व स्वास्थ्य संगठनले जारी गरेको प्रतिवेदनमा धूम्रपान गर्नेहरूको संख्या यही क्रमले बढ्दै जाने हो भने आगामी सन् २०३० सम्ममा वार्षिक ८० लाखले ज्यान गुमाउने कुरा उल्लेख छ ।

संयुक्त राज्य अमेरिकामा गरिएको एउटा अर्को अध्ययनअनुसार धूम्रपानको रहर गर्ने चारमध्ये एक जना जवानलाई यसको लत नै लाग्छ । यो दर कोकेन र हेरोइनको चस्का लिन खोज्नेहरूको जत्तिकै छ । धूम्रपान गर्न थालेकोमा चुकचुकाउने किशोरकिशोरीहरू ७० प्रतिशत भए पनि कमैले मात्र यसलाई छोड्न सक्छन् । विश्व स्वास्थ्य संगठनका अनुसार धूम्रपानका कारण बर्सेनि ६० लाख मानिस अथवा प्रत्येक चार सेकेन्डमा एकजना मानिस मर्छन् । विभिन्न समयमा गरिएका सर्वेक्षणमा धूम्रपान गर्ने ८० प्रतिशत नागरिक निम्न आय भएका र गरिब देशका भएको कुरा देखिन्छ ।



तस्बिर : नवराज बाठे

नेपालमा सरदर वार्षिक ६ हजार मेट्रिक टनभन्दा बढी सुर्ती तथा करिब ६ अर्ब ६० करोड खिल्ली चुरोट उत्पादन हुन्छ । विगत दुई दशकयता नेपालमा सुर्तीजन्य पदार्थको उत्पादनमा १३ गुणाले वृद्धि भएको छ भने धूम्रपान र अन्य मध्यपानजन्य पदार्थको आयात पनि ह्वात्तै बढेको छ । सबैभन्दा बढी ४० प्रतिशत चुरोटको प्रयोग हुन्छ भने ३० प्रतिशत सुर्तीजन्य पदार्थ तथा ५ प्रतिशत स्थान तमाखुले ओगटेको छ । बाँकी २५ प्रतिशत स्थान पान, गुट्खा, बिडी आदिले ओगटेको पाइन्छ ।

यदि तपाईंले धूम्रपान छोड्ने अठोट गरिसक्नुभएको छ भने तल उल्लेखित केही बुँदा मनन गर्ने र नियम पालन गर्दै जाने हो भने धूम्रपान छोड्न सहज हुन्छ :

## मनबाटै चुरोट छोड्न तयार हुनुहोस्

सर्वप्रथम, चुरोट छोड्ने प्रयास गर्नु सार्थक छ भनेर आफू विश्वस्त हुनैपर्छ । चुरोट छोड्ने कारणहरूका साथै फाइदाहरूको सूची तयार पार्नुहोस् । चुरोट छोडिसकेपछि यो सूचीलाई पुनरावलोकन गर्दा तपाईंको संकल्प अझ दृढ हुनेछ ।

## चुरोट छोड्ने मिति तोक्नुहोस्

चुरोट छोड्ने मिति तोक्नुहोस् र भित्ते पात्रोमा त्यो दिनको चिह्न लगाउनुहोस् । तोकिएको मिति आइपुग्नुअघि नै एस्ट्रे, सलाई, लाइटर आदिलाई आफ्नो वरपरबाट हटाउनुहोस् । चुरोटको तलतल लागे धूम्रपान निषेधित ठाउँ जस्तै: सङ्ग्रहालय, रंगमञ्च, अस्पतालजस्ता धूम्रपान निषेधित ठाउँमा जान सकिन्छ ।

## चुरोट छोड्दा देखा पर्ने लक्षणको सामना गर्ने

चुरोट छोड्दा अन्तिम सर्को तानेको घण्टाभरमा तपाईंमा केही लक्षण देखापर्न सक्छ, जस्तै: रिस उठ्ने, चिन्ता लाग्ने, निराश हुने, निन्द्रा नलाग्ने, छट्पटी हुने, भोक लाग्ने तथा चुरोटको तलतल लाग्ने आदि हुन्छ । यी लक्षणलाई नियन्त्रणमा लिन कुनै काममा व्यस्त हुनुहोस् । क्यालोरी कम भएका खानेकुरा खानुहोस्, प्रशस्त मात्रामा पानी पिउनुहोस् । चुरोट पिउन तलतल लगाउने ठाउँ वा परिस्थितिबाट टाढै बस्नुहोस् । दस मिनेट मात्र पर्खंदा पनि तपाईंलाई लागेको तलतल केही कम हुनसक्छ । कहिलेकाहीं अब कहिल्यै चुरोट पिउन पाइन्न भन्ने विचारले मात्र पनि असहय हुनसक्छ । तपाईंलाई त्यस्तै लाग्छ भने आज एक दिनका लागि मात्र भए पनि छोड्नुपर्‍यो भन्ने सोच राख्नुहोस् ।

## फेरि चुरोट पिउन सुरु नगर्नुहोस्

चुरोट छोडेको पहिलो तीन महिना साह्रै गाह्रो हुन्छ । त्यसपछि पनि सम्भव भएसम्म चुरोट पिउने मानिस वा अवस्थाबाट टाढै रहनुहोस् । चुरोट छाडेको वर्षदिन वा बढी भैसकेको छ भने पनि कहिलेकाहीं पिए पनि फेरि छोड्न सकिहाल्छु नि भन्दै आफैंलाई छल्ने प्रयास नगर्नुहोस् । चुरोट पिउने लाखौं व्यक्तिले सफलतासाथ चुरोट छोडेका छन् । दृढ निश्चयी हुनुभयो र लागिरहनुभयो भने तपाईं पनि सफल हुन सक्नुहुन्छ ।


## चुरोट छोड्दा हुने फाइदा

चुरोट छोड्दा तपाईंलाई के फाइदा हुन्छ ? अन्तिम सर्को तानेको ३० मिनेटमै तपाईंको रक्तचाप सामान्य हुन्छ । हप्ता दिनपछि शरीर निकोटिनरहित हुन्छ । एक महिनापछि खोकी, पिनास, थकावट र सास फेर्न गाह्रो हुने आदि समस्या कम हुन थाल्छ । पाँच वर्षपछि फोक्सोको क्यान्सरले मृत्यु हुनसक्ने खतरा ५० प्रतिशत घट्छ । १५ वर्षपछि हृदयाघात हुनसक्ने सम्भावना चुरोट कहिल्यै पिउँदै नपिएको व्यक्तिको जति नै हुन्छ । खाना स्वादिलो लाग्न थाल्छ । सास, शरीर अनि लुगाफाटा गन्हाउन छाड्छन् । चुरोट किन्दा लाग्ने खर्च जोगिन्छ भने आफूले ठूलो उपलब्धि हासिल गरेको महसुस हुन्छ र आफ्नो आयु लम्बिन्छ ।

*(स्रोत : विश्व स्वास्थ्य संघका बुलेटिन, वाच टावरका बुलेटिन एवं राष्ट्रिय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रतिवेदन)*

# यस्तो हुनेछ हुवावे प्रतिबन्धको असर

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हुवावेका उत्पादन तथा टेलिकम्युनिकेसन उपकरणमाथि प्रतिबन्ध लगाएपछि यसका बारेमा विभिन्न प्रतिक्रिया आइरहेका छन् । अमेरिकाको राष्ट्रिय सुरक्षामा खतरा पुग्ने भनी लगाइएको उक्त प्रतिबन्धपश्चात् विभिन्न कम्पनीले हुवावेसँग सहकार्य नगर्ने घोषणासमेत गरेका छन् ।




सबैभन्दा पहिले गुगलले हुवावेका डिभाइसमा आफ्नो एन्ड्रोइड अपरेटिङ सिस्टमको सपोर्ट बन्द गर्ने घोषणा गर्‍यो । गुगलले एन्ड्रोइडको अफिसियल साइटबाट हुवावेका फ्ल्यागसिप स्मार्टफोन पी ३० प्रो तथा मेट एक्सलाई समेत हटाएको छ । ती स्मार्टफोलाई वेबसाइटको 'लेटेस्ट एन्ड ग्रेटेस्ट' सेक्सनमा स्थान दिइएको थियो ।

त्यसैगरी माइक्रोसफ्टले आफ्नो अनलाइन स्टोरबाट हुवावेका ल्यापटप हटाएको छ भने चिप निर्माता कम्पनी इन्टेल, क्वालकम तथा एएमडीले समेत हुवावेका लागि आफ्ना उत्पादन उपलब्ध गराउन बन्द गर्ने घोषणा गरेका छन् । अहिले वाइफाई स्ट्यान्डर्ड निर्धारण गर्ने संगठन वाइफाई एलाइन्सले समेत अस्थाई रूपमा हुवावेको सदस्यता स्थगित गरेको छ भने मेमोरी कार्डको स्ट्यान्डर्ड निर्धारण गर्ने संगठन एसडी एसोसिएसनले समेत हुवावेमाथि प्रतिबन्ध लगाएको छ । यसको अर्थ अब हुवावेका स्मार्टफोन तथा ल्यापटपमा आधिकारिक रूपमा एसडी र माइक्रो एसडी कार्ड प्रयोग गर्न सकिने छैन । अब हुवावेका नयाँ मोबाइल वा ल्यापटपजस्ता डिभाइसमा विभिन्न सफ्टवेयरको सपोर्ट हुनेछैन । यसका कारण हुवावेलाई निकै असर पुग्ने पक्का छ । यद्यपि पुराना र पहिले नै उत्पादन भैसकेका हुवावेका डिभाइसमा भने ती सफ्टवेयर प्रयोग गर्न सकिनेछ, तर आगामी दिनमा नयाँ अपडेट हुने सफ्टवेयर भने प्रयोग गर्न सकिने छैन ।

# स्पेस एक्सले ६० स्याटेलाइट पठायो अन्तरिक्षमा

रकेट निर्माता निजी कम्पनी स्पेसएक्सले इन्टरनेट सेवाका लागि बनाइने स्टारलिंकका लागि पहिलो पटक ६० वटा स्याटेलाइट अन्तरिक्षमा पठाएको छ । इलोन मस्कको उक्त कम्पनीले विश्वभर इन्टरनेट सेवा दिने ती स्याटेलाइट लो अर्थ अर्बिटमा राख्ने गरी पठाएको हो । उक्त रकेट पृथ्वीको तल्लो कक्षमा स्याटेलाइट रिलिज गरेर पुन पृथ्वीमा फर्कनेछ । कम्पनीले ती स्याटेलाइट सही स्थानमा सही रूपमा प्रक्षेपण भए-भएनन् भनेर परीक्षण गरिरहेको छ । ती प्रत्येक स्याटेलाइटको तौल २ सय २७ किलोग्राम छ । यो स्पेस एक्स रकेटले बोकेको सबैभन्दा भारी पेलोड हो । कम्पनीले विश्वभर रकम तिर्ने ग्राहकहरूका लागि भनेर उच्चगतिको इन्टरनेट सेवा अन्तरिक्षबाट प्रदान गर्ने योजना बनाएको छ जसको यो पहिलो चरण हो ।




मस्कको स्पेसएक्सले यो वर्षको अन्त्यमा वा आगामी वर्ष ग्राहकहरूलाई उच्चगतिको इन्टरनेट सेवा प्रदान गर्ने जानकारी दिएको छ, जसका लागि कम्पनीले प्रत्येक वर्ष २ हजार स्याटेलाइट लन्च गर्नेछ भने कक्षमा १२ हजार स्याटेलाइट राख्ने उद्देश्य लिएको छ । कम्पनीले ग्राहकहरूलाई १ गीगाबाइट प्रतिसेकेन्डको गतिमा इन्टरनेट दिने योजना बनाएको छ ।


पहिलो विश्व

# दिग्भ्रमित गर्ने मेकअप


मेकअपको मुख्य काम आकर्षक देखाउनु नै हो। मेकअपले यो काम सदियौंदेखि गर्दै आएको छ। मेकअपको उद्देश्य आकर्षक देखाउनु मात्र हो भन्ने मान्यतालाई बेलायतको नटिङहम बस्ने २० वर्षीया मेकअप आर्टिस्ट रोमानी जाडे टुलोचले तोडेकी छिन्। उनी मेकअपमार्फत मानिसलाई दिग्भ्रमित गर्न माहिर छिन्। फाइन आर्टकी विद्यार्थी रोमानीले मेकअप कला भने स्वअध्ययनमै सिकेकी हुन्। कलालाई मेकअपमा परिणत गर्ने क्रममा उनले दिग्भ्रमित गर्ने मेकअपलाई जन्म दिइन्। अहिले उनी आफ्नै अनुहारमा बिभिन्न किसिमका मेकअप गरेर ती तस्बिर तथा भिडियो समाजिक सञ्जालमा अपलोड गरेर चर्चित भैरहेकी छिन्।










## नुहाएको भिडियो निर्माण



३४ जना महिलाको नुहाइरहेको भिडियो पोर्न साइटमा हालेको आरोपमा पक्राउ परेका न्युजिल्यान्डका एक व्यक्तिलाई त्यहाँको अदालतले दोषी ठहर गरेको छ। ती व्यक्ति आफ्नो गेस्टहाउसको बाथरुममा स्याम्पुको बोतलमा राखिएको क्यामेराको सहयोगमा भिडियो बनाउँथे। उत्तरी द्वीपको हक्समा ती व्यक्तिले गोप्य तरिकाले २ सय १९ वटा भिडियो रेकर्ड गरेका थिए। यी सबै भिडियो डिसेम्बर सन् २०१७ देखि फेब्रुअरी २०१८ को बीचमा बनाइएको थियो। दोषी ठहरिएका व्यक्तिको पहिचान लुकाइएको छ, ताकि उनकी बिरामी श्रीमतीले अन्य कुनै प्रकारको समस्या सामना गर्नु नपरोस्। ती व्यक्तिले केही भिडियो पोर्न साइटमा हालेको स्वीकारसमेत गरेका थिए। प्रहरीका अनुसार पीडित महिलाहरूमध्ये धेरैको उमेर ३० वर्ष मुनि छ। ती व्यक्तिले बाथरुममा क्यामेरा यस्तो प्रकारले लगाएका थिए कि नुहाइरहेका युवतीहरूको तस्बिर काँधदेखि घुँडासम्म देखिन्थ्यो। यद्यपि धेरैजसो भिडियोमा महिलाको अनुहारसमेत रेकर्ड भएको थियो।



## यौनाङ्ग कला

आफ्नै गुप्ताङ्गको तस्बिर खिचेर सार्वजनिक गरेको आरोपमा जापानमा एक महिला कलाकार पक्राउ परेकी छिन्। मुगुमी इगारासी नामकी ती कलाकारले आफ्नै गुप्ताङ्गको सेल्फी खिचेर त्यसलाई थ्रीडी तस्बिरमा ढालेर कलात्मक बनाएकी थिइन्। आफ्नो कलात्मक गुप्ताङ्ग थ्रीडी प्रिन्टर्सका लागि उपयुक्त भएको भन्दै उनले ३० जना व्यक्तिसमक्ष उक्त प्रिन्ट किन्न आग्रहसमेत गरेकी थिइन्। उनले आफ्नो गुप्ताङ्गको तस्बिर बेचेर झन्डै १० लाख रुपैयाँ कमाएको बताइन्छ। आफ्नो ब्लगमा उनले लेखेकी छिन्- 'मैले आफ्नो योनिबाट कला सिर्जना गरेकी हुँ जसलाई म म्यान्को भन्छु। मेरो योनिलाई रंगाउनु मेरा लागि मात्र ख्यालठट्टाको काम थियो तर कतिपयले भने यसलाई नराम्रो रूपमा लिएको देखेर म आश्चर्यचकित छु।' उनले योनिको आकार ठ्याक्कै कस्तो हुन्छ भन्ने कुरा आफूलाई थाहा नभएको र आफ्नो योनि असाधारण होला भन्ने आफूले मानेको बताइन्। योनिको आकार निकै नराम्रो हुने भएकाले यसलाई सधैं अश्लीलताको दृष्टिले हेरिने गरिएको दुखेसो व्यक्त गर्दै उनले यो सधैंभरि लुकेको हुने हुँदा पनि त्यस्तो मानिएको तर त्यो हाम्रै शरीरको भाग भएको बताएकी छिन्।

## छुट योजना



डिस्काउन्ट अफर पनि कस्ता-कस्ता ? चीनमा एउटा यस्तो क्याफे छ जहाँ ठूला वक्षस्थल हुने महिलालाई छुट प्रदान गरिन्छ। ट्रेन्डी स्रिम्प्स नामक उक्त क्याफेले वक्षस्थलको आकारका आधारमा छुट दिने अफर सार्वजनिक गरेपछि त्यसले चर्चा र विवाद निम्त्याएको छ। ट्वीटरमा सार्वजनिक भएको विज्ञापनमा वक्षस्थलको आकार जति ठूलो भयो महिलाले उति नै कम मूल्यमा क्याफेमा खान पाउने कुरा उल्लेख छ। विज्ञापनमा ब्राको कप साइज र मूल्यको सूची उल्लेख गरिएको छ भने विज्ञापनमा एउटा स्लोगन पनि लेखिएको छ- 'सहरभरि ठूला वक्षस्थलको खोजी छ।' उक्त पोस्टर सार्वजनिक भएपछि विवादका कारण त्यसलाई हटाइयो। यता क्याफेका म्यानेजर लान सेंगाङ आफ्नो बिक्री रणनीतिको बचाउ गर्छन्। जब यो अफरको घोषणा भयो तब हाम्रा ग्राहकको संख्यामा २० प्रतिशतले वृद्धि भयो। हामीले भेटेका केही महिला आफ्नो स्तनप्रति निकै गौरवान्वित थिए र उनीहरूका लागि लुकाउनुपर्ने चिज केही थिएन।

साहित्य

# स्कुटीवाली...

दीपक घिमिरे

कलेजको गेटमा आएर एउटा स्कुटी टक्क अडियो, रातो कलरको स्कुटीमा आएकी स्कुटीवाली पनि रातै ड्रेसमा थिई । अनियन्त्रित पार्किङ भएको स्कुटीलाई स्कुटी पार्किङमा राख्न गेटपाले दाइले सिकाएपछि स्कुटीवाली हल्का लजाई । उता सहरका बोकाहरू गलल्ल हाँसे ।

स्कुटीको डिक्कीबाट कलेजी कलरको ब्याग निकालेर स्कुटीवालीले काधमा भिरी अनि आँखामा लगाएको हजारौं मूल्य बराबरको चस्मा निकालेर निधारमा अड्याई । अनि नागबेली आकारमा जिरो फिगरवाला शरीर लच्काउँदै हामी बसेको सामु आएर सोधी, 'एक्सक्युज मी ! एकाउन्टेन्टको अफिस कता पर्छ ? '

चोर औंलाले हाम्रो लेखा शाखा देखाउँदै मैले भनें, 'ऊ त्यहाँबाट लेफ्ट साइडतिर मोडिनुस् । ढोकैमा पुगिन्छ ।'

उसले मीठो मुस्कान छाड्दै भनी, 'थ्याङ्क्स !'

पर्फ्युमले नुहाएजस्तो वासना छाड्दै ऊ कलेजको गेटबाट भित्र लागी, हामी हेरेको हेर्‍यै भयौं ।

स्कुटीवाली निक्कै सुन्दर थिई । सबैको मनै लोभ्याउने सुन्दरी । ऊ को हो, किन कलेजसम्म आएकी होली ? सबैको मनमा यस्तै कुरा खेल्दै थिए ।

उसलाई सबैले राम्री माने, साँच्चै ऊ निक्कै राम्री थिई । ऊ को हो भन्ने कौतूहल मेट्न धेरै बोका उसको पछि लागे, लेखा शाखातिरै ।

ऊ आधा घण्टापछि फर्केर आई, हामी अहिलेसम्म यही गेटमै थियौं ।

ऊ अघि आएकै स्टाइलमा स्कुटी चढी ! पहिले ब्याग डिक्कीमा राखी, टाउकाको चस्मा आँखासम्म ल्याई अनि स्कुटी स्टार्ट गरेर बेपत्ता भै ।

सबैका आँखा ऊ गएको बाटोतर्फ मोडिए, बच्चादेखि वृद्धसम्म सबैको । अनि सुस्केरा हाल्दै धेरैले भने, 'ओ माई गड ! क्या सेक्सी केटी ।'

सहरमा स्कुटीवाली धेरै छन् तर ऊ बेग्लै थिई । हाम्रो कलेजमा दर्जनभन्दा बढी केटी स्कुटी लिएर कलेज आउँछन् तर ऊ ती सबै केटीभन्दा बेग्लै थिई । ऊ को हो वा किन आएकी हो, कसैले थाहा पाएनन् ।

कलेज नियमित थियो । देशभरबाट पढ्न आएका हजारौं विद्यार्थी थिए यो कलेजमा । कसैलाई कसैको मतलब हुँदैनथ्यो, तर ती स्कुटीवालीको मलाई खुब मतलब भयो ।

खै किन ऊ मेरो आँखामा बसेकी थिई, मैले आफैं बुझ्न सकेको थिइनँ । कलेज जाँदा-आउँदा सयौं स्कुटीवाली सडकमा भेटिन्थे, घरबेटीकै कान्छी छोरीको पनि गजबको स्कुटी थियो, ऊ पनि स्कुटीवाली नै हो । कलेजमा सँगै पढ्ने नमिता, कृष्टि, संजिता सबैको स्कुटी थियो तर मेरो दिमागमा यही स्कुटीवाली घुमिरही ।

अर्को दिन पहिलो कक्षा लिएर उसैगरी गेटमा उभिएको थिएँ, ऊ फेरि आई । उसैगरी स्कुटी पार्क गरी । यसपटक उसलाई गेटपाले दाइले केही सिकाउनु परेन ।

'आराम छौ ?' उसले गेटमै उभिएका पालेदाइलाई सन्चो-बिसन्चो सोधी ।

पालेदाइले ट्वाँ पर्दै भने, 'सन्चै छु !'

ऊ हामी भएतिर हेरेर मुस्कुराई । म पनि बत्तीस दन्त देखाएरै मुस्कुराएँ । मेरा साथीहरू पनि त्यसैगरी मुस्कुराउँदै थिए ।

ऊ सरासर लेखा शाखातिर गै । कलेजका बोकाहरू उसको



स्कुटीमा झुम्मिए । कसैले स्कुटीको ऐनामा हेरेर कपाल मिलाए, कसैले जुँगा मिलाए अनि कसैले त स्कुटीमै बसेर चलाएको नाटकसम्म गर्न भ्याए ।

ऊ आज अलि धेरै बेरसम्म लेखा शाखामा बसी । ऊ एकाउन्टेन्टसँग बसेकै समयमा कलेजका प्रिन्सिपल पनि लेखा शाखामा गए । अरू दुई-चार जना प्राध्यापक पनि गए । मैले सोचें, भित्र मिटिङ हुँदैछ सायद ।

ऊ करिब एक घण्टा पछाडि निस्की । मैले कक्षा कोठाको झ्यालबाटै उसलाई लाइन मारें । ऊ अलि हतारमा जस्तै गरेर गेटबाहिर निस्किई । बाहिरको अवस्था मलाई थाहा भएन ।

ऊ गएको केही क्षणपछि हाम्रो क्लास सकियो । हामी सबै अफिसतिर लाग्यौं ।

प्राध्यापकहरूलगायत प्रिन्सिपल र एकाउन्टेन्ट सबै बसेर छलफल हुँदै थियो तर के विषयमा हो हामीलाई थाहा भएन । सरहरूलाई सोध्दासमेत भन्नुभएन । बरु कलेजको सानो समस्या भनेर हाँसेर टारिदिनुभयो ।

यो दिन पनि ऊ को हो वा किन आएकी हो थाहा भएन । हामी सबै उत्सुक थियौं बुझ्नका लागि, तर न एकाउन्टेन्टले भन्थे । न अरू कुनै सरले ।

धेरैलाई ऊ को हो जान्ने उत्सुकता थिएन, तर मलाई जान्न मन थियो आखिर को हो ऊ ?

कुनै हिरोनीभन्दा कम राम्री छैन ऊ । मिलेको शरीर छ, कुनै ठूलो व्यवसायिक घरानाकी छोरीजस्तै फेसनेबल छ ऊ, तर कलेजको आन्तरिक मामला भन्दै गोप्य राखिँदै छ उसको परिचय ।

अरूले चासो नदिए पनि मलाई स्कुटीवालीका बारेमा बुझ्नु थियो । उसलाई चिन्नु थियो किनभने उसले पहिलो पटक एक्स्क्युज मी भन्दै मन चोरेकी थिई मेरो ।

ऊ हाम्रै कलेजको प्राध्यापक भैदिए हुन्थ्यो वा कलेजकै नयाँ विद्यार्थी भैदिए हुन्थ्यो भन्ने मेरो मनको आग्रह थियो । यति भए म उसलाई दैनिक हेर्न पाउँथें । राम्रा फूललाई हेरेरै चित्त बुझाउने मेरो आफ्नै नियम छ । ऊ मेरा लागि फूल थिई, बगैचामा फुलेकी अलग स्टाइलकी सुन्दर फूल ।

घर गयो, सम्झनामा स्कुटीवाली । कलेज आयो, कतिबेला आउली स्कुटीवाली ।

यी र यस्तै कुराले सताउने भैसकें म । करिब एक सातासम्म ऊ दैनिक कलेज आउजाउ गरिरही । पहिले-पहिले छिट्टै फर्कन्थी तर पछि-पछि समय बढाउँदै लगी ।

एकाउन्टेन्टसँग मात्र हुने छलफल आजभोलि कलेजका सबै स्टाफसँग गर्न थाली सायद । ऊ आएको पत्तो पाउनासाथ कक्षा कोठाबाट निस्कन सबै प्राध्यापक लेखा शाखातिर लाग्थे ।

ऊ आएपछि कलेजको पढाइ बिग्रन्थ्यो । अरूले विरोध गर्थे तर म गजब मान्थें, किनभने म स्कुटीवालीलाई मज्जाले हेर्न पाउँथें । ऊ फर्कदा उसलाई गेटसम्म छाड्न पाउँथें । ऊ फर्कदा सधैं मलाई मुस्कानसहित बाई भन्थी, म लट्ठिन्थे कुनै पागलप्रेमीजस्तै ।

एक दिन ऊ अलि छिट्टै आई । म गेटमै हुँदा आई । हातमा ठूलो ब्याग लिएर आई यसपटक ऊ ।

सधैंजसो मलाई हाई गरेर लेखा शाखामा पुगी । ऊ गएपछि सबै सरहरू उतै गए । अरूलाई खासै चासो नभए पनि मलाई उसको

माया लाग्ने भैसकेको थियो । त्यसैले म उसको विशेष निगरानी गर्थें ।

कक्षा सुरु भएको थिएन । सबै सरहरू उतै मिटिङमै थिए । हामी स्कुलकै ग्राउन्डमा बसेर गफमा मस्त थियौं । अरूको ध्यान गफमा भए पनि मेरो ध्यान स्कुटीवालीतर्फ थियो । ऊ कतिबेला निस्कन्छे अनि मनभरि हेर्न पाइन्छ भन्ने थियो ।

एक्कासि सबै सरहरू हतारका साथ बाहिरिए । स्कुटीवाली सबैभन्दा पहिले भाग्दै गेट क्रस गरि । बिस्तारै सबै सरहरू दौडिँदै गेट क्रस गरे अनि सबैलाई छिट्टै बाहिरिन आग्रह गरे । ठूलो गेट खोलियो, सबै विद्यार्थी हूलका साथ बाहिरिए ।

विद्यार्थी आउने काम सकिनासाथ ठूलो आवाजमा ब्लास्ट भयो, बमले अफिसको छत उडाइदियो । हेर्दाहेर्दै सबै जलेर खरानी भयो ।

हामीहरू निक्कै डरायौं, फर्केर स्कुटीवालीतर्फ हेरेको ऊ बेपत्ता भैसकेकी थिई ।

तुरुन्तै प्रहरी आयो, अनुसन्धानका लागि प्रिन्सिपल र एकाउन्टेन्टसँग सोधपुछ गर्न थाल्यो ।

डरले काँपिरहेका एकाउन्टेन्ट भन्दै थिए, '५० लाख चन्दा माग्दै थिए, २० लाख दिने सहमति हुँदा पनि लिन मानेनन्, अन्त्यमा टाईम बम फिट गरेर ज्यान बचाउने भए भाग भनेर बेपत्ता भए ।'

ओ माई गड ! मैले मनमा सजाएकी त्यो स्कुटीवाली हिंसात्मक गतिविधिमा लागेको पार्टीको जिल्ला सेक्रेटरी रैं'छे । ऊ पार्टीका लागि चन्दा माग्न आउँदी रैं'छे ।

कलेज जीवनमा मन पराएकी त्यो स्कुटीवाली आज जिउँदै छे कि सहिदको नाममा सूचीकृत छे थाहा भएन, तर उसको त्यो रूप अनि लोभलाग्दो शरीर अझै उस्तै ताजा छ मानसपटलमा । सम्झनाबाट हराउन सकेकी छैन त्यो स्कुटीवाली ।

# कला र साहित्यका स्रष्टाको जमघट



माधव

कला र साहित्यप्रति समर्पित स्थानीय अगुवा अनि अनुरागीहरूको पहलमा मोरङको बेलबारीमा नियमितजसो साहित्यिक गतिविधि हुने गरेको छ । यसैको निरन्तरतामा गणतन्त्र दिवसको अवसर पारेर कला-साहित्य उत्सव सम्पन्न गरियो ।

महोत्सवमा विभिन्न स्थानका कला-साहित्य सर्जकहरू भेला भएका थिए । शुक्रबार र शनिबार दुई दिन साहित्य तथा कलाका विभिन्न विधामा छलफलका साथै प्रतियोगिता समेत आयोजित गरियो । उक्त अवसरमा भेला भएका कलाकार तथा साहित्यकारहरूको चहलपहलले बेलबारी कला-साहित्यमय भयो ।

बेलबारी साहित्य विकास समितिले आयोजना गरेको कला तथा साहित्य महोत्सवका अवसरमा विभिन्न स्रष्टाहरूले बेग्लाबेग्लै भाषामा सिर्जना प्रस्तुत गरे ।

उक्त अवसरमा विद्यार्थी तथा स्थानीय कलाकारहरूको सहभागितामा चित्रकला प्रतियोगितासमेत सम्पन्न गरिएको थियो ।

समापनका दिन शनिबार नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेती पनि उपस्थित थिए । उक्त दिन पुरस्कार वितरण, साहित्यिक सिर्जना वाचनलगायत कार्यक्रम आयोजना गरिएको थियो । प्रतियोगितात्मक रूपमा आयोजित चित्रकलातर्फ सुमन तामाङ, निशा राई, शृंखला धिमालका चित्रहरू उत्कृष्ट घोषित भए । महोत्सवकै अवसरमा बहुभाषिक साहित्य गोष्ठी पनि सम्पन्न गरिएको आयोजक समितिकी अध्यक्ष रेखा सुवेदीले बताइन् । उक्त अवसरमा लिम्बू, राई, थारू, मैथिली, गुरुङ, तामाङ, नेपाली, हिन्दी, अंग्रेजी आदि भाषामा सिर्जनाहरू प्रस्तुत गरिएको थियो भने कतिपय स्रष्टाले अनूदित रचना समेत सुनाएका थिए ।

सम्मेलनमा २५ हजार राशीको 'बेलबारी साहित्य पुरस्कार' साहित्यकार हर्कमान तामाङलाई प्रदान गरियो । यसैगरी १५ हजार राशीको 'बेलबारी कला पुरस्कार' सोमप्रसाद गौतम (श्याम) लाई प्रदान गरियो । उक्त अवसरमा कथाकार धनजीत पराजुलीको कथा संग्रह 'हुलिया' सार्वजनिक भयो भने 'निगुरो' अनलाइन पत्रिका तथा टिमीको शुभारम्भ पनि गरिएको थियो ।

महोत्सवका अवसरमा साहित्यकार तथा समालोचक प्रा.डा. राजेन्द्र सुवेदी, प्रा.डा. टंक न्यौपाने, डा बद्रीविशाल पोखरेल, प्राज्ञहरू विवश पोखरेल, गंगा सुवेदी र हेमराज अधिकारी तथा सर्जकहरू हर्कमान तामाङ, सरला चापागाईं, इरान राई, जीविका अश्रु, मुकुन्द प्रयास, देवी पन्थी, भरत गुरागाईं आदि सहभागी थिए ।

यसैगरी मनु मञ्जिल, पूर्णबहादुर गुरुङ, शरण शिवनारायण पण्डित सिंगल, भवानी पोखेल, बद्री अधिकारी, धर्मराज राई, जेबी थुलुङ, राधिका गुरागाईं, टीका लामिछाने, लेखबहादुर मगर, बिन्नेन राई, हिमांशु राय, हिरा खड्का, दीप मंग्राती, उमा सिजापति, नितु थापा, सावित्रा कोइराला आदि सर्जकले पनि महोत्सवमा सहभागिता जनाए ।

## यौन जिज्ञासा र समाधान




डा. राजेन्द्र भट्ट

**भियाग्रा के हो र यसले कसरी काम गर्छ ? पुरुषको यौन जीवनमा यसको के महत्व छ ? यदि पुरुषका लागि भियाग्रा हो भने महिलाको यौनचाहना जगाउने औषधी के होला ?**

**डी.अ.**





### यौनेच्छाको सञ्चालन

यौनचाहना मानवजीवनको अभिन्न पाटो हो । यौनसम्पर्क गरेर वंशजलाई निरन्तरता दिनुजस्तो प्राकृतिक नियमको पालना गर्नु मानवको दायित्व हो, तर अहिले पहिलेको जस्तो वंश निरन्तरताका लागि धेरै सन्तान जन्माउनुपर्ने आवश्यकता छैन, त्यसैले यौनसम्पर्कको प्रयोग यौन आनन्दका लागि निकै हुन थालेको छ ।

मोटामोटी रूपमा हेर्दा यौनेच्छाको सञ्चालनमा विभिन्न प्रणाली सक्रिय हुन्छन् । एक त ed rie sy tem अन्तर्गतका रागरसहरूले त्यसमा महत्वपूर्ण भूमिका खेल्छन् भने अर्कातिर इन्द्रिय प्रणालीका साथमा स्नायुप्रणालीले । यौनेच्छा जाग्ने (विकसित हुने) वा त्यसको व्यग्रतामा रागरस अर्थात् हार्मोनको महत्वपूर्ण भूमिका हुन्छ । यौन क्रियाकलापले भन्दा पनि टेस्टेस्टेरोनले यौनेच्छा वा यौन व्यग्रतालाई बढी प्रभाव पारेको हुन्छ । महिलामा पनि टेस्टेस्टेरोनले नै यौनेच्छा वा यौन व्यग्रताका लागि महत्वपूर्ण भूमिका खेल्छ ।

### भियाग्रा र यसको कार्य

भियाग्रामा सिल्डेनाफिल साइट्रेट (Sildenafil citrate) नामको रसायन हुन्छ । यो लिङ्गको उत्तेजनामा कठिनाइ हुने व्यक्तिको उपचारका लागि प्रयोग गरिन्छ । पुरुषमा पाइने समस्यामा यो वरदान नै सावित भएको छ । बुझ्नुपर्ने कुरा के छ भने यो औषधी यौन इच्छा वा क्षमता वृद्धि गर्ने (aþ d siac) वा हार्मोनयुक्त औषधी होइन, त्यसैले यसले लिङ्ग उत्तेजनासम्बन्धी सबै समस्या समाधान नगर्न सक्छ । यही सन्दर्भमा के पनि भनौं भने यो औषधी खाँदैमा स्वःस्फूर्त रूपमा अर्थात् आफसे आफ लिङ्ग उत्तेजित हुने होइन । यदि कुनै पुरुष यौन उत्तेजित हुन पुगे लिङ्गमा रगत भरिने क्रम सामान्य अवस्थाको तुलनामा भन्दा बढी हुन्छ । त्यसैले लिङ्गमा राम्रोसँग उत्तेजना आउँछ । यौनसम्पर्क पछि लिङ्ग पुनः पुरानै अर्थात उत्तेजित नभएको अवस्थामा फर्कन्छ ।

हृदयरोग भएका व्यक्तिहरूले बढी शारिरीक परिश्रम गर्नुपर्ने स्थिति जस्तै यौनसम्पर्क राख्दा पनि विशेष ध्यान पुर्‍याउनुपर्ने हुन्छ । विशेष गरेर हृदयरोगका लागि h tratre भएका औषधी प्रयोग गर्ने व्यक्तिले यो औषधीको प्रयोग गर्नु हुँदैन । अचानक रक्तचापमा कमी भएर ज्यानमै खतरा पनि हुनसक्छ । हृदयरोग, रक्तचाप, कलेजो वा मृगौलासम्बन्धी खराबी भएका व्यक्तिहरूले विशेष गरेर यो औषधीको सेवन गर्नुअघि सावधानी अपनाउनुपर्छ । यो औषधी त्यसै बजारबाट किनेर खानु हुँदैन, चिकित्सकसँग सल्लाह गरेर उनकै सल्लाहमा मात्र प्रयोग गर्नुपर्छ ।

प्रयोगकर्तामध्ये कतिपयलाई टाउको दुख्ने, अनुहार रातो भएर आउने तथा पेटमा गडबडी हुने जस्ता असर देखा पर्न सक्छन् । कसैकसैमा नीलो र हरियो रंग छुट्ट्याउन नसक्ने, प्रकाशसंग बढी संवेदनशील हुने तथा धमिलो देखिने जस्तो समस्या हुन सक्छ । अति विरलै हुने भए पनि कसै कसैमा लिङ्गको उत्तेजना भए पनि पुरानै अवस्थामा नफर्किएर उत्तेजित अवस्थामै रहने हुनसक्छ । यदि चार घण्टासम्म पनि यस्तो भए तुरुन्तै चिकित्सकको मद्दत लिनुपर्ने हुन्छ अन्यथा लिङ्गमा स्थायी रूपमै खराबी देखा पर्न सक्छ ।

### महिलामा भियाग्राको प्रयोग

औषधी बनाउने कम्पनीहरूकै संलग्नतामा गरिएको एक अध्ययनले केही सकारात्मक कुरा देखाएका छन्, तर त्यसको निष्पक्षतामा स्वभाविक रूपमै प्रश्न उठ्ने भयो, त्यसैले अहिले ती अध्ययनले देखाएका सबै कुरामा विश्वास गरिहाल्नुपर्ने स्थिति छैन । यौनसम्पर्क गर्दा वा चलाएर उत्तेजित पार्दा योनि, भगोष्ठ तथा भगाङ्कुरको संवेदनशीलतमा कुनै परिवर्तन आउँछ कि आउँदैन भन्ने कुरा केही अध्ययनमा हेरिएको थियो । यौन उत्तेजनामा समस्या हुने कतिपय महिलामा यसले फाइदा पुगेको पाइयो । महिलाको भगाङ्कुर लगायत यौनाङ्गमा बढी रगत भरिने र तुलनात्मक रुपमा सजिलै चरमसुख पाएको कुरा अध्ययनहरूले बताउँछन् । यौनेच्छा नै कम (Hp ctie Sea l Desire Disp d r) भएका महिलामा त्यसको एकदम कम प्रभाव परेको देखियो । भावनात्मक वा मनोवैज्ञानिक कारणले यौन समस्यामा परेका महिलाहरूलाई यसबाट कमै फाइदा पुग्ने देखिन्छ । अर्को कुरा, Sildenafil citrate औषधीको अल्पकालीन वा दीर्घकालीन प्रभावका बारेमा महिलामा पुरुषको तुलनामा एकदमै कम अध्ययन भएकाले यसै भन्न सकिने स्थिति छैन ।

महिलामा भियाग्राको प्रयोग औषधी बनाउने कम्पनीहरूकै संलग्नतामा गरिएको एक अध्ययनले केही सकारात्मक कुरा देखाएका छन्, तर त्यसको निष्पक्षतामा स्वभाविक रूपमै प्रश्न उठ्ने भयो, त्यसैले अहिले ती अध्ययनले देखाएका सबै कुरामा विश्वास गरिहाल्नुपर्ने स्थिति छैन । यौनसम्पर्क गर्दा वा चलाएर उत्तेजित पार्दा योनि, भगोष्ठ तथा भगाङ्कुरको संवेदनशीलतमा कुनै परिवर्तन आउँछ कि आउँदैन भन्ने कुरा केही अध्ययनमा हेरिएको थियो ।

### महिला भियाग्राको कुरा

बोलिचालीमा वा भनौं सञ्चारमाध्यममा महिला भियाग्रा भनिए पनि यो भियाग्रा भन्दा फरक किसिमको औषधी हो । प्रयोगका लागि सन् २०१५ अनुमति पाएको यो औषधीमा मुख्यतः flibanserin हुन्छ । यो अमेरिकामा Ad व्यापारिक नाममा उपलब्ध छ । यो औषधी विशेष गरेर महिलामा þ active sea l d sire d sp d r को उपचारमा प्रयोग गरिन्छ । भियाग्राको प्रभाव लिङ्गमा रगत भरिने किसिमको हुन्छ भने flibanserin को प्रभाव मानसिक । यो औषधीको प्रयोग गर्ने महिलाहरूले यौनेच्छा तथा यौन सुखमा वृद्धि भएको कुरा उल्लेख गरेका छन् तर यो औषधीको प्रयोगका कारणले नै यौन कार्यसम्पादनमा सुधार आएको भने देखिएको छैन । निराशा कम गर्ने औषधी खाइरहेका महिलामा यसको प्रभाव अरूको तुलनामा बढी परेको पाइन्छ । यसका पनि कतिपय नकारात्मक असर हुन्छन्, जस्तै : रिँगटा लाग्नु, झुम्म पर्नु, वाक् वाकी लाग्नु, थकाइ लाग्नु, निद्रा नलाग्नु, मुख सुक्नु, रक्त चाप कम हुनु, बेहोस हुनु आदि ।

### सूचना

तपाईंहरूको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

## महिला स्वास्थ्य




म २२ वर्षकी गर्भवती महिला हुँ । मेरो यो पहिलो गर्भ हो । मेरो महिनावारी नियमित नभएकाले गर्भ रहेको थाहा नपाउँदै पिसाबको समस्याका कारण केही औषधी गराएकी थिएँ, तर यो अवस्थामा औषधी सेवन गर्दा गर्भस्थ शिशुमा असर पर्छ भन्ने कुराले मलाई चिन्ता भैरहेको छ । यसले मेरो गर्भमा कुनै असर त गर्दैन ? मलाई डर लागिरहेको छ । स्पष्ट पारिदिनुभए आभारी हुने थिएँ ।

०३४

डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

तपाईंको प्रश्नमा कति हप्ताको गर्भ अनि पिसाबको संक्रमण भएका बेला कुन औषधी सेवन गर्नुभएको थियो, उल्लेख छैन । गर्भावस्थामा औषधी सेवन गर्नु हुँदैन भन्ने धेरैको मान्यता छ, जुन गलत हो । गर्भावस्थामा पनि पिसाबको संक्रमण हुन सक्छ र त्यस्तो हुँदा औषधी सेवन गर्नुपर्ने हुन्छ । केही औषधीले भने गर्भको शिशुमा असर गर्न सक्छ, ती औषधी गर्भावस्थामा सेवन गर्नु हुँदैन । तपाईंले प्रयोग गरेको औषधी कुन थियो भन्न सकिएन, तर केही मात्रामा प्रयोग गर्दैमा गर्भमा असर परेको होला भन्न सकिँदैन । असर गरेको छ कि छैन थाहा पाउन अल्ट्रासाउन्ड (भिडियो एक्स रे) गराउनुपर्छ । नियमित गर्भको परीक्षण गराउँदै, फोलिक एसिड नामक औषधी प्रयोग गर्दा, धेरै तनावमा नबस्दा, झोल तथा पोषणयुक्त खानेकुरा खाँदा गर्भस्थ शिशुको राम्रो विकास हुन्छ ।

अब हाम्रो पालो

# नारायणहिटी दरबार हत्याकाण्डका सम्बन्धमा के भन्नुहुन्छ ?



त्यो एउटा रहस्यमय नरसंहार थियो । यसमा म ज्ञानेन्द्र र पारसलाई दोष दिन्नँ, यसका मुख्य योजनाकार भारत, अमेरिका, युरोपेली युनियन तथा नेपाली राजनैतिक दलका केही नेताहरू थिए । किनभने राजा वीरेन्द्रले भारतको नोकर बन्न चाहेनन्, युरोपेली युनियन र अमेरिकाले स्वतन्त्र रूपमा धर्म प्रचार गर्न पाएनन् । यो घटनाको छानबिन गर्ने तागत कसैमा छैन । त्यो नेपाल र नेपालीका लागि अत्यन्त दुःखद र कालो दिन थियो ।

**राजन भट्टराई**

दरबार हत्याकाण्ड तत्कालीन संसद्वादी दलको संरक्षण एवं सिआईएको सहयोगमा रअले गरेको अन्तर्राष्ट्रिय अपराध हो । यो अपराधका लागि तत्कालीन नेताहरूलाई केन्द्रमा राखेर छानबिन गरिनुपर्छ ।

**रेशम अधिकारी**

यो आफू राजा बन्न गरिएको ग्रान्ड डिजाइन हो ।

**देवान लुङगेली**

ज्ञानेन्द्र विदेशी डिजाइनमा फसेका हुन् । उनी निर्दोष छन् ।

**आनन्द आनन्द**

नेपालमा शान्ति चाहने राजा वीरेन्द्रले तत्कालीन माओवादीसँग वार्ता गरी सम्पूर्ण समस्या समाधान गर्न चाहेका थिए, तर केही तत्वले नेपालमा अशान्ति चाहेका कारण उनको हत्या भएको हो । फलस्वरूप आज नेपालमा भाँडभैलो भैरहेको छ ।

**दीपक तामाङ**

खै गिरिजाबाबुलाई था' छ भन्थे, बूढा पनि केही नभनी चल्दिहाले ।

**विनोद गुरागाई**

वास्तवमा ज्ञानेन्द्र निर्दोष नै हुन्, उक्त घटनाका प्रत्यक्षदर्शीहरू अझै जीवित छन्, फेरि छानबिन गर्दा हुन्छ ।

**शुक्रराज साङपाङ**

ज्ञानेन्द्र विदेशी डिजाइनमा फसेका हुन् ।

**खेम गौतम**

वर्षादको मौसममा झरीभन्दा बढी नेपाली रोएको दिन । नेपाली इतिहासले सबैभन्दा क्रूर पीडा भोगेको दिन ।

**नवराज भुमरी आचार्य**

दिपेन्द्रको मुकुण्डो लगाएर सुरक्षाकर्मीले नै मारेका हुन् भन्ने हल्ला सुनिन्थ्यो त्यतिबेला । यो राजसंस्था कमजोर पार्न गणतन्त्रवादीले रचेको मास्टरप्लान पनि हुन सक्छ वा ज्योतिषीले ज्ञानेन्द्रलाई राजा हुन्छस् भनिदिएपछि आशाले त्यस्तो गरेका पनि हुन सक्छन् । विदेशीको किन टाउको दुखोस् र वीरेन्द्रको परिवारलाई नै मार्न ?

**उपेन्द्र सापकोटा**

ज्ञानेन्द्रलाई दोष लगायौं हामीले, तर यो त धान खाने मुसो, चोट पाउने भ्यागुतो भनेजस्तो भएको छ । ज्ञानेन्द्र निर्दोष थिए । यो घटनाको निष्पक्ष छानबिन हुनुपर्छ ।

**मनोज तिम्सिना**

सम्पूर्ण राजपरिवारको हत्या गरी ज्ञानेन्द्रको परिवार र राजपरिवारका बाँकी सदस्यलाई केही नगर्नु भनेको यो सम्पूर्ण षड्यन्त्र ज्ञानेन्द्रको हो भनी देखाउन राष्ट्रघाती तत्वलाई हातमा लिएर गरिएको विदेशी षड्यन्त्र हो । यदि ज्ञानेन्द्र दोषी छन् भने राजदरबार हत्याकाण्डको पुनः छानबिन गरियोस् ।

**शंकर कार्की**

ब्याक फ्राइडे भन्छु म त ।

**मिलन भट्ट**

यस विषयमा धेरै समाचार र धेरै विद्वान्हरूको विचार पढेको छु तर म केही बोल्न चाहन्नँ, किनभने म जे जान्दछु सबैले जानेका छन् । साह्रै दुखलाग्दो घटना ।

**प्रेम पुनमगर**

कसैलाई तोकेर सिधै औंला देखाउँदा हात नै काटिदेलान् साथीहरूको । सबुत छ भने सम्बन्धित निकायलाई देखाएर कारवाही अघि बढाउदा हुन्छ । होइन भने दुलोभित्र बसेर चुर-फुर गर्नेहरूको चुरिफुरी निस्लिएला । त्यो कालो दिन सम्झँदा निकै दुःख लाग्छ । यसमा विदेशीको चलखेल रहेको प्रस्ट छ । नेपालमा द्वन्द फैलाउने र देश टुक्र्याउने षड्यन्त्र थियो त्यो ।

**जीवन बिमा**

मान्छे मार्न सिपालु पार्टी जुन हो, त्यसैले मारेको हुनुपर्छ पो भन्छु म त ।

**खगेन्द्र थापा**

विदेशमा साधारण मान्छे मर्दा नि पत्ता लाग्छ, नेपालमा भने राजा मर्दा नि हत्यारा पत्ता लाग्दैन ।

**मोहन बाबु**

नेपालबाट राजसंस्था हटाउन तथा देशमा शान्ति नहोस्, देश सधैं परजीवी होस् भन्ने केही गद्दार तथा विदेशीको डिजाइनमा भएको घटना हो, जसको दोष ज्ञानेन्द्र शाहमाथि खन्याए ।

**सिर्जना खड्का शाह**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**

CTEVT बाट मान्यता प्राप्त २४ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।



* * * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: ९८६४२५८१८८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: ९८६४२५८१७६, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-५२४९८१, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९


# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

## यो साता

**जेठ १७ गते**
विश्व धुम्रपान रहित दिवस ।
**जेठ १८ गते**
वन उपभोक्ता दिवस ।
**जेठ २१ गते**
गोसाइकुण्ड स्नान आरम्भ ।
**जेठ २२ गते**
इद उलफितर, विश्व वातावरण दिवस ।

### मेष

प्रेममा दुविधा बढ्न सक्छ । पुराना साथीहरूको सहयोगले ओझेलमा परेका कार्यहरू क्रमिक रूपमा सम्पन्न हुनेछन् । बढ्दो खर्च नियन्त्रण गर्न जीवनशैलीमा परिवर्तन जरुरी देखिन्छ । साताको अन्त्यमा राम्रो आम्दानी हुने व्यवसायमा हात हालिने सम्भावना छ । सुनौलो रङ्गको प्रयोगले कार्य क्षेत्रमा विशेष लाभ पुऱ्याउनेछ ।

### वृष

विभिन्न किसिमका व्यक्तिहरूसँगको भेटघाट तथा भलाकुसारीमा साता व्यतीत हुनेछ । साथीभाइ तथा छरछिमेकीका शुभकार्यमा बढी खर्च गर्नुपर्ने बाध्यता आइलाग्न सक्छ । स्वास्थ्यको विचार नगरी खानपानमा रमाउँदा पेटसम्बन्धी समस्याले पिरोल्ने सम्भावना छ । मौसम अनुरुप स्वास्थ्य सजगता अपनाउनुहोला ।

### मिथुन

विशेष जमघटको फाइदा उठाउन ज्येष्ठ व्यक्तिहरूको सुझावको जरुरत पर्नेछ । बलजफ्ती गर्नाले परिस्थिति अनुकूल नहुन सक्छ । सहकर्मीहरूले काममा अवरोध खडा गर्ने रणनिति अपनाउन सक्छन्, जुक्तिबुद्धि लगाउँदा अधिकार जमाउन सकिनेछ । प्रयत्न गरे लक्ष्यमा पुग्न सकिनेछ । रमाइलो भेटघाटमा स्वादिष्ट भोजनको आनन्द उठाउन पाइनेछ ।

### कर्कट

सोमबारपछिका दिनहरू अनुकूल रहनेछन् । दोहोऱ्याएर गरिएका कार्यहरू सफल हुनेछन् । होसियारीपूर्वक कार्य सम्पन्न गरे पनि आरोप आइलाग्ने सम्भावना छ । लेनदेनमा विवादको सामना गर्नुपर्ला । मठ-मन्दिरको भ्रमणले कार्य सम्पन्न गर्न थप ऊर्जा दिनेछ । सेतो रंग प्रयोग गर्न सके समस्याबाट जोगिन सकिनेछ ।

### सिंह

नयाँमित्रहरूसँग परिचित भै भावना साटासाट हुनेछ । मझौला किसिमको व्यवसायले सन्तोषजनक मुनाफा दिनेछ । यात्रा गर्ने साइत तय हुन सक्छ । प्रतियोगितात्मक कार्यक्रममा पुरस्कृत हुने सम्भावना छ । स्वास्थ्यमा सामान्य गडबडी देखा पर्न सक्छ, समयमै होस पुऱ्याउनु उपयुक्त हुन्छ ।

### कन्या

मांगलिक कार्यको चटारोले पारिवारिक वातावरण तताउनेछ । कार्यव्यस्तताका कारण भ्रमण एवं मनोरञ्जनका निम्ति समय निकाल्न धौ-धौ पर्नेछ । नगद सापटी लिएका मित्रहरूको हेलचेक्र्याइँले कारोबार व्यवस्थापन गर्न ढिलाइ हुने सम्भावना छ । राति अबेरसम्म बाहिर बस्दा समयको ख्याल गर्नुहोला ।

### तुला

पुराना साथीहरूसँगको जमघटमा तपाईंको नेतृत्वप्रति विश्वास गर्दै नयाँ व्यवसायको श्रीगणेश हुने सम्भावना छ । प्रतिस्पर्धीहरूले काम बिगार्ने प्रयास गरे पनि परिणाम आफ्नै पक्षमा हुनेछ । अध्ययनको क्षेत्रमा देखा परेको अलमलको अन्त्य हुनेछ । उच्च शिक्षाका लागि चुनिएको विषयले भविष्यको सही बाटो देखाउनेछ । सेतो रंगको प्रयोगले दैनिकीलाई सहज बनाउनेछ ।

### वृश्चिक

प्रतिष्ठा र पदोन्नतिको अवसरलाई चुनौतीका रूपमा लिए उचाइमा पुगिनेछ । आध्यात्मिक चिन्तन तथा योग-ध्यानले दुर्भावनाहरू समाप्त हुँदै भविष्यको मार्ग पहिल्याउन सहज बनाउनेछ । घरायसी व्यवहारमा अलमलिँदा पछि परिनेछ । छोटो समयमा परिचित साथीप्रति विश्वास गर्दा धोका हुनेछ । खानपानमा समयको फेरबदलले स्वास्थ्य बिगार्न सक्छ ।

### धनु

तपाईंप्रति अरूको मन लोभिनेछ । आफूलाई मन पराएर विवाहको प्रस्ताव आए अभिभावकहरूको निर्णय स्वीकार गर्दा विशेष फाइदा होला । अध्ययनका निम्ति विदेश जाने सोच छ भने अपेक्षा गरेकै नतिजा हात लाग्न केही समय कुर्नुपर्नेछ । साताको अन्त्यमा नशासम्बन्धी समस्याले सताउँदा योग तथा शारीरिक अभ्यास गर्नुहोला ।

### मकर

अभिभावकबाट प्राप्त सुझावले अधुरा कार्य पूरा गर्न सहयोग पुऱ्याउनेछ । असहज परिस्थितिबाट उम्कन प्रेमी-प्रेमिकाले आर्थिक सहयोग गर्नेछन् । आधुनिक उपकरण तथा विलासिताका सामग्री खरिदमा अपेक्षाभन्दा बढी खर्च हुनेछ । अन्योलका बीच पाका व्यक्तिको सुझावले सकरात्मक मार्ग पहिल्याउन सहज बनाउनेछ ।

### कुम्भ

परिस्थिति पहिचान गरी गरिएको कार्यले उचित स्थान पाउनेछ । साथीहरूको भनाइमा भर पर्दा अवसर फुत्कने सम्भावना छ । आर्थिक कारोबारबाट टाढै रहनु उचित हुन्छ । परोपकारी काममा रुचि बढ्नेछ । साताको अन्त्यमा मनोरञ्जनमा सरिक भइनेछ । उपहार लिएर भेट्न आउनेहरूसँग सचेत रहनुहोला ।

### मीन

बोलीको प्रभावका कारण रोकिएका कार्य पुनः सुचारु हुनेछन् । व्यवसायिक क्षेत्रमा सुधार आउनुका साथै धातुको कारोबारबाट मनग्य लाभ हुने देखिन्छ । अध्ययनको सिलसिलामा विदेश जाने योग छ, प्रयास गरे सफल पनि भइनेछ । टाढाको यात्रा गर्दा महत्वपूर्ण सामग्री छुट्न सक्छ, चनाखो रहनुहोला ।

# पालो विश्वकप क्रिकेटको

इंग्ल्यान्ड र दक्षिण अफ्रिकाको खेलसँगै विहिबारदेखि सुरु भैसकेको छ- सन् २०१९ को वान डे विश्वकप। नेपालसँगै दक्षिण एसियाको सर्वाधिक लोकप्रिय खेल क्रिकेटको यो विश्वकप जुलाइ १४ सम्म चल्नेछ र तय छ, अब सबै जना यसमै झुम्मिनेछन्। इंग्ल्यान्ड र वेल्सले आयोजना गर्न लागेको यो विश्वकपसँगै वान डे क्रिकेटको सर्वोच्च प्रतियोगिता फेरि एकपटक यो खेलको जन्मभूमिमा फर्किएको छ।

यो प्रतियोगिता फाइनल लन्डनको प्रसिद्ध मैदान ओभलमा हुनेछ। इंग्ल्यान्डमा वान डे विश्वकप हुन लागेको यो पाँचौं अवसर हो। यसपटकको विश्वकपसमेत यसका १२ संस्करणमध्ये यसअघि सन् १९७५, १९७९, १९८३ १९९९ मा पनि इंग्ल्यान्डमै विश्वकप आयोजित गरिएको थियो। सुरुआती तीन संस्करणको विश्वकप आयोजना गरेर इंग्ल्यान्डले नै यसको आधार तयार पारेको थियो र फेरि एकपटक यो प्रतियोगिता इंग्ल्यान्डमा फर्किएको छ।

यसपटकको विश्वकपमा सहभागी संख्या जम्मा १० छ र यही कारणले यो विश्वकपको आचोचना भैरहेको छ। बढी देशलाई खेलाउँदा विश्वकपको स्तर घट्ने डरले अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले यसपटकको विश्वकपलाई १० टिममा सीमित गरेको हो। आईसीसीको यो तर्कमा धेरै जना सहमत भने छैनन्। यसपटक मात्र होइन, अबको चार वर्षपछि हुने विश्वकप पनि १० टिमका बीच मात्र हुनेछ।





आईसीसीको यही निर्णयका कारण यसपटकको विश्वकपमा कुनै पनि एसोसियट टिम सहभागी हुनेछैनन्। त्यति मात्र होइन, टेस्ट खेल्ने १० टिम भैसकेको स्थितिमा यो नै त्यस्तो पहिलो विश्वकप हुनेछ, जसमा सबै टेस्ट खेल्ने देशको सहभागिता हुनेछैन्। जिम्बावे र आयरल्यान्ड यसपटकको विश्वकपमा अनुपस्थित हुने दुई दुर्भाग्यशाली टेस्ट टिम हुनेछन्। क्रिकेटको विश्वकप झन्-झन् खुम्चिदै गएको हुनाले यसको आलोचना गर्ने पनि धेरै भएका हुन्।

सन् २०११ र २०१५ को विश्वकपमा १४ टिम सहभागी थिए। यसपटकको विश्वकपका लागि छनौट चरण नै नभएको भने होइन। सन् २०१७ को सेप्टेम्बरको वरीयतामा शीर्ष ७ मा रहने टिमले विश्वकपमा स्वत: प्रवेश पाए। थप दुई स्थानका लागि भने विश्व छनौट भएको थियो। छनौटको फाइनलमा अफगास्तिानले वेस्ट इन्डिजलाई हराएको थियो। यद्यपि दुवै टिम छनौट हुन सफल भए। सन् १९८३ यता पहिलो पटक जिम्बावे विश्वकप खेल्नबाट वञ्चित भयो।

प्रतियोगितामा सुरुमा लिग चरणका खेल हुनेछन् र सहभागी १० टिमले एक अर्काविरुद्ध एक-एकपटक खेल्नेछन्। यसरी लिग चरणमा ४५ खेल हुनेछन् र प्रत्येक टिमले यो चरणमा ९ खेल खेल्नेछन्। शीर्ष चारमा रहेका टिममध्ये पहिलो र चौथो स्थानमा रहनेबीच पहिलो सेमिफाइनल हुनेछ। यस्तै दोस्रो र तेस्रो स्थानमा आउने टिमबीच दोस्रो सेमिफाइनल हुनेछ। यी खेलमा विजयी टिमबीच निर्णय हुनेछ, यसपटकको विश्वकप विजेता।

प्रतियोगिताको कुल पुरस्कार राशि छ, एक करोड डलर। यो क्रिकेट विश्वकपमा अहिलेसम्मकै सर्वाधिक पुरस्कार राशि हो। यसमध्ये विजेताको हातमा पर्नेछ- ४० लाख डलर। उप विजेताले भने २० लाख डलरमै चित्त बुझाउनेछ। सेमिफाइनल पुग्ने दुई टिमको भागमा आठ-आठ लाख डलर हुनेछ। लिग चरणमा प्रत्येक जितले दिलाउनेछ, ४० हजार डलर। सेमिफाइनल पुग्न असफल छ टिमले भने एक-एक लाख डलर प्राप्त गर्नेछन्।

# विश्वकपका आकर्षक मैदानहरू

**विश्वकप क्रिकेट-२०१९ का लागि १० सहरका ११ मैदान प्रयोगमा आउनेछन् र ती सबै मैदान आफैंमा समृद्ध इतिहास बोकेका मैदान हुन्। क्रिकेटको जन्मथलो इंग्ल्यान्ड र वेल्सका यी मैदानमा खेलको वैभव देख्न पाइन्छ। यी सबै ११ खेल मैदान आफैंमा उत्तिकै आकर्षित पनि छन्। यीमध्ये आठ मैदान सय वर्षअघि नै निर्माण भएका हुनाले पनि तिनको लामो इतिहास छ।**



### लर्डस

विश्व क्रिकेटमा यत्तिको चर्चित रंगशाला अरू कुनै छैन। लन्डनस्थित लर्डसलाई क्रिकेटको मक्का पनि भनिन्छ। कुनै पनि खेलाडीका लागि लर्डसमा खेल्नु सपना जस्तै हुन्छ। मिडलसेक्सको घरेलु मैदान लर्डस सन् १८१४ मा निर्माण भएको थियो र अहिले यसको दर्शक क्षमता २८ हजार छ। यसपटकको विश्वकपका ५ खेल लर्डसमा हुनेछन् र भनिरहनु पर्दैन, त्यसमा फाइनल पनि पर्छ। त्यो लर्डसमा हुने विश्वकपको पाँचौं फाइनल हुनेछ।

### ओभल

लर्डसपछि यो दोस्रो ठूलो क्रिकेट मैदान हो- ओभल। लन्डनकै यो मैदानको निर्माण सन् १८४५ मा भएको थियो र यो सरेको घरेलु मैदान हो। टेस्ट क्रिकेटका लागि प्रयोग हुँदै आएको यो मैदानको दर्शक क्षमता २५ हजार ५ सय छ। यसपटक यहाँ ५ खेल हुनेछन्।

### एजबास्टन

बर्मिङघम सहरस्थित एजबास्टन मैदानको निर्माण सन् १८८२ मा भएको थियो। वारविकसायरको यो घरेलु मैदानको दर्शक क्षमता २५ हजार छ र यहाँ एउटा सेमिफाइनलसहित पाँच खेल हुनेछन्। यो टेस्ट क्रिकेटका लागि पारम्परिक रूपमा प्रयोग हुँदै आएको मैदान हो।

### ब्रिस्टल काउन्टी ग्राउन्ड

कुल १७ हजार ५ सय दर्शक क्षमताको ब्रिस्टल काउन्टी ग्राउन्डमा यसपटक तीन खेल हुनेछन्। सन् १८८९ मा बनेको यो मैदान ग्लासेस्टरसायरको घरेलु मैदान हो। ब्रिस्टलको यो मैदान इंग्ल्यान्डका प्रसिद्ध पुराना खेलाडी डब्लू जी ग्रेसको नामसँग जोडिन्छ।

### रिभरसाइड ग्राउन्ड

विश्वकपका लागि प्रयोग हुने मैदानमध्ये सबैभन्दा नयाँमा पर्छ- रिभरसाइड ग्राउन्ड। यहाँ तीन खेल हुनेछन् र यसको दर्शक क्षमता २० हजार छ। चेस्टर ली स्ट्रिटमा अवस्थित यो मैदान डरहमले प्रयोग गर्दै आएको छ।

### हेडिङ्ली

टेस्ट क्रिकेटका लागि प्रख्यात अर्को मैदान हो- हेडिङ्ली। सन् १८९० मा बनेको यो मैदानको दर्शक क्षमता १८ हजार ३ सय ५० छ र यहाँ चार खेल हुनेछन्। योर्कसायरको यो घरेलु मैदान लिड्समा छ।

### ओल्ड ट्रायफोर्ड

म्यानचेस्टरको प्रसिद्ध मैदान हो- ओल्ड ट्रायफोर्ड। सन् १८५७ मा बनेको यो मैदानमा पनि टेस्ट क्रिकेट हुन्छ। सेमिफाइनलसहित कुल ६ खेल हुने यो मैदानको दर्शक क्षमता २६ हजार छ। यो ल्यान्कसायरको घरेलु मैदान हो।

### ट्रेन्ट ब्रिज

लर्डसको दोस्रो पुरानो मैदान ट्रेन्ट ब्रिज पनि पारम्परिक रूपमा टेस्ट क्रिकेटका लागि प्रयोग हुने गरेको छ। नटिंघममा सन् १८४१ मा बनेको यो मैदानको दर्शक क्षमता १७ हजार ५ सय छ। नटिंघमसायरको यो घरेलु मैदानमा ५ खेल हुनेछन्।

### रोज बाउल

सन् २००१ मा मात्र बनेको हो- रोज बाउल। कुल २५ हजार दर्शक क्षमताको यो मैदानमा ५ खेल हुनेछन्। विश्वकप क्रिकेटका लागि पहिलो पटक यो मैदान प्रयोगमा आउँदैछ। साउथह्याम्टनस्थित रोज बाउललाई ह्याम्पसायरले घरेलु मैदान बनाएको छ।

### काउन्टी ग्राउन्ड

काउन्टी ग्राउन्डको निर्माण सन् १८८२ मा भएको थियो र यसको दर्शक क्षमता १२ हजार ५ सय छ। कुल तीन खेल हुने यो मैदान समरसेटको घरेलु मैदान हो।

### सोफिया गार्डेन्स

सोफिया गार्डेन्स कार्डिफमा छ र यो ग्लामोरगनको घरेलु मैदान हो। यो मैदानको अर्को नाम कार्डिफ वेल्स स्टेडियम पनि हो। यसको दर्शक क्षमता १५ हजार ६ सय ४३ छ र यहाँ ४ खेल हुनेछन्।

# एसियाली देशको चुनौती



विश्व क्रिकेटमा अधिकांश समय कुनै एउटा क्षेत्रको दबदबा हुन्छ भने त्यो एसियाकै हो, अझ भनौं दक्षिण एसियाकै । यो क्षेत्रबाट तीन टिम विश्वकप विजेता भैसकेका छन्, भारत, पाकिस्तान र श्रीलंका । यसमध्ये भारत त दुई पटकको पूर्व विजेता हो । यसपटकको विश्वकपमा चुनौती पेस गर्नमा बंगलादेश र अफगानिस्ता पनि छन् । यस्तोमा वान डे विश्वकप खेल्ने १० टिममध्ये आधा त यही क्षेत्रमा छन्, जहाँ क्रिकेट भन्नु धर्मसरह नै हो ।

यो क्षेत्रबाट पेस हुने चुनौतीमध्ये सबैभन्दा बलियो हुनेछ- भारत । भारत एक प्रकारले उपाधिको सबैभन्दा बलियो दावेदार हो, आयोजक इंग्ल्यान्ड र डिफेन्डिङ च्याम्पियन अस्ट्रेलियासँगै । भारतसँग विश्व क्रिकेटका सबैभन्दा ठूला स्टार विराट कोहली छन् र भारत नै क्रिकेटको त्यस्तो एक मात्र देश हो, जसलाई विश्व क्रिकेटको महाशक्ति मान्न सकिन्छ । सन् १९८३ र २०११ को विश्वकप विजेता भारत वान डे वरीयतामा इंग्ल्यान्डपछि दोस्रो स्थानमा छ ।

भारतको खेल धेरै हदसम्म कोहलीमै निर्भर हुनेछ । उनी टेस्ट मात्र होइन, वान डेमा पनि नम्बर एक ब्याट्सम्यान हुन् र उनी एक्लैले खेल आफ्नो पक्षमा मोड्न सक्छन् । जसप्रित बुमराह वान डेकै शीर्ष बलर हुन् । उनलाई बलिङ आक्रमणमा साथ दिने मोहम्मद सामी, भुवनेश्वर कुमार र हार्दिक पान्ड्या हुनेछन् । यस्तै स्पिन आक्रमणको जिम्मेवारी कुलदीप यादवको काँधमा हुनेछ ।

भारत पछि एसियाको अर्को बलियो टिम हो- पाकिस्तान । पाकिस्तानी क्रिकेट भनै अहिले लयमा छैन, तर यो यस्तो टिम हो, जसले कुन बेला कस्तो प्रदर्शन गर्ने हो, कसैलाई थाहा हुँदैन । यसपटक पाकिस्तानी टिम पूर्णतः नयाँ खेलाडीमा निर्भर हुनेछ र उनीहरू खुबै प्रतिभाशाली समेत छन् । सन् १९९२ मा पाकिस्तानले इमरान खानको नेतृत्वमा विश्वकप जितेको थियो र त्यति बेला पनि टिमको स्थिति विश्वकप अघि अहिले जस्तै कमजोर थियो, तर त्यही टिमले उपाधि चुम्यो ।

पाकिस्तानी टिमका खेलाडीको औसत आयु नै १७ वर्षको हाराहारीमा छ, त्यसैले टिममा अनुभवको कमी छ । सम्भवतः टिमका प्रमुख खेलाडी हुनेछन्, २० वर्षीय लेग स्पिनर सादब खान । पाकिस्तानले भर्खरै मात्र इंग्ल्यान्डविरुद्ध पाँच खेलको वान डे सिरिज ४-० ले गुमाएको छ । त्यसैले टिम सुरुमा खेलाडीमा आत्मविश्वास फर्काउने अभियानमा हुनेछ । प्रशिक्षक माइकी अर्थर भन्छन्- पाकिस्तानी टिमले ठीक समयमा लय समात्नेछ ।

श्रीलंकाले प्रतियोगिताबाट ठूलो उपलब्धीको आश राख्नेछैन, किनभने टिम आफै लयमा छैन र अधिकांश खेलाडी कम अनुभवी तथा नयाँ छन् । श्रीलंकाले खेलेका पछिल्ला नौ खेलमध्ये आठमा पराजय भोगेको छ । सन् १९९६ को विश्वकप विजेता श्रीलंकाका कप्तान दिमुथ करुनारत्नेले समेत ५० वटा वान डे खेलेका छैनन । सन् २०१७ यता टेस्मा राम्रो गरेपनि श्रीलंका वान डेमा कमजोर छ र यसबीच टिमले छ जना कप्तान देखिसकेको छ ।

टिमका सर्वाधिक अनुभवी र प्रमुख खेलाडी फास्ट बलर लसिथ मलिंगा हुनेछन् र उनले नै टिमको बलिङ आक्रमणको नेतृत्व गर्नेछन् । श्रीलंकाको ठीक विपरित उत्साहजनक स्थितिमा छ- बंगलादेशी टिम । च्याम्पियन्स ट्रफिमा सेमिफाइनल प्रवेश गरेको बंगलादेश यसपटकको विश्वकपमा पनि त्यस्तै अन्तिम चारको यात्राका लागि प्रयासरत हुनेछ । बंगलादेशले च्याम्पियन्स ट्रफिको सफलता पनि बेलायती भूमिमै प्राप्त गरेको हुनाले पनि टिम बलियो देखिएको हो ।

मुसरफ मुर्तजाको बंगलादेशी टिमले ठूला भनिने टिमविरुद्ध राम्रो खेल्न सक्छौं भनेर प्रमाणित गरिसकेको छ । सन् २०१५ को विश्वकपमा पनि बंगलादेश क्वाटरफाइनलसम्म पुगेको थियो । बंगलादेशको प्रदर्शन भने धेरै हदसम्म कप्तान मुसरफसँगै साकिब अल हसन, तमिम इकबाल तथा मुसफकिर रहिमको प्रदर्शनमा निर्भर हुनेछ । कप्तान मुसरफले भनेका छन्- ‘सेमिफाइनल पुग्न सजिलो हुनेछैन, तर यो हाम्रा लागि असम्भव पनि होइन ।’

एसियाको पाँचौं र नयाँ प्रतिनिधि हो- अफगानिस्तान । पछिल्ला केही खेलमा अफगानिस्तानले केही राम्रो गरे पनि यसपटकको विश्वकपमा उसले उथलपुथलपूर्ण खेल प्रदर्शन गर्ने आशा भने गर्न सकिँदैन । टिमले विश्वकप सुरु हुनुअघि मात्र नयाँ कप्तान पाएको छ, कम अनुभवी-गुलबदि नइबका रूपमा । त्यसका लागि नियमित कप्तान असगर अफगानलाई बर्खास्त गरिएको थियो । यो कामले अफगान क्रिकेट विवादमा पनि फस्यो, तर नइब भन्छन्- अफगानिस्तानसँग सबै टिमविरुद्ध प्रतिस्पर्धात्मक चुनौती प्रस्तुत गर्ने क्षमता छ ।

## इंग्ल्यान्ड र अस्ट्रेलिया बलियो



एसियाका पाँच टिमविरुद्ध उत्तिकै बलियो चुनौती पेस गर्ने बाँकी पाँच टिममध्ये सबैभन्दा अगाडि छन्- इंग्ल्यान्ड र अस्ट्रेलिया । यसको कारण पनि स्पष्ट छ, इंग्ल्यान्ड प्रतियोगिताको आयोजक हो र उसलाई आफ्नै घरमा खेल्ने अवसर छ । अर्कातर्फ अस्ट्रेलिया प्रतियोगिताको डिफेन्डिङ च्याम्पियन हो र विश्वकप इतिहासमै लगातार उत्कृष्ट प्रदर्शन गरेको कुनै एक टिम छ भने त्यो अस्ट्रेलिया नै हो । इंग्ल्यान्ड र अस्ट्रेलिया दुवै भारतसँगै प्रतियोगिताका प्रमुख दावेदार हुन् ।

विश्वकपको ४४ वर्षको इतिहासमा इंग्ल्यान्डले अहिलेसम्म उपाधि जित्न सकेको छैन, तर यसपटक जस्तो उपाधि जित्ने अवसर फेरि बन्न सक्नेछैन । कप्तान इयोन मोगनको नेतृत्वमा टिममा स्टार खेलाडीको कुनै कमी छैन । विशेषतः इंग्ल्यान्डको ब्याटिङ खुबै बलियो छ र टिममा जस बटलर, बेन स्टोक्स जस्ता खेलाडी छन्, जसले खुलेर आक्रामक खेल खेल्न सक्छन् ।

इंग्ल्यान्डका लागि भर्खर मात्र टिममा खेल्न योग्य भएका जोफ्रा आर्चर प्रमुख खेलाडी हुन सक्छन् । बारबाडोजमा जन्मिएका यी बलरलाई क्रिस वक्स र लेग स्पिनर अदिल रसिदले बलियो साथ दिनेछन् ।पछिल्लो समय अस्ट्रेलियाले पनि राम्रो गर्न सकेको छैन, वान डे क्रिकेटमा । यद्यपि टिममा दुई अनुभवी र दमदार खेलाडी स्टिभ स्मिथ तथा डेविड वार्नरको आगमनले उत्साह थपेको छ । कप्तान आरोन फिन्च पनि मान्छन्, यी दुई खेलाडी एक वर्षको प्रतिबन्धपछि टिममा फर्किएका छन् र तिनले अस्ट्रेलियालाई सफलतासम्म पुऱ्याउनेछन् । अस्ट्रेलियाले पछिल्लो विश्वकपको फाइनलमा न्युजिल्यान्डलाई सजिलै हराएको थियो र यसैक्रममा बनेको थियो, विश्वकपको सर्वाधिक सफल टिम ।


अस्ट्रेलियाले पछिल्ला ११ विश्वकपमध्ये पाँच पटक उपाधि जितेको छ भने दुई पटक उप विजेता भएको छ । अस्ट्रेलियाली क्रिकेटको विशेषता नै हो, ठूलो प्रतियोगिता र ठूलो अवसरमा राम्रो खेल्ने । प्रशिक्षक जस्टिन ल्यान्गर भन्छन्- अस्ट्रेलियालाई कमजोर मान्नु अरू टिमको भुल हुनेछ । पछिल्लो विश्वकपमा उप विजेतामै सीमित न्युजिल्यान्ड पनि यसपटक पहिलेको तुलनामा राम्रो प्रदर्शन गर्न आत्मविश्वासी छ । यसअघिका छवटा विश्वकपमा न्युजिल्यान्ड सेमिफाइनलमै रोकिएको थियो ।

न्युजिल्यान्डले यो क्रम चार वर्ष अघि तोडेको थियो । केन विलियम्स कप्तान मात्र होइनन, टिमकै प्रमुख खेलाडी हुन् । टिमको ब्याटिङ क्रम पनि निकै बलियो छ ।



## वर्ल्ड कप क्रिकेटमा प्रयोग हुँदैछन् यस्ता प्रविधि

वर्ल्ड कप क्रिकेटमा अहिले विभिन्न प्रविधि प्रयोग गर्न थालिएको छ । क्रिकेट मैदानमा कुनै गल्ती भयो वा गलत फैसला भयो भने खेलाडीलाई मात्र असर पुग्दैन, रेफ्रीमाथि समेत प्रश्नचिन्ह खडा हुन्छ । यही कुरालाई मनन गरी विभिन्न प्रविधि प्रयोग गरिन्छ । यसपटक वर्ल्डकप क्रिकेटमा रेफ्रीको सहयोगका लागि प्रयोग गरिने प्रविधि यस्ता छन् :




### हक आई
कुनै ब्याटम्यान एलबीडब्ल्यु भएको छ वा बल कुन दिशामा गैरहेको छ भन्ने कुरा थाहा पाउन हक आईको प्रयोग गरिन्छ । यसमा ६ वटा क्यामेरा प्रयोग हुन्छ र यसले बलरको हातबाट क्रिकेट बल छुटेदेखि ब्याटम्यानसम्म पुग्दाको सबै गतिविधि रेकर्ड गर्छ । खेलभन्दा पहिले नै उक्त प्रविधिका लागि अलग-अलग दूरी र उचाइमा क्यामेरा राखेर कम्प्युटरको सहयोगले म्याप तयार गरिन्छ । यसको सहयोगमा टीभी अम्पायरले सही निर्णय दिन सक्छन् ।

### स्निकोमिटर
स्निकोमिटरले ब्याटम्यान र स्टम्पको आसपासको क्षेत्रलाई कभर गर्छ । यो प्रविधिको प्रयोग एलबीडब्ल्यु क्याच वा क्लिन बोल्ड जाँच गर्न गरिन्छ । यसलाई आवाजमा थोरै परिवर्तन आउँदा पनि पहिचान गर्ने गरी प्रोग्रामिङ गरिन्छ । यसबाट ब्याटले बललाई छोए-नछोएको पत्ता लगाउन सकिन्छ । स्निकोमिटरमा एउटा माइक्रोफोन समेत राखिएको हुन्छ ।

### जिङ विकेट
टेस्ट क्रिकेटबाहेक अन्य सबै फर्म्याटमा जिङ विकेट प्रयोग हुन थालेको छ । यसमा स्टम्प र माथि राखिने लट्ठी एलईडीयुक्त हुन्छ । यसमा बल टकराउँदा एलईडी बल्छन् । यो प्रविधि अस्ट्रेलियाका मेकानिकल डिजाइनर ब्रोन्टे एकक्यारम्यानले तयार गरेका हुन् । स्टम्पमा माइक्रोप्रोसेसर र कम भोल्टेजयुक्त ब्याट्री राखिएको हुन्छ ।

### स्पाइडर क्याम
म्याच प्रारम्भ हुनुभन्दा पहिले नै क्रिकेट स्टेडियमको एक छेउदेखि अर्को छेउसम्म बलियो स्टिलको डोरी बाँधिन्छ । उक्त डोरीमा स्पाइडर क्याम राखिन्छ । रिमोटको सहयोगले सञ्चालन हुने यो क्यामेरामा स्टेडियममा भएका सबै गतिविधि कैद भैरहेको हुन्छ । रेफ्रीको सहयोग वा प्रसारणको लागि यी क्यामेरा प्रयोग गरिन्छ ।

### सुपर स्लो मोसन
सुपर स्लो मोसन क्यामेराको प्रयोग रन आउट, क्याच, स्टपिङ आदि हेर्न प्रयोग गरिन्छ । यो क्यामेराले एक सेकेन्डमा करिब ५ तस्विर रेकर्ड गर्न सक्छ ।

### डीआरएस
डिसिजन रिभ्यु सिस्टम अर्थात् डीआरएसको सहयोगले रेफ्रीले विभिन्न निर्णय लिन सक्छन् । फिल्डमा खटिएका रेफ्रीले अन्य रेफ्रीको सहयोग लिएर निर्णय गर्छन् ।

# हेर्न लायक ६ खेलाडी



**जसप्रित बुमराह,** भारत
जुन टिमले भारतको सामना गर्नेछ र त्यसका लागि ब्याटिङ गर्दा सबैभन्दा ठूलो समस्या हुनेछन्, जसप्रित बुमराह । यी फास्ट बलर आफ्नो अनौठो बलिङ शैलीका लागि प्रसिद्ध छन् र उनको मुख्य अस्त्र हो- योर्कर । आईपीएलबाट विश्व क्रिकेटमा कहलिएका २५ वर्षीय बुमराह भारतका पुराना प्रशिक्षक जोन राइटकी खोजी हुन् । उनको सटिक बलिङ आक्रमणका अगाडि विपक्षी ब्याट्सम्यानलाई रन बनाउन मात्र होइन, विकेट जोगाउन पनि गाह्रो हुन्छ ।




**केन विलियम्स,** न्युजिल्यान्ड
केन विलियम्सलाई न्युजिल्यान्ड क्रिकेटले पाएको सबैभन्दा प्रतिभाशाली ब्याट्सम्यानका रूपमा लिइन्छ । उनी आक्रामक त छन् नै, उनको ब्याटिङ पनि उत्तिकै सटिक र जिम्मेवारीपूर्ण हुन्छ । केनलाई मार्टिन को भन्दा पनि राम्रा ब्याट्सम्यानका रूपमा लिइन्छ । टेस्ट क्रिकेटमा पनि उनी भारतका विराट कोहली भन्दा ठीक पछाडि मात्र छन्, बढी रन बनाउनेमा । वान डे क्रिकेटमा पनि उनी उत्तिकै उपयोगी ब्याट्सम्यान हुन् ।

**जस बटलर,** इंग्ल्यान्ड
सेतो बलमा खेलिने क्रिकेटमा सबैभन्दा आक्रामक ब्याट्सम्यान हुन्- इंग्ल्यान्डका जस बटलर । उनको स्ट्राइक रेट १ सय २० को हाराहारीमा हुन्छ । उनको स्ट्राइक रेट मात्र पनि राम्रो होइन, उनी औसत एक इनिङ्समा ४० को औसतले रन बनाउँछन् । बटलरले १ सय ८ इनिङ्स खेल्दा १ सय १७ छक्का प्रहार गरिरसकेका छन् । नयाँ पुस्ताका यी क्रिकेटरकै कारण इंग्ल्यान्ड वान डे क्रिकेटमा सबैभन्दा सफल टिम सावित भएको छ ।





**रसिद खान,** अफगानिस्तान
अफगानिस्तानले विश्व क्रिकेटमा पाएको अविश्वसनीय सफलताका पछाडि कसैको सबैभन्दा ठूलो हात छ भने त्यो लेग स्पिनर रसिद खानकै छ । एसोसियट देशबाट उक्लिएर माथि पुगेको टिमका लागि उनी विश्वस्तरीय खेलाडी सावित भएका छन् । ट्वान्टी-२० क्रिकेटमा नम्बर एक बलर भैसकेको पृष्ठभूमिले पनि उनी कति राम्रा खेलाडी हुन् भन्ने कुरा प्रष्ट हुन्छ । आईपीएलका यी स्टार खेलाडी वान डे क्रिकेटमा पनि उत्तिकै प्रभावशाली छन् र उनले अफगानिस्तानका लागि यसपटकको विश्वकपमा गतिलो योगदान दिन सक्छन् ।






**कगिसो रबादा,** दक्षिण अफ्रिका
कसिगो रबादा दक्षिण अफ्रिकाले पाएको अहिलेसम्मकै सर्वाधिक उत्कृष्ट फास्ट बलरमध्ये एक हुन् । दक्षिण अफ्रिकाले यसपटकको विश्वकपमा राम्रा गर्नु छ भने रबादाले नै सबैभन्दा पहिले राम्रो गर्नु पर्नेछ । सन् २०१५ मा डेब्यु गरेयता उनी दक्षिण अफ्रिकाका लागि नियमित खेलिरहेका छन् । रवादाले आईपीएलमा पनि उत्तिकै राम्रो प्रदर्शन गरे । अघिल्लो विश्वकपदेखि अहिलेको विश्वकपबीचमा सबैभन्दा बढी वान डे विकेट लिने खेलाडी रबादा नै हुन् ।

# इतिहासकै उत्कृष्ट ५ खेल







यसपटकको विश्वकप क्रिकेट- २०१९ वान डे विश्वकपको १२ औं संस्करण हो । यसअघिका ११ संस्करणका विश्वकपमा धेरै सम्झनालायक खेल भएका छन् । यस्ता खेलमध्ये ५ यस्ता प्रतिस्पर्धा छन्, जसलाई प्रायः दोहोऱ्याएर सम्झिइन्छ ।

**न्युजिल्यान्डविरुद्ध दक्षिण अफ्रिका-२०१५**
सन् २०१५ को विश्वकप सेमिफाइनलका रूपमा खेलिएको यो खेलमा कुनै समय न्युजिल्यान्ड बलियो देखियो भने कुनै समय दक्षिण अफ्रिका । न्युजिल्यान्डले जितका लागि ४३ ओभरमा २ सय ९८ रनको लक्ष्य पाएकोमा टिम एक समय ४ विकेट गुमाएर १ सय ४९ रनको खराब स्थितिमा थियो । त्यसपछि एडेन पार्कमा ग्रान्ड इलियटले गज्जब खेले । अन्तिम २ बलमा ५ रन चाहिएका बेला उनले छक्का प्रहार गरे र न्युजिल्यान्डलाई पहिलो पटक फाइनलमा प्रवेश गराए ।

**पाकिस्तानविरुद्ध इंग्ल्यान्ड-१९९२**
सन् १९९२ को विश्वकप फाइनलमा पनि सबै खाले रोमाञ्चकता थिए । यद्यपि अन्त्यमा भाग्य पाकिस्तानको पक्षमा रह्यो र इमरान खानको टिमले पहिलो पटक विश्वकप जित्यो । इमरान र जावेद मियादादको अर्धशतकको मद्दतले पाकिस्तानले ६ विकेटमा २ सय ४९ रन बनायो । मेलबर्न क्रिकेट मैदानमा भएको उक्त खेलका नायक रहे- बलर वासिम अक्रम । उनको धारिलो बलिङसामु इंग्ल्यान्डले दबाब सहन सकेन र टिम धरासायी भयो ।

**भारतविरुद्ध जिम्बावे-१९८३**
कपिल देवको खेलका रूपमा सम्झिइन्छ, यो खेललाई । कपिल देव उक्त खेलमा १ सय ७५ रन बनाउँदै नटआउट रहे । यसको भिडियो रेकर्ड भनेछैन, किनभने यो खेलका बेला बीबीसीका कर्माचारीहरू हड्तालमा थिए । जिम्बावे पहिलो पटक विश्वकप खेलिरहेको थियो र त्यही टिमविरुद्ध भारत एक समय १७ रनमा ५ विकेट गुमाएको स्थितिमा थियो । त्यसयता कपिलदेवले उत्कृष्ट इनिङ्स खेले र आफ्नो टिमलाई जित दिलाए । पछि भारतले नै उक्त विश्वकप जित्यो ।

**अस्ट्रेलियाविरुद्ध दक्षिण अफ्रिका- १९९९**
क्रिकेटलाई अनिश्चितताको खेल भनिएको यस्तै प्रतिस्पर्धाले गर्दा हो । सन् १९९९ को विश्वकपको फाइनलमा पुग्न दक्षिण अफ्रिकालाई अन्तिम ओभरमा नौ रन चाहिएको थियो । प्रतियागिताकै उत्कृष्ट खेलाडी घोषित लान्स क्लुसनरले सुरुआती दुई बलमा चौका प्रहार गरेर खेल लगभग आफ्नो पक्षमा पारे । चौथो बलमा एक रन बटुल्ने प्रयासमा अन्ततः रनआउटको स्थिति तयार भयो र अस्ट्रेलिया सनसनीपूर्ण ढंगले फाइनलमा पुग्न सफल भयो ।




**डेविड वार्नर,** अस्ट्रेलिया
एक वर्षको प्रतिबन्धपछि डेविड वार्नर फेरि अस्ट्रेलियाली टिममा फर्किएका छन्, स्टिभ स्मिथसँगै । यो एक वर्षमा अस्ट्रेलियाको खराब प्रदर्शन वार्नर जस्ता खेलाडीकै अनुपस्थितिकै कारण हो । सुरुदेखि नै आक्रामक खेल्ने यी खेलाडीमै भर पर्नेछ, अस्ट्रेलियाको यसपटकको विश्वकप यात्रा । आईपीएलमा पनि उनले उत्तिकै आक्रामक ब्याटिङ गरे । सम्भवतः यी ३२ वर्षीय प्रारम्भिक ब्याट्सम्यान आफ्नो अन्तिम विश्वकप खेलिरहेका छन् र यसमा उनी आफ्नो विशेष छाप छोड्न चाहन्छन् ।

जाँदा-जाँदै

# रिफेसनमा सेन्टिमेन्ट हुन्छ



रेनु श्रेष्ठ, डिजाइनर

पुराना लुगाहरू फ्याल्न वा अरूलाई दिन मन लाग्दैनथ्यो । त्यति बेला उनी ती पहिरन आफूसँग भएका पुतलीलाई लगाइदिन्थिन् । अहिले पनि उनी कक्षा ९ देखिका पहिरनलाई रिफ्रेस गरी लगाइरहेकी छिन् । उनले यसरी पुराना कपडालाई रियुज गर्नुका पछाडि पैसा खर्च गर्ने कन्जुस्याइँभन्दा पनि फास्ट फेसनले वातावरण बिगार्छ भन्ने सोचले काम गरेको छ । उनलाई लाग्छ, यी पुराना पहिरन कहाँ गएर डम्प हुन्छन् ? रेनुले पहिले कुनै पनि पहिरनको रियुज कामकै रूपमा स्थापित हुन्छ भन्ने कल्पनासम्म गरेकी थिइनन् । किनभने हामीले प्रयोग गर्ने सबै कपडा अर्गानिक हुँदैन । विदेशमा ठूला ब्रान्डेड कम्पनीहरूमा रिफ्रेस टर्न डिजाइनर धेरै छन् तर नेपालमा छैनन् । त्यही भएर उनी पाँच वर्षदेखि संलग्न छिन् । त्यति मात्र होइन, हरेक व्यक्तिलाई स्टाइलिङको जानकारी चाहिन्छ भन्ने सोचले उनी आफ्नो युट्युब च्यानलमार्फत स्टाइलिस्टको भूमिकासमेत निर्वाह गरिरहेकी छिन् । विदेशमा रिफेसनको ट्रेन्ड मजबुत छ भने नेपालजस्तो देशमा यसको आवश्यकता अझ बढी छ भन्ने उनको तर्क छ ।

**बुटिक खोलेर बस्ने इच्छा किन भएन ?**

नेपालमा थुप्रै बुटिक तथा डिजाइनरहरू छन् । म पहिलेदेखि मास प्रोडक्सनमा जान चाहन्थें । फास्ट फेसनले वातावरणलाई प्रदूषित गरिरहेको वा बिगारिरहेको छ भन्ने अनुभव हुन्थ्यो । अलि फरक तरिकाले डिजाइनिङमा काम गरौं भनेर यसमा हात हालेकी हुँ ।

**यही करियर हुन सक्छ भन्ने सोच कसरी आयो ?**

यसमा स्थापित हुन सकिएला र ? भन्ने सोच पक्कै थियो । २०११ मा फेसन डिजाइनिङमा ग्राजुएसन सकेर मैले केही समय यसमै रिसर्च गरें । २०१४ मा पुराना कपडा रियुज गरी डिजाइनर वेयरहरू बनाएर पहिले र अहिलेका तस्बिर युट्युबमा राख्न थालें । धेरैले यसमा चासो दिन थाले । त्यसपछि अबचाहिं केही होला भनेर यसमै लागें ।

**रिफेसनको सुरुवातका क्षण सम्झनुपर्दा ?**

मैले चिनेकाहरूलाई तपाईंहरूसंग पुराना सारी छन् भने म लेहेंगा, गाउन आदि बनाइदिन्छु भनेर माग्दै बनाइदिन थालें । उनीहरूले सोचेकै थिएनन, आफ्ना आमाहरूका पुराना सारीबाट पनि यति राम्रा डिजाइनर वेयर बन्न सक्छ भन्ने कुरा । रिफेसनमा मुख्यत: सेन्टीमेन्ट पनि लुकेको अनुभव गरें मैले । आफ्ना बज्यै, आमाहरूको पहिरन नयाँ डिजाइनमा लगाउँदा जो-कसैमा बेग्लै खुसी देख्न पाइन्छ, जसलाई शब्दमा बयान गर्न सकिँदैन ।

**यो काम कति सहज छ ?**

सजिलो ? यो काम त निकै च्यालेन्जिङ छ । नयाँ कपडाको पहिरन बनाउँदा जति सहज हुन्छ, पुरानो कपडावाट अर्कै डिजाइन निकाल्नु धेरै गुणा गाऱ्हो छ । कपडाको क्वालिटी तथा सीमित कपडाको दायरामा बसेर त्यसलाई नयाँ रुप दिनु चानचुने कुरा होइन ।

**रियुजका माध्यमबाट के-के बनाइ सक्नुभयो ?**

सारीबाट लेहेंगा, कुर्ता, गाउन, वानपिस आदि बनाएकी छु । त्यसका अतिरिक्त पाइन्टवाट ड्रेस, स्कर्ट तथा जिन्सहरू मिक्स गरी रक्की पाइन्ट, हाफ पाइन्ट, लंग स्कर्टवाट टिसर्ट, स्कर्ट आदि ।

**फेसन उद्योगमा जम्न सकिन्छ जस्तो लाग्छ ?**

सकिन्छ । कच्चा पदार्थको कमी भए पनि कच्चा पदार्थलाई व्यवस्थित मात्र गर्न सक्ने हो भने फेसन उद्योगमा जम्न गाऱ्हो छैन । पढेर, अध्ययन गरेर यो क्षेत्रमा आएकीले नजम्ने त कुरै भएन ।

**तपाईं त युट्युबमा पनि उतिकै सक्रिय देखिनुहुन्छ ?**

मेरो आफ्नै युट्युब च्यानल छ, जसमा म स्टाइलिङ र रिफेसनसम्बन्धी जानकारीहरू दिन्छु । यो नेपाली भाषामा छ । त्यसमा मैले बडी सेपदेखि कस्तो फिगरले के-के र कसरी लगाउने ? पुराना पहिरनलाई न्यू डिजाइनमा कसरी बनाउने आदि टिप्स दिन्छु । यस्ता भिडियो म हरेक शनिबार अपलोड गर्छु ।

**युट्युबमा कस्ता फ्यान फलोअर्स छन् ?**

धेरै जसो २५ देखि ३० वर्षसम्मका छन् ।

**स्टाइलिङतिर चाहिं कसरी आकर्षित हुनुभयो ?**

नेपालमा स्टाइलिस्टहरूको पनि कमी छ । विदेशतिर हरेक सेलिब्रेटीका आ-आफ्नै स्टाइलिस्ट हुन्छन् तर नेपालमा कसै-कसैले मात्र स्टालिस्ट राख्छन् । रिफेसनमा काम गर्नु नै स्टाइलिस्ट हुन के-के गर्नुपर्छ भन्ने थिमसंग काम गर्नु हो । मैले कान्तिपुर टेलिभिजनमा स्टाइलिस्टका रूपमा काम गर्ने मौका पाएँ । अहिले म कुनै सेलिब्रेटीका लागि भन्दा पनि व्यवसायिक विज्ञापन एवं कार्यक्रमहरूको स्टाइलिङमा ब्यस्त छु ।

सिर्जना दुवाल श्रेष्ठ

# मेटामोरफिस हेयर ब्युटी एन्ड फेसन शो



त्रिपुरेश्वरस्थित कर्मा लाउन्जमा एउटा फरक फेसन शो सम्पन्न भयो । उक्त अवसरमा फेसन डिजाइनर श्रृता श्रेष्ठ, रेनु श्रेष्ठ, जश्मिन श्रेष्ठ तथा सुदेश्ना महर्जनका डिजाइन प्रस्तुत भएका थिए भने ती पहिरन ब्राइड, ग्रुम, साथीहरू र परिवारको थिममा डिजाइन गरिएका थिए । एउटा सिक्वेन्समा दुलाहा र दुलहीको घरमा के-के हुन्छ भन्ने थिममा कन्टेम्प्ररी परफोरमेन्सका साथ मोडलहरू र्‍याम्पमा आएका थिए । त्यस्तै अर्को सिक्वेन्समा पुराना लुगाबाट तयार पारिएको नयाँ डिजाइनका रिफेसन र्‍याम्पमा प्रस्तुत भए भने ह्याण्ड पेन्टिङ गरिएका पहिरन पनि प्रस्तुत गरिए । कुनै पनि उमेर, साइज र लिङ्गमा बार नलगाइएको उक्त फेसन शोमा जम्मा ४० जना मोडल सहभागी थिए । उक्त फेसन शोको मुख्य उदेश्य मोडल मात्र हाइलाइट हुने परिपाटीवाट हटेर मोडललाई पर्दासम्म ल्याउन क-कसको हात हुन्छ सबैलाई र्‍याम्पमा उतार्नु थियो । उक्त फेसन शोको कोरियोग्राफी सुमन खड्काले गरेका थिए भने हेयर स्टाइलिस्ट सन्तोष गुरुङ्गले र्‍याम्पमै लाइभ फायर हेयर ड्रेसिङ गरेका थिए ।




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।